# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क ३३ पूर्णाङ्क ८२ | २०७४ फागुन ७ गते सोमबार | Monday, February 19, 2018 | पृष्ठ ८ | मूल्य रू. १०।-


## क्रान्तिकारी माओवादीमा ध्रुवीकरण

कैलाली । नेकपा (क्रान्तिकरी माओवादी)मा देशैभरी एकता तथा ध्रुवीकरणको लहर चलेको बेला ७ नं. प्रदेशमा पनि एकता तथा ध्रुवीकरण भैरहेको छ । एमाले, माके गठबन्धनले मालेमावादी सिद्धान्तलाई बिर्सेर गलत बाटो समातेको कारण उक्त वामपन्थी धारका क्रान्तिकारीहरू नेकपा (क्रान्तिकारी माओवादी)मा ध्रुवीकरण हुने क्रम बढेको छ । ७ नं. प्रदेशको कैलालीमा ४ फाल्गुनमा एक कार्यक्रमका बिच नेकपा (माओवादी केन्द्र)का केन्द्रीय सदस्य लालकिरण नेकपा (क्रान्तिकारी माओवादी)मा ध्रुवीकृत हुनुभएको छ ।

नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य प्रतीकको प्रमुख आतिथ्यतामा भएको एक कार्यक्रमका बीच माओवादी केन्द्रका केस लालकिरणलाई प्रतीकले अवीर लगाएर क्रान्तिकारी माओवादीमा ध्रुवीकृत गराउनु भयो । कैलालीका सेक्रेटरी रुद्र कँडेल, कैलाली जिल्ला इञ्चार्ज डायमण्ड सहइञ्चार्ज गम्भीरले लालकिरणलाई पार्टीमा स्वागत गर्नुभएको थियो । ...बाँकी ७ पेजमा

## २३औं जनयुद्ध दिवस समारोहमा महासचिव किरणको सम्बोधन

# ‘नयाँ ढंगले बन्दुक उठाउँछौं’




● वर्गदृष्टि संवाददाता

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) र नेपाल कम्युनिष्ट पार्टीले संयुक्त रूपमा आयोजना गरेको जनयुद्धको २३ औं दिवसको ऐतिहासिक समारोहलाई सम्बोधन गर्दै क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य‘किरण’ले मुलुकमा क्रान्ति आवश्यक र सम्भव रहेको भन्दै त्यसका लागि छरिएर रहेका क्रान्तिकारीहरूलाई एकीकृत र ध्रुवीकृत गर्नुपर्ने र नयाँ ढंगले बन्दुक उठाउने उद्घोष गर्नुभएको छ ।

क्रान्तिकारीहरूले एकता र ध्रुवीकरणका लागि जड्ता र अहमता त्याग्न तयार हुनुपर्ने भन्दै महासचिव किरणले विज्ञान र प्रविधिको विकास, विश्व तथा नेपाली कम्युनिष्ट आन्दोलनको इतिहासबाट शिक्षा लिएर छलफल र बहसका बीचबाट राजनीतिक तथा फौजी कार्यदिशाको थप विकास गरी अगाडि बढ्नुपर्ने आवश्यकता औल्याउनु भयो । विज्ञान प्रविधिले विस्थापित गरेका मजदुरहरू सर्वहारावर्गीय क्रान्तिका रिजर्भ सेना भएको बताउँदै महासचिव किरणले विज्ञान प्रविधि मुख्य कुरा नभएर मुख्य कुरा मान्छे भएकोले प्रविधिले मान्छेलाई होइन, मान्छेले प्रविधिलाई चलाउनुपर्ने विचार व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, “क्रान्तिका लागि अब युवाहरू सशक्त रूपमा अगाडि आउनु पर्छ । अब युवाहरू बन्दुक ...बाँकी ८ पेजमा

### २३ औं जनयुद्ध दिवसको अवसरमा क्रान्तिकारी माओवादीद्वारा जारी वक्तव्य

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य‘किरण’ले २३ औं जनयुद्ध दिवसको अवसरमा एक प्रेस वक्तव्य जारी गर्नुभएको छ । वक्तव्यमा ‘मार्क्सवाद-लेनिनवाद-माओवादको पथप्रदर्शनमा पार्टीलाई बलियो बनाउँदै तथा सच्चा क्रान्तिकारी कम्युनिस्टहरूलाई एकताबद्ध तुल्याउने काममा विशेष जोड दिँदै नयाँ जनवादी क्रान्तिको तयारीको दिशामा दृढतापूर्वक अगाडि बढ्नु नै तेइसौं जनयुद्ध दिवस मनाउनुको वास्तविक अर्थ र औचित्य हो’ भनिएको छ ।

**वक्तव्यको पूर्णपाठ यस्तो रहेको छ :**

‘हामी तेइसौं जनयुद्ध दिवस मनाउँदै छौं । नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को नेतृत्वमा तेइस वर्षअघि २०५२ साल फागुन १ गते महान् जनयुद्धको ऐतिहासिक पहल गरिएको थियो । सो जनयुद्ध नेपालमा नयाँ जनवादी राज्यसत्ताको स्थापना गरी समाजवाद हुँदै ...बाँकी ८ पेजमा

## क्रान्तिकारी माओवादी र नेकपाले मनाएको संयुक्त जनयुद्ध दिवस

### जुलुस, दीप प्रज्ज्वलन, कोणसभादेखि कम्ब्याटसहित युवा मार्चपाससम्म

● वर्गदृष्टि संवाददाता

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले देशैभर भव्यरूपमा जनयुद्धको २३ औं दिवस मनाएको छ । केन्द्रीय स्तरमा क्रान्तिकारी माओवादी र नेकपाको संयुक्त आयोजनामा काठमाडौंको भृकुटीमण्डप स्थित राष्ट्रिय सभागृहमा एक भव्य कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रमलाई क्रान्तिकारी माओवादीका महासचिव किरण, नेकपाका नेता सुदर्शन, माओवादी केन्द्रका विद्रोही नेताहरू लोकेन्द्र विष्ट, गोपाल किराती, आहुती लगायतले सम्बोधन गर्नुभएको थियो । नेकपासँग संयुक्त रूपमा जनयुद्ध दिवस मनाउने निर्णय गरेको क्रान्तिकारी माओवादीले कतिपय जिल्लाहरूमा संयुक्त र अधिकांश जिल्लामा एकल रूपमा जनयुद्ध दिवस मनाएको समाचार प्राप्त भएको छ । जिल्ला जिल्लाबाट प्राप्त समाचार अनुसार जुलुसहित कोणसभा, मसाल जुलुस, दीप प्रज्वलनदेखि कम्ब्याटसहित युवा मार्चपाससम्मका कार्यक्रमहरू सम्पन्न गरिएका छन् । हामीलाई प्राप्त ७ वटै प्रदेशका जनयुद्ध दिवस, संगठन विस्तार तथा माओवादी केन्द्र परित्याग गरी क्रान्तिकारी माओवादीमा प्रवेश गरेका समाचारहरूलाई क्रमशः १ देखि ७ सम्म यहाँ प्रस्तुत गरिएको छ ।

**कतै संयुक्त कतै एकल कार्यक्रम**

१ नं प्रदेशको ओखलढुंगा जिल्लाको सदरमुकाममा जनयुद्ध दिवस जुलुसहित कोणसभा भव्य रूपमा सम्पन्न भएको छ । क्रान्तिकारी माओवादी र नेकपाले संयुक्त रूपमा गरेको उक्त कोणसभालाई क्रान्तिकारी माओवादीका केस ...बाँकी ७ पेजमा



## ‘एकता र ध्रुवीकरणले चाँडै फड्को मार्छ’

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) काठमाडौंको ६ नं. इलाकाले २३ औं जनयुद्ध दिवसको सन्दर्भमा शनिबार आयोजना गरेको जनभेटघाट तथा वनभोज कार्यक्रमलाई सम्बोधन गर्दै क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य‘किरण’ले क्रान्तिकारीहरू बीच एकता र ध्रुवीकरणको प्रक्रिया अगाडि बढिरहेको बताउनु भएको छ । चन्द्रागिरी नागार्जुन नगरपालिकाको थानकोटस्थित सहिद स्मारक पार्कमा आयोजना गरेको उक्त कार्यक्रमलाई सम्बोधन गर्दै महासचिव किरणले समसामयिक राजनीतिक परिस्थितिको बारेमा चर्चा गर्दै मुलुकमा विद्यमान राष्ट्रियता, जनतन्त्र र जनजीवीकाका समस्याहरू समाधान दलाल तथा नोकरशाही पुँजीवादमा आधारित संसदीय व्यवस्थाले गर्न नसक्ने हुँदा त्यसका लागि नयाँ जनवादी व्यवस्था अनिवार्य रूपमा स्थापित गरिनुपर्ने आवश्यकता औल्याउनु भयो । छरिएर ...बाँकी ५ पेजमा

## क्रान्तिकारी माओवादी ४ नं. प्रदेशको अभियान डायरी

पोखरा । नेकपा (क्रान्तिकारी माओवादी)को तीन महिने संगठन तथा जनपरिचालन अभियान जारी रहेको छ । पछिल्लो हप्ता क्रान्तिकारी माओवादीले ४ नं. प्रदेशका विभिन्न जिल्लाहरूमा गरिएका विभिन्न गतिविधिहरूका समाचार प्राप्त भएका छन् । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका कार्यालय सदस्य तथा ४ नं. प्रदेश संयोजक समेत रहनु भएका केशबहादुर परियारले पठाएको समाचार अनुसार तयार पारिएको सामग्रीलाई यहाँ प्रस्तुत गरिएको छ ।

पोखरा लेखनाथ नगरस्तरीय देजमोको विशाल भेला सम्पन्न

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल कास्कीको पोखरा लेखनाथ नगरस्तरीय विशाल भेला फाल्गुन ४ गते सम्पन्न भएको छ । हजारौ जनसमुदायको नारा जुलुससहित पोखरा बजार परिक्रमा गरी सभामा परिणत भएको उक्त भेलाले कर्णबहादुर पुनको संयोजकत्वमा ३ जना सदस्य पछि थप गर्ने गरी हाल १४ जनाको पोखरा लेखनाथ नगर सम्मेलन आयोजक समिति गठन गरेको छ ।

नगर सम्मेलन आयोजक समितिको संयोजक कर्ण वहादुर पुन र सदस्यहरूमा राजकुमार सुनार, कुलवहादुर विश्वकर्मा, संजय कार्की, रूपा सुनार, बाबुराम मिजार, मिनवहादुर परियार, टेकलाल विश्वकर्मा, मिरा विश्वकर्मा, ज्योति सुनार, जितवहादुर विश्वकर्मा, सिता नेपाली, सोम परियार, सुजन पाचकोटी रहनु भएको छ ।

नेकपा (क्रान्तिकारी माओवादी)का पोलिटब्यूरो सदस्य ...बाँकी ५ पेजमा

## शोषित उत्पीडित जनताको हित नगर्ने कथित वाम सरकार

नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)को गठबन्धनको नेतृत्व गर्दै एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री हुनु भएको छ । कम्युनिष्ट पार्टी नाम गरेका यी दुईवटा पार्टीको सरकार बनेपछि नेपाली जनतामा ‘नेपालमा अब कम्युनिष्टहरूको सरकार आयो’ ‘अब नेपाली शोषित पीडित जनताको पक्षमा काम हुन्छ’ भन्ने आशा र विश्वास बढेको देखिन्छ । चुनावमा भोट दिंदा पनि नेकाभन्दा कम्युनिष्टहरूले राम्रो काम गर्छन् भनेर नै कम्युनिष्ट समर्थक जनताले भोट दिएका हुन् । तर जनताले जे सोचेका र आज्ञा गरेका छन् त्यो हुँदैन भन्ने कुरा अहिले नै ठोकुवा गरेर भन्न सकिन्छ । राष्ट्रिय स्वाधीनताको पक्षमा पनि केही गर्न सक्दैनन् । किनभने देशमा साँच्चिकै रूपमा कम्युनिष्टहरूको सरकार आउँथ्यो भने यहाँका शोषित उत्पीडित जनताले चाहे जस्तो हुन्थ्यो । तर यहाँ एमाले र माओवादी केन्द्रले आफूलाई कम्युनिष्ट पार्टी भने पनि उनीहरू सच्चा कम्युनिष्ट होइनन् । एमालेले त धेरै पहिलेदेखि नै मार्क्सवाद-लेनिनवादका आधारभूत सिद्धान्तहरूलाई छोडेको हो । माओवादी केन्द्रले पनि शान्तिप्रक्रियामा आएपछि विस्तारै मार्क्सवाद-लेनिनवादका आधारभूत सिद्धान्तलाई छोड्दै गयो र अहिले सिद्धान्तहरूलाई पूरै छोडिसकेको छ । त्यसकारण यी दुवै पार्टीले आफूलाई कम्युनिष्ट पार्टी भने पनि सारमा यिनीहरू कम्युनिष्ट पार्टी होइनन् । त्यसैले कम्युनिष्ट पार्टीले गर्ने काम यिनीहरूले गर्न सक्दैनन् । यिनीहरूले नेपालमा उत्पीडनमा परेका मजदुर, किसानलगायत आम शोषित पीडित जनताको पक्षमा होइन, यहाँका दलाल तथा नोकरशाही पुँजीपति र सामन्तवर्गको पक्षमा नै काम गर्नेछन् । बढीमा यिनीहरूले मध्यम वर्गलाई केही सहयोग गर्लान् ।

> एमालेले त धेरै पहिलेदेखि नै मार्क्सवाद-लेनिनवादका आधारभूत सिद्धान्तहरूलाई छोडेको हो । माओवादी केन्द्रले पनि शान्तिप्रक्रियामा आएपछि विस्तारै मार्क्सवाद-लेनिनवादका आधारभूत सिद्धान्तलाई छोड्दै गयो र अहिले सिद्धान्तहरूलाई पूरै छोडिसकेको छ ।



● रामसिंह श्रीस

कम्युनिष्टको नामबाट बनेको यो सरकारले भविष्यमा नेपाली श्रमिक वर्गको लागि केही गर्न सक्दैन, राष्ट्रिय स्वाधीनताको लागि केही गर्न सक्दैन भनेर जे भनियो, त्यो कुनै पूर्वाग्रहको आधारमा भनिएको होइन । उनीहरूको विगतको व्यवहार र भविष्यमा जे गर्छौं भनेर घोषणा गरेका छन्, त्यसको आधारमा निकालिएको निष्कर्ष हो । जस्तो उनीहरूको विगतको कामलाई हेरौं ! एमाले र माओवादी केन्द्र पहिले पनि सरकारमा गएको पार्टी हो । एमालेको तर्फबाट मनमोहन अधिकारी, माधवकुमार ...बाँकी ७ पेजमा

# सम्पादकीय

## वैचारिक बहसको खाँचो

छरिएर रहेका सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूलाई एकै ठाउँमा ल्याएर क्रान्तिको प्रक्रियालाई अगाडि बढाउने उद्देश्यलाई केन्द्रमा राखेर नेकपा (क्रान्तिकारी माओवादी)ले पहलकदमी लिइरहेको छ । क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण'ले यस दिशामा ऐतिहासिक आवश्यकताको बोध गर्दै इमान्दार प्रयत्न गरिरहनु भएको छ । क्रान्तिको लागि वस्तुगत स्थिति अनकूल भएपनि आत्मगत स्थिति कमजोर भएका कारण क्रान्तिको प्रक्रिया अगाडि बढ्न नसकिरहेको स्थितिमा क्रान्तिकारीहरूबीचको एकता तथा ध्रुवीकरणका लागि भइरहेको यो पहललाई क्रान्तिकारी पंक्ति, जनपंक्ति, जनयुद्धलगायत परिवर्तनको आन्दोलनमा जीवन बलिदान गर्ने सहिद परिवार, वेपत्ता योद्धा परिवार र घाइते योद्धाहरूले सकारात्मक रूपमा मात्रै लिएका छैनन्, चाँडो एकता तथा ध्रुवीकरणका लागि सापेक्षिक रूपमा दबाब पनि दिइरहेका छन् ।

एकता र ध्रुवीकरणको प्रश्न विचार र राजनीतिसँग सम्बन्धित छ । विचार र राजनीति क्रान्तिको आवश्यकतासँग सम्बन्धित छ । विचार र राजनीतिमा एकरूपता कायम नगरी गरिएको एकताको कुनै अर्थ रहन्न । यसर्थ एकता र ध्रुवीकरणको प्रक्रियासँग वैचारिक विमर्शलाई पनि घनिभूत रूपमा अगाडि बढाउन आवश्यक छ ।

क्रान्तिकारी माओवादीले एकता तथा ध्रुवीकरणको नेतृत्व गरिरहँदा उसले एकताको आधार भन्दै मार्क्सवाद-लेनिनवाद-माओवाद, नयाँ जनवाद, वलप्रयोगको सिद्धान्त, वैज्ञानिक समाजवाद तथा साम्यवादलाई स्वीकार्ने, साम्राज्यवाद, विस्तारवाद तथा सबैखाले संशोधनवाद मुख्यतः दक्षिणपन्थी संशोधनवादका विरुद्ध संघर्ष गर्न तयार हुने र वर्तमान प्रतिक्रियावादी राज्यसत्ता, संविधान तथा व्यवस्थाको विरोध गर्ने सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूलाई एकताबद्ध गरी नयाँ ढंगको कम्युनिष्ट पार्टी निर्माण गर्न तयार रहेको कुरा पटक पटक सार्वजनिक गर्दै आएको छ भने अन्य पार्टीहरूले एकताको लागि स्पष्ट रूपमा आफ्नो आधार प्रस्तुत गरेका छैनन् । नेपाल कम्युनिष्ट पार्टीका महासविच नेत्रविक्रम चन्द'विप्लव' हालै आफ्नो प्रकाशन रातोखबर साप्ताहिकलाई दिएको अन्तर्वार्तामा मालेमावाद, सशस्त्र सङ्घर्ष, वैज्ञानिक समाजवाद मान्दै दलाल पुँजीवादी सत्ताकाविरुद्ध लड्ने, नेपाली क्रान्तिको कार्यदिशा 'एकीकृत जनक्रान्ति' लाई मान्ने र यसलाई लागू गर्नेगरी सबैसँग वैचारिक एवम् राजनीतिक सहमति आवश्यक कुरालाई जोड दिनुभएको छ ।

क्रान्तिकारी माओवादीले नयाँ जनवादी क्रान्तिको कुरा गरिरहेको छ भने नेकपाले एकीकृत जनक्रान्तिको कुरा गरेको छ । क्रान्तिकारी माओवादी र नेकपा बीच वैज्ञानिक समाजवाद कि नयाँ जनवाद, एकीकृत जनक्रान्ति कि नयाँ जनवादी क्रान्ति भन्नेमा पर्याप्त बहसको खाँचो देखिएको छ । जनवाद र समाजवाद समाज विकासका फरक फरक सामाजिक चरण हुन् । यसमा समान बुझाइ कायम नगरी एकताको कोर्स तार्किक निष्कर्षमा पुग्ने देखिन्न ।

त्यसैगरी क्रान्तिकारी माओवादीले नेकपा (मसाल)सँग पनि एकताको लागि छलफल चलाइरहेको छ । मसालले नयाँ जनवादी क्रान्तिकै वकालत गरेको भएपनि एमाले र माकेलाई हेर्ने उसको दृष्टिकोण र क्रान्तिकारी माओवादी-नेकपाको दृष्टिकोणमा धेरै फरक देखिएको छ । क्रान्तिकारी माओवादी र नेकपाले प्रतिक्रियावादी तथा दक्षिणपन्थी नवसंशोधनवादी अर्थात् क्रान्तिको दुश्मन करार गरेको एमाले र माओवादी केन्द्रलाई मसालले नयाँ जनवादी क्रान्तिका मित्र शक्तिहरू भएको निष्कर्ष निकालेको छ । हालै सम्पन्न ने.क.पा. (मसाल)को छैठौं राष्ट्रिय भेलाले सो निष्कर्ष निकालेको हो ।

पार्टीका महामन्त्री मोहनविक्रम सिंहले हालै जारी गरिएको विज्ञप्तिमा भनिएको छ, "एमाले र माओवादीहरूले निम्नपूँजीपति वर्गको प्रतिनिधित्व गर्दछन् । त्यसकारण तिनीहरू नयाँ जनवादी क्रान्तिका मित्र शक्तिहरू हुन् ।" मसालको वर्तमान सत्ता, व्यवस्था र संविधानलाई हेर्ने दृष्टिकोण पनि क्रान्तिकारी माओवादी र नेकपाको भन्दा विल्कूल अलग छ ।

नेकपा (ऋषि कट्टेल) भने एकताको आधारको निम्ति क्रान्तिकारी माओवादीले अगाडि सारेका विषयहरूमा सकारात्मक रहँदै आएको छ । त्यसैगरी क्रान्तिकारी ध्रुवीकरणमा आउन चाहेका माओवादी केन्द्रका नेताहरूले पनि वैचारिक विमर्शको माग गरिरहेका छन् र छलफल चलाइ पनि रहेका छन् ।

क्रान्तिकारी माओवादीका महासचिव कमरेड किरणले जनयुद्धको समारोहमा भनेजस्तै क्रान्तिको आवश्यकतालाई केन्द्रमा राखेर सबै क्रान्तिकारी समूह तथा व्यक्तिहरूले जड्ता र अहमताभन्दा माथि उठेर स्वस्थ्य वैचारिक तथा राजनीतिक बहस चलाउन जरुरी छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको सकार र नकार पक्षको विश्लेषण, साम्राज्यवादको विकसित चरित्रले खडा गरेका चुनौती, नेपाली समाजको वर्गविश्लेषणलगायतका विषयमा सघन विमर्श गरी क्रान्तिको कार्यदिशाको विषयमा एउटा सहमतिमा पुग्न जरुरी छ । क्रान्तिकारी माओवादीले हालै सम्पन्न पार्टीको राष्ट्रिय सम्मेलनबाट 'नेपाली समाजको स्वरूप र पार्टीको आम कार्यदिशा' शीर्षकको छुट्टै दस्तावेज नै पारित गरेर नयाँ जनवादी क्रान्ति नै क्रान्तिको आम कार्यदिशा हुने ठहर गरेको छ ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निषक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौं।
www.moolbato.com

# २३औं जनयुद्ध दिवस र शहीद सप्ताहका सन्दर्भमा



● दिनेश शर्मा ●

**१. विषय प्रवेश**

नेपाल प्राकृतिक रूपमा सुन्दर मात्र होइन स्रोत र साधनका दृष्टिले समेत अत्यन्तै महत्वपूर्ण रहँदै आएको छ । जनशक्ति, इमान्दारीता, मेहनत र मनोवलका दृष्टिले समेत अत्यन्तै उच्च रहेको विषय कुनै छिपेको विषय होइन । बरु त्यो इमान्दारीता र उच्च मनोवलका साथ मेहनत केवल अरुका निमित्त खास गरी साम्राज्यवादी, विस्तारवादीहरूका निमित्त खर्चिंदै आउन परेको छ । आफ्नो रगत, पसिना, इमान्दारीता र उच्च मनोवललाई केवल सिमित आय आर्जनका निमित्त आफ्नो जीवनको वलिदान गर्न बाध्य छन् । बरु उनीहरूले पाएको पदवी भनेको लाहुरे र बहादुरको हो ।

स्रोत र साधनका दृष्टिले देश धनी भएर पनि गरिवीको रेखामुनि बाँच्न नेपाली जनता बाध्य छन् । लामो समयसम्म दलाल सामन्ती शासकको हातमा शासन सत्ता कायम हुनु र पछिल्लो समय साम्राज्यवाद मुख्यतः हाम्रो जस्तो देशमा भारतीय विस्तारवादको नाङ्गो हस्तक्षेप हुनु र राज्यसत्ताको बागडोर तिनै विस्तारवादका दलालहरूको हातमा निहित हुनुले नेपाली जनतासँगै सिंगो नेपाली राष्ट्र अत्यन्तै कमजोर मात्र होइन आफ्नो अस्तित्व समाप्त हुने अवस्थामा पुगेको छ ।

यद्यपी यो देशमा दलाल मात्र छैनन् बरु विदेश गएर रगत, पसिना बगाएर बहादुर र कर्मठ व्यक्तिका आफूलाई प्रस्तुत गर्ने मात्र राष्ट्रिय स्वाधीनताको रक्षा, जनजीविका र जनअधिकारका निमित्त बहादुरी लडेर शासकहरूलाई घुँडा टेक्न बाध्य पार्ने वीर योद्धाहरू पनि यो देशले जन्माएको छ । आफ्नो भूमिको रक्षाको खातिर चाहे सीमानामा गएर लड्ने कुरा होस् चाहे सीमा भित्र होस् । सुगौली सन्धी अगाडि भारतको सीमानामा बच्चा पिठ्यूमा बोकेर लडेको इतिहास यतिबेला तिलाठीका जनताले बाँध भत्काउनेदेखि गोविन्द गौतमले छातिमा गोली थाप्ने स्तरसम्म आई पुगेको छ । यो सत्यतालाई सच्चा देशभक्तहरूले आत्मसाथ गर्ने पर्छ । साथै दलाल राज्यसत्ता चाहे त्यो सामन्तवादी होस् चाहे त्यो संसदवादी होस् त्यसका विरुद्ध वीरतापूर्वक लडेको इतिहास पनि अर्को वास्तविकता हो । २००७ सालदेखि ०६२-०६३ सालसम्मका जनसंघर्ष, २०२८ सालको झापा आन्दोलनदेखि दशवर्षे जनयुद्ध मुख्यतः दश वर्षको जनयुद्ध नेपाली क्रान्तिको मुख्य कडी हो । त्याग, वीरता र वलिदानका दृष्टिले नेपालमा मात्र होइन विश्वका उत्पीडित जनताका निमित्त समेत प्रेरणाको विषय हो । वर्ग दुश्मनले अथवा जनविरोधी र देश प्रति कति पनि माया नभएका शासकहरूले देशभक्त, परिवर्तनकारी शक्तिलाई कमजोर बनाउन र अझ उनीहरूको अस्तित्वलाई समाप्त पार्न लाग्नु त स्वाभाविक छँदै छ । किनकी वर्गीय समाजमा हुन्छ नै । तर त्यो भन्दा खतरनाक पक्षत यो हो की कथित कम्युनिस्टको खोल ओढेर वास्तविकतालाई बंग्याउने सुधारवादी, संशोधनवादी तथा अवसरवादी चरित्र बोकेका पार्टी तथा व्यक्तिहरू वास्तवमा अत्यन्तै खतरनाक रूपमा देखापरेका छन् । यसको भण्डाफोर नगरिकन क्रान्तिकारी आन्दोलनलाई अगाडि बढाउन सकिंदैन भन्ने कुरा हामी सबैले बुझ्न आवश्यक छ ।

२. नेपालमा मात्र होइन विश्वका सर्वहारा वर्गलाई प्रेरणा दिन सफल भएको दश वर्षको जनयुद्धले यतिबेला २३ वर्ष पुगेको छ । यस अवधिमा क्रान्तिको नेतृत्व गरेको प्रमुख व्यक्ति मुख्यतः प्रचण्ड र बाबुराम जस्ता व्यक्तिहरू मालेमावादको वैचारिक विचारबाट विचलन बन्न पुगे । जसका कारण उत्कर्षमा पुग्दै गरेको क्रान्ति बीचैमा समाप्त मात्र भएन क्रान्तिमा लागेका नेता, कार्यकर्ताको एउटा ठूलै टीम प्रतिक्रान्तिकारी प्रचण्ड र बाबुरामको पिछलग्गु बन्न पुगे । जनताले जुन आशा र भरोसा गरेर दश वर्षको जनयुद्धका क्रममा सहयोग, समर्थन र सहभागिता जनाउँदै भएका थिए त्यसप्रति निरास बन्न पुगे ।

त्यसका कारण नेपालको सर्वहारा वर्गीय तथा राष्ट्रिय स्वाधिनताको आन्दोलन कमजोर बन्न पुग्यो । यसको मतलब के चाहीं होइन भने यो अवस्था सँधैभरी रहिरहन्छ । किनकी यो त क्षणिक हो । किनभने प्रतिक्रियावादी वर्गले कहिले पनि राष्ट्रिको हित र सर्वहारावर्गको हितका खातिर काम गरेको उदाहरण आजसम्म छैन र भोली पनि हुँदैन । यो सत्य हो । त्यसकारण शासक र जनताका बिचको अन्तरविरोध बढ्ने नै हो । ठीक यो अवस्थामा सर्वहारा वर्गका सच्चा प्रतिनिधिहरूले धैर्यताकासाथ सचेत रूपमा पहलकदमी लिन आवश्यक छ । निराशा, कुण्ठा, अकर्मण्यता, पलायनता र उदासिनता जस्ता विषयहरूका विरुद्ध सामुहिक वा एकल रूपमा भए पनि संघर्षको आवश्यकता छ । क्रान्ति हारेको वेला, सर्वहारा वर्ग कमजोर भएका वेला हरेक व्यक्तिका बिचमा देखापर्ने यी विषयहरूका विरुद्ध स्वयम् व्यक्तिले समेत आफै विरुद्ध लड्ने हिम्मत गर्न आवश्यक छ । त्यसका लागि मालेमावादका आधारभूत ज्ञान हासिल गर्न पनि त्यतिकै आवश्यक छ । सचेत पहलकदमीको लिएर मात्र क्रान्तिलाई पुनः निरन्तरता दिन सकिन्छ भन्ने बुझाई बनाउन पर्दछ ।

३. महान् जनयुद्धलाई स्थगन गरेर शान्ति प्रक्रियामा आएदेखि यता वास्तवमा हरेक वर्षका जनयुद्ध दिवसमा जीवन्तता थिएन किनकी आन्दोलन एकपछि अर्को कमजोर बन्ने तर मानिसको भिडभाड बढ्ने प्रक्रियाले खासै अर्थ राख्दैन थियो । किनकी धानको भूसको थुप्रोमा वा खरानीको रासले केही हुँदैन । यतिवेला हामीलाई चाहिएको सही कार्यदिशा, इच्छाशक्ति सहितको इमान्दार नेतृत्व र कार्यकर्ताको टीम हो । त्यो कुरा यतिबेला फागुन १ गतेको जनयुद्ध दिवस कार्यक्रम मनाई रहँदा र पार्टी महासचिव क.किरणले आफ्ना धारणाहरू व्यक्त गरी रहँदा हलमा भएको गुन्जयमान तालीको गड्गडाहटले देखायो वास्तविक क्रान्तिको लागि कार्यकर्ताको उत्साह । यसलाई क्रान्तिकारीहरूले अत्यन्तै गम्भीरतापूर्वक लिन आवश्यक छ । अव यो वा त्यो नाममा आफूले घमण्ड गरेर होइन सर्वहारा वर्गको क्रान्ति पूरा गर्न, राष्ट्रिय स्वाधीनता कायम गर्न, स्वतन्त्र तवरबाट नेपाली जनताले बाँच्न पाउने आधार खडा गर्न सबै क्रान्तिकारी शक्तिहरू एक ढिक्का भएर लड्ने साहस गर्न सक्नु पर्दछ । त्यसमा पनि सही कार्यदिशाका आधारमा ।

केन्द्रीय कार्यक्रमका रूपमा राष्ट्रिय सभामा आयोजना गरिएको संयुक्त कार्यक्रम मात्र होइन विभिन्न जिल्लाहरूमा भएका कार्यक्रमहरू आफ्नै मौलिकतामा भएको पाइयो । त्यसको एउटै विशेषता के रह्यो भने क्रान्ति सम्भव छ हाम्रै पालामा भन्ने रह्यो । पार्टीको राष्ट्रिय सम्मेलन केन्द्रीय समितिको बैठकका निर्णयहरू र तीन महिने संगठन तथा जनपरिचालन अभियानले एउटा छुट्टै उत्साह थपिदिएको पाइयो । यो उत्साह क्रान्तिकारी स्प्रिट र सक्रियतालाई आन्दोलनमा बदल्न आवश्यक छ । यसरी हेर्दा अब क्रान्तिकारी कमजोर होइन बरु वैचारिकरूपमा ओरालो लागेकाहरू कमजोर बन्दै जाने प्रक्रियाको शुरुवात भएको संकेत हो । क्रान्तिकारीहरू हावी बन्दै जाने संकेत पनि हो ।

४. २३ औं जनयुद्ध दिवसको यस ऐतिहासिक अवसर र अव आउनै लागेको शहीद सप्ताहको समयमा सबै जिल्ला पार्टीहरूले अत्यन्तै मेहनतका साथ शहीद/वेपत्ता योद्धा परिवार तथा घाइतेहरूसँगको भेटघाट छलफल र सुझावहरूलाई संकलन गर्ने काम गर्न जरुरी छ । किनकी नेपालको आमूल परिवर्तनको आन्दोलनमा आफ्नो जीवनको वलिदान गरेर दुश्मनलाई हाँक दिने नेपालकै प्रथम ...बाँकी ८ पेजमा

झर्रोटर्रो ✍ कैलुब्राह

# समृद्धि फलाउने होडबाजी

यतिखेर नेपाल मण्डलमा देश र प्रदेशका सरकार धमाधम फलिरहेका छन् । यो सरकार फल्ने सिजन पनि हो । यतिखेर सरकार फलेर लटरम्म हुँदै छ, देश । सातवटा प्रदेश र एउटा देशमा गरी आठवटा सरकार फलेर रैती मनुखेहरूलाई स्याहार्नै धौधौ परेको छ । भ्याई नभ्याई भएको छ । गत मङ्सीर १० गतेदेखि चलेको सरकार फलाउने रोपाइँ अस्ति माघ २४ गते अन्तिम रोपाइँ गरेर सकियो । अझै भकारी रोपाइँ त बाँकी नै छ । त्यो देशको सरकारले रोपेर राष्ट्रपति महोदयबाट लालमोहर लगाउने रोपाइँ हो । त्यसपछि पाँच वर्सका लागि रोपाइँको काम सकिन्छ र रैतीहरूले 'सरकार फल' खान थाल्छन् । त्यहि 'सरकार फल' नामको फल यतिखेर फल्न थालेको छ, नेपाल मण्डलमा । अझ यो फल सबै ठाउँमा पूरै फलिसकेको छैन । फल्ने क्रम जारी छ ।

यो 'सरकार फल' सबै ठाउँमा पूरै फलिसक्यो भने रैती मनुखेलाई घरैमा बसीबसी पेटभरि खान पाइने छ । केही गर्नु पर्दैन । खेतिपाती, उद्योगधन्दा आदि इत्यादि इलमपात गर्नै पर्दैन । यो सबै गर्ने दातामाताहरू विदेशी हुन्छन् । गोलभैँडादेखि सबै तरकारी पनि विदेशबाटै आउने, फलफूल उतैबाट आउने, अनाजपानी पनि बाहिरबाटै आउने, ओक्तोमुलो पनि विदेशबाटै आउने, लुगाफाटो उतैबाट आउने, गाडिमोटर विदेशबाटै आउने, गाडिमोटरको दानापानीदिखि तिनका पाटपूर्जा उतैबाट आउने भएपछि हामी नेपाल मण्डलका रैतीले केको दुःख गर्नु पऱ्यो ? यस्तो काइदाको जीवन ज्युने अवसर यो पृथ्वी मण्डलमा अन्त कहाँ छ र ? हामी नेपाली रैती मनुखे साँच्चैको वरदान पाएरै जन्मिएका रहेछौँ । त्यहि भएर यहाँको सरकारले गिदिले काम गर्नेदेखि पाखुराले काम गर्नेसम्मका युवाजति सबैलाई धमाधम विदेश पठाएको छ । अठार वर्से किशोरदेखि पचास बर्से परिपक्क युवा जति अहिले नेपाल मण्डलमा बीउ खोजे पनि भेट्टाउन धौधौ छ । सबै हुँइकिएका छन् विदेशतिर । बाँकी बुढाखाडा, अर्धअपाङ्ग, बालबच्चा, र सुत्केरी आइमाईहरू मात्रै छन् यो देशमा । तिनले यही 'सरकार फल' खाँदै र लाउँदै बस्छन् । क्या आनन्द । सातसमुन्द्र पारीका खैरे कुइरेहरूलाई जस्तो विज्ञान प्रविधिका खोज अनुसन्धान गर्ने झन्जट पनि हाम्लाई छैन । हातहतियार र खरखजानाको होडबाजी गरेर उठापट्की गर्नु पनि छैन हामिलाई । दुनियाँलाई नाकाबन्दी लाउँदै गर्जिनु पनि छैन हामीलाई । चन्द्रमा, मङ्गल र अनेक ग्रहगोचर धाउने धाकधक्कु पनि लाउनु छैन हामीलाई ।

'सरकार फल' लटरम्मै फलेर हामी नेपाली रैती मनुखेहरूलाई राम्रो त भएकै छ अझ खुसीको कुरो त यो 'सरकार फल'का लाउके फलले देश र प्रदेशलाई समृद्ध बनाउने भनेर बाचा कसम खाएको हुनाले हामीलाई हुनसम्मको भाग्य नै फलेको अनुभूति भएको छ । यतिखेर आठवटा सरकारले बिहानदेखि बेलुकासम्म, उठेदेखि सुत्दासम्म समृद्धिको चर्कै भाषण गरिरहेका छन् । तिनको भाषणले देश त पुरै झिलिमिलि भएको छ । जतातत‍ै समृद्धि फलेको छ । प्रदेशको सांसददेखि देशको सांसदसम्म, प्रदेशको मन्त्रीदेखि देशको मन्त्रीसम्म र प्रदेशको मुख्यमन्त्रीदेखि देशको पर्धानमन्त्रीसम्म सबैको ओठ ओठमा फलेको छ समृद्धि । हुँदाहुँदा सांसद मन्त्री केही नभएको तर सरकारी दलका जिल्लाका भुरेटाकुरे नेताले पनि समृद्धि फलाउने कुरा गर्छन् बा । जता गयो उतै समृद्धि फलाउने कुरा गरेर थाक्दैनन् । यो समृद्धि फलाउने कुरा सुन्दा सुन्दै सुन्ने मनुखे थाकिसके तर सुनाउनेहरू थाक्दैनन् । सांसद, मन्त्री सबैले सफत खाएर बाहिर निस्कँदा समृद्धिकै कुरा लिएर आउँछन् । मुख्य मन्त्रीहरूको ओठैमा झुण्डिएको छ यो समृद्धि नाउँको जिनिस । भाषणदेखि कासनसम्म समृद्धि फुत्तफुत्त खसि रहन्छ ।

जसले पनि यो नेपाल मण्डलमा समृद्धि फलाउने कुरा गरेको हुनाले कसरी फल्छ भनेर प्रदेशका मुखियालाई सोध्दा उनीहरूले भने 'समृद्धि फलाउने हामीसँग विभिन्न प्रकारका योजना छन् । हामीले तिनलाई प्याकेजमा लागू गर्ने सोँच बनाएका छौँ । योजना यस प्रकार छन् -

- हामीसँग विना पैसा त्यत्तिकै बगेर गएका खोलानाला र नदीहरू छन् । तिनलाई छिमेकी देशतिर बेचेर बिजुली निकाल्न लगाएर झिलिमिलि पारेर समृद्ध बनाइन्छ ।
- हाम्रो मण्डल पाहाडै पाहाड भएकाले यहाँका ढुङ्गा गिट्टी निकालेर विदेशीलाई बेचेर पैसै पैसा आउँछ, विदेशीलाई सिमेन्टी उद्योग खोल्न लगाएर दशैभरी उद्योगै उद्योग बनाएर समृद्ध पारिन्छ ।
- गाउँगाउँ र सके टोलटोलमा निजी बैंक खोलेर पैसाको छेलोखेलो बगाएर समृद्ध पारिन्छ ।
- युवा जति सबैलाई विदेश पठाएर रेमिट्यान्स भित्र्याएर समृद्ध पारिन्छ ।
- तराईका खेतबारी सबै प्लटिङ गरेर घरैघर निर्माण गरेर नगरलाई उपमहानगर र उपलाई महानगर बनाएपछि देश समृद्धै समृद्ध हुन्छ ।
- स्थानीय तहका वडा सदस्य र अध्यक्षलाई मोटरसाइकल र प्रमुख उपप्रमुख जतिलाई गाडि र प्रदेश र देशका मन्त्री सांसदलाई सुविधै सुविधा थपेर देश समृद्ध पारिन्छ ।
- देशका पाँचजना अति भिआइपिलाई आजिवन भत्ता दिने व्यवस्था भएजस्तै प्रदेश र स्थानीय तहमा पनि गच्छेअनुसारको सुविधा दिने कानून नियम बनाएर लागू गरिन्छ र देश समृद्ध पारिन्छ ।
- रैती मनुखेहरूलाई जग्गा जमिन, घर, घरपालुवा जीवजन्तु र खेतिपाती देखि बन्दव्यापारसम्म सबै क्षेत्रमा डलरका भाउमा सयौँदेखि हजारौँ प्रतिशतमा कर बढाइन्छ र समृद्ध पारिन्छ ।
- सरकारी स्कूलहरूबाट विद्यार्थी राम्रो उत्पादन नहुने भएकाले तिनलाई क्रमश खारेज गर्नेतिर लागिन्छ र बोर्डिङहरू धमाधम टोलटोलमा खोले फि सकेजति बढाइन्छ र समृद्ध पारिन्छ ।'

यसरी उनीहरूले समृद्धिको योजनाको लामै सूचि तयार पारेका रहेछन् । उनीहरूको समृद्धिको सूची देखेरै देश त सङ्घीयतामा नगएर पो बर्बाद भएको रहेछ भन्ने मलाई महसुस भयो । यति सुन्दर योजना प्रकाशित गरेर रैती मनुखेलाई सुसूचित गर्न ढिला भयो भन्ने लागेपछि म आफ्नो सञ्चार अफिसतिर लागेँ । उनीहरूले लिस्ट सुनाउँदै थिए ।

*६ फागुन २०७४*

kailubraha73@gmail.com

"हाम्रो निम्ति सोचिदिने दार्शनिकहरू र जुधिदिने श्रमजीवीहरू भएपछि संसारमा के कुनै त्यस्तो शक्ति हुन सक्ला जसले हाम्रो प्रगतिलाई रोक्न सक्छ ?"

-फ्रेडरिक एन्जेल्स



# सिद्धान्त र व्यवहारको द्वन्द्वात्मक सम्बन्ध



● कृष्णदास श्रेष्ठ ●

सिद्धान्तलार्य व्यवहार विपरीत र व्यवहारलाई सिद्धान्त विपरीत ठान्ने र सिद्धान्त र व्यवहारलाई एक अर्कोको विरुद्ध उभ्याउने अक्सर गरेको पाइन्छ । सिद्धान्त र व्यवहारबीचको सम्बन्धलाई ठीकसित बुझ्न नसक्नेहरू यी दुई चीजलाई एक अर्कोसित सम्बन्ध नभएको ठान्ने गल्ती गर्छन् ।

यहाँ हामी खासगरी मार्क्सवादी-लेनिनवादी सिद्धान्तको सम्बन्धमा, सिद्धान्त र व्यवहार कसरी एक अर्कोसित गाँसिएका हुन्छन् र उक्त दुईबीच राम्रो सम्बन्ध हुनु कति महत्वपूर्ण छ भन्ने बारेमा चर्चा गर्नेछौं । हाम्रो मुलुकमा मार्क्सवादी-लेनिनवादीहरूका माझमा सिद्धान्तप्रपि आम रूपमा जनु उदासीनता देखिएको छ, त्यसलाई ध्यानमा राख्दा यसबारे चर्चा गर्नु बढी आवश्यक देखिन्छ ।

सिद्धान्त र व्यवहार वास्तविक अर्थमा के हुन् ? सिद्धान्तको अर्थ कुनै खास व्यक्तिले आफूखुशी दिमागबाट सिर्जेको विचार होइन । यो त व्यावहारिक क्रियाकलापमा जनताबाट प्राप्त गरेको अनुभवको सार-संग्रह हो । वस्तुगत संसारबारे जनताले जनु ज्ञान हासिल गर्दछन् त्यसको कूल जोडलाई सिद्धान्त भनिन्छ । त्यस्तै, व्यवहारको अर्थ व्यक्तिविशेषको प्रयत्न, वा व्यक्तिविशेषले आफूलाई मनपर्ने ढंगबाट गर्ने क्रियाकलाप होइन । यसको अर्थ जनताको व्यावहारिक सामाजिक-उत्पादक क्रियाकलाप हो, व्यावहारिक जीवनका विभिन्न क्षेत्रमा गरिने जनताको क्रियाकलाप हो । माओ त्सेतुङले बताउनु भए बमोजिम, जनताको यस क्रियाकलापमा तीन कुरा समावेश छन् : भौतिक उत्पादनका लागि संघर्ष, वैज्ञानिक प्रयोग र वर्ग-संघर्ष ।

मानव इतिहासको शुरु-शुरुमा सिद्धान्त र व्यवहारबीच, ज्ञान र कार्यबीच कुनै किसिमको खाल्टो रहेको थिएन । त्यस बेला व्यवहारबाट छिट्टै सिद्धान्त जनताको व्यावहारिक क्रियाकलापसित अति घनिष्ठ रूपमा गाँसिएको थियो । त्यस बेला ज्ञान र व्यावहारिक कार्य दुबै एउटा अभिन्न एकता बनेका थिए । पछि, सामाजिक विकासको क्रममा जब मानव श्रम शारीरिक तथा मानसिक श्रममा विभाजित भयो, तब सिद्धान्त र व्यवहारबीच पृथक्कता आयो । त्यस वेलादेखिन् सिद्धान्त र व्यवहार सामाजिक क्रियाकलापका छुट्टा-छुट्टै क्षेत्रको रूपमा देखा परे, त ती दुई, एकाले अर्कोमाथि प्रभाव पारे पनि र एक अर्कोमाथि निर्भर रहेपनि, एक अर्कोबाट तुलनात्मक रूपमा स्वतन्त्र पनि रहे । यस ढङ्गबाट सामाजिक क्रियाकलापको एउटा छुट्टै क्षेत्रको रूपमा सैद्धान्तिक क्षेत्र देखापर्नु मानवजातिको इतिहासमा एउटा ठूलो क्रान्तिकारी पाइला थियो । यसले गर्दा सैद्धान्तिक अनुसन्धानको महत्वपूर्ण क्षेत्र खुल्न गयो र यस अनुसन्धानको विकासको नतिजास्वरूप मानिसले संसारबारे बढी ज्ञान प्राप्त गर्न र प्रार्कतिक तथा सामाजिक परिघटनाको वास्तविकताभित्र गहिरोसित घुस्न सक्यो ।

तर अर्कोतिर, सामाजिक क्रियाकलापको छुट्टै क्षेत्रको रूपमा सेद्धान्तिक क्षेत्र देखापरेपछि सिद्धान्त र व्यवहारबीचको सम्बन्धबारे गलत तथा विकृत धारणाहरू देखापरे । उत्पादनका साधनहरूमाथि व्यक्तिगत मालिकत्व रहेको समाजमा, अर्थात् दास, सामन्ती र पूँजीवादी समाजहरूमा विभिन्न खालका व्यक्तिवादी तथा मनोगतवादी धारणागत प्रवृत्तिहरू उत्पन्न भएका छन्, र यसले गर्दा यी दुईबीचको सम्बन्धबारे विभिन्न भ्रमात्मक धारणाहरू देखापरेका छन् । यस्ता थुप्रै आदर्शवादी दार्शनिकहरू छन्, जो सैद्धान्तिक क्रियाकलापलाई व्यवहारबाट छुट्टै राख्ने वा व्यवहारको विरुद्ध सिद्धान्तलाई तेर्स्याउने गर्छन् । उनीहरू सिद्धान्तलाई कुनै "सिद्धान्तकार"बाट संसारबारे गरिने वैयक्तिक चिन्तन वा सत्यप्रति प्रेरणाको प्रतिफल ठान्छन्, अथवा ज्ञानलाई व्यावहारिक कार्यसित असम्बन्धित ठान्दछन् ।

यसरी, मानसिक तथा शारीरिक श्रमबीच भिन्नता र वर्ग-वैरभावको उपजको रूपमा सिद्धान्त र व्यवहारबीच खाल्टो तथा विरोधभास उत्पन्न भएको हो । वर्ग-वैरभावहरूको उन्मूलन भएपछि, मानसिक तथा शारीरिक श्रमबीचका भेदहरू खतम भएपछि, उपरोक्त खाल्टो पनि पुरिनेछ । त्यस स्थितिमा, सामाजिक चेतनाको उच्चतम रूपको हैसियतबाट सिद्धान्त व्यवहारको निकट सम्पर्कमा रहनेछ र व्यवहार सिद्धान्तद्वारा आलोकित र व्यावहारिक दुबै क्रियाकलापहरू मिलेर प्रकृति रसमाजलाई फेर्ने एउटै सामाजिक ऐतिहासिक प्रक्रिया बन्नेछन् ।

सिद्धान्त र व्यवहारबीचको सम्बन्धको विषयमा मार्क्सवार्दा दृष्टिकोणकबारे हामी मोटामोटी विचार गरौं ।

मार्क्सवादी-लेनिनवादी दर्शनले व्यहारमा बढी बल दिंदछ । सो दर्शन अनुसार, हाम्रो सामाजिक जीवन मुख्य रूपले व्यावहारिक छ, सिद्धान्त व्यवहारबाट उत्पन्न हुन्छ र सामाजिक-आर्थिक अवस्थाहरूमाथि निर्भर गर्दछ, र सिद्धान्तको मूल आधार र वास्तविक कसी व्यवहार नै हो । मार्क्सभन्दा पहिलेका भौतिकवादी दार्शनिकहरूले व्यवहारको महत्वलाई बुझ्न सकेका थिएनन् । व्यवहारको लागि ज्ञानको कति महत्व छ भन्ने कुरा उनीहरूले बुझेका थिए, तर सिद्धान्तको लागि व्यवहारको महत्वलाई बुझेका थिएनने । मार्क्स-पूर्वको भौतिकवादको एउटा मुख्य त्रुटि त्यसको चिन्तनशील चरित्र थियो, अर्थात् त्यसले जनताको व्यावहारिक, आलोचनात्मक-क्रान्तिकारी क्रियाकलापको महत्वलार्य बुझेको थिएन । जनताको क्रान्तिकारी व्यवहारको महत्वमा बल दिएर मार्क्सले फ्वारबाखसम्बन्धी प्रस्थापनामा भन्नेभएको छः "दार्शनिकहरूले संसारको व्याख्या मात्र गरेका छन्ः मुख्य कुरा त त्यसलाई फेर्नु हो ।" (१)

यसरी, मार्क्सवादी दर्शनले सिद्धान्तको आधार, उद्देश्य तथा कसीको रूपमा व्यवहारमा बढी बल दिएको छ । तर, प्रकृति र समाजमा परिवर्तन ल्याउने काममा, सामाजिक जीवनमा क्रान्तिकारी हेरफेर ल्याउने काममा सिद्धान्तको महत्वमा पनि ठूलो जोड दिंदछ ।

मार्क्सको व्यावहारिक-क्रान्तिकारी कार्यको सिलसिलामा घटेको एउटा घटनाले उहाँ क्रान्तिकारी सिद्धान्तमा कति बल दिनुहुन्छ भन्ने प्रष्टसित देखाउँछ । मार्च ३०, १८४६ मा ब्रुसेल्स कमिटिको बैठकमा मार्क्स र विल्हेल्म वीट्लिंगको माझमा वैचारिक झगडा भयो । वीट्लिंग क्रान्तिकारी सिद्धान्तको खाँचोलाई मान्दैनथे । सिद्धान्तप्रति उनको बेवास्ताको जोडदार विरोध गर्नुभई मार्क्सले सो बैठकमा भन्नुभयोः "कुनै सच्चा क्रान्तिकारी विचारविना वा सिर्जनात्मक सिद्धान्तविना मजदूरलाई आव्हान गर्नु......त्यस्तो उपदेश-प्रचारकको निरर्थक, बेइमानीपूर्ण प्रर्दशन गर्नु हो जसले एकातिर अभिप्ररित महात्मा र अर्कोतिर जिल्लाराम गधाको रूप धारण गर्छ ।" सो वादविवादमा वीट्लिंगले कस्तो लाञ्छना लगाए भने सिद्धान्तको खाँचोमा बल दिनेहरू आरामकुर्सी सिद्धान्तकार र जनताको दुखप्रति बेवास्ता गर्नेहरू हुन् । यो सुनेर मार्क्सले रिसाएर भन्नुभयोः "अज्ञानताले आजसम्म कसैलाई सघाउ पुऱ्याएको छैन ।" (२) मार्क्सको भनाई के थियो भने मजदूर आन्दोलनबाट त्यस्ता तत्वहरूलाई निकालेर पठाउनु पर्छ, जो मजदूरहरूको बीचमा पुराना तथा वाहियाती विचारहरू प्रचार गर्छन्, किनभने तिनीहरूले जनतामा भ्रम र अस्पष्ट तथा अस्वस्थ विचारहरू प्रचार गरी जनआन्दोलनलाई फाइदाभन्दा बढी नोक्सान पुऱ्याउँछन् ।

हाम्रो आन्दोलनको वर्तमान स्थितिको संदर्भमा उक्त घटनाले एउटा कुरा बुझ्नमा मद्दत गर्छ । गलत तथा अस्वस्थ विचारहरूको प्रचारले गर्दा हाम्रो जनान्दोलनले नोक्सानी भोगिरहेको छ । हाम्रा जनताका विभिन्न अंगहरू जन-मुक्तिकोनाउँमा सक्रिय काम गरिरहेका अधिकांश कार्यकर्ताहरूले क्रान्तिकारी सिद्धान्त ग्रहण गर्न सकेका छैनन् । उनीहरू कुनै निश्चित अडान, कार्यक्रम वा दृष्टिकोणका साथ काम गरिरहेका छैनन्, वा गलत विचारधारा वा खिचडी विचारहरूबाट निर्देशित छन्, वा उनीहरूमा सैद्धान्तिक स्पष्टता र राजनैतिक सुझबुझको कमी पाइन्छ । आफूलाई मार्क्सवादी-लेनिनवादी दृष्टिकोणबाट निर्देशित गर्न नसक्नुको अर्थ सामन्ती, पूँजीवादी वा निम्न-पूँजीवादी दृष्टिकोणबाट निर्देशित गर्नु हो । सही दृष्टिकोण नलिइकन जनतामा काम गर्नुको अर्थ जनतालाई पनि गलत विचारको प्रभावमा पार्नु र जनान्दोलनभित्र अवाञ्चित फोहर-मैला घुसाउनु हो । आज हाम्रो जनान्दोलन र मार्क्सवादी दृष्टिकोण नलिने वा लिन नसक्ने तत्वहरूको कारणबाट हुन गएको हो ।

क्रान्तिकारी सिद्धान्तको महत्वबारे लेनिनले स्पष्टसित भन्नुभएको छः "क्रान्तिकारी सिद्धान्तविना कुनै क्रान्तिकारी आन्दोलन हुन सक्दैन ।......अग्रदूतको भूमिका त्यस्तो पार्टीले मात्र खेल्न सक्छ, जुन सबभन्दा समुन्नत सिद्धान्तबाट निर्देशित रहन्छ ।"(३)

लेनिनको उपरोक्त भनाइलाई अनकौं मुलुकका क्रान्तिकारी आन्दोलनको अनुभवले उचित सावित गरेको छ । विश्व जनताको मुक्ति-संघर्षको इतिहासमा यस्ता कैयौं दृष्टान्तहरू छन्, जसमा सबभन्दा समुन्नत सिद्धान्तबाट निर्देशित संगठनको अभावले गर्दा जनताका मुक्ति आन्दोलनहरू आफ्नो लक्ष्य प्राप्त गर्न असफल भउका छन् । एउटा इतिहास-सिद्ध सत्य के रहेको छ भने जुन संगठन क्रान्तिकारी सिद्धान्तलाई आफ्नो मार्ग-दर्शकको रूपमा अपनाउन र प्रयोग गर्न असमर्थ रहन्छ, जनु संगठन व्यावहारिक आन्दोलनबाट अलग रहन्छ, त्यसले क्रान्तिकारी उथलपुथल ल्याउने महान जनान्दोलनलाई पूर्ण विजयसम्म नेतृत्व कदापि गर्न सक्दैन ।

खास गरेर मार्क्स र एन्जेल्सबाट वैज्ञानिक, भौतिकवादी दृष्टिकोणको प्रतिपादन भइसकेपछि सामाजिक जीवनको लागि सिद्धान्तको महत्व अरु बढको छ । साँचो हो, जीवन सधैभरी हराभरा र समृद्ध रहन्छः जीवन कुनै पनि सिद्धान्तभन्दा अत्याधिक सही, क्रान्तिकारी सिद्धान्तभन्दा पनि समृद्ध हुन्छ । तर जीवनका जटिलता, समृद्धशालिता तथा महानतालाई सबैले राम्ररी बुझ्दछन् वा बुझ्न सक्छन् भन्ने कुरा होइन । जीवनका सबै कुरालाई राम्ररी र ठीक ढंगबाट बुझ्नका लागि, जीवनलाई सारा जटिलता र संपूर्णतामा बुझ्नका लागि वैज्ञानिक सिद्धान्तको खाँचो पर्छ । हात्ती र अन्धा मासिहरू एउटा पुरानो र प्रसिद्ध कथा हो । हात्ती छाम्न पुगेका ती अन्धाहरूमा एकजनाले हात्तीलाई भित्ता जस्तो, आर्कोले नाँग्लो जस्तो, अर्कोले मोटो डोरी जस्तो, आदि प्रकारको बयान गरे, तर तीमध्ये कसैले पनि वास्तविक हात्ती कस्तो हुन्छ भन्ने कुरा बुझ्न सकेनन् । यस कथाको महत्वपूर्ण शिक्षा के हो भने उद्देश्य जतिसुकै राम्रा भए पनि र जतिसुकै इमान्दारीपूर्वक कोशिश गरे पनि, अन्धाहरूले यथार्थतालाई देख्न र बुझ्न सक्दैनन् । क्रान्तिकारी सिद्धान्तको मद्दतविना कसैले पनि आजको जटिल सामाजिक जीवनलाई बुझ्न सक्दैन र बुझे पनि उसले त्यसलाई गलत, आंशिक वा एकांगी ढंगबाट मात्र बुझ्न सक्नेछ, जस्तो कि अन्धाहरूले हात्तीलाई बुझेका थिए । सिद्धान्तले मात्र, मार्क्सवादी-लेनिनवादी सिद्धान्तले मात्र हामीलाई जीवनबारे सही समझदारी प्राप्त गर्न, टाढासम्म हेर्न र जीवनमा हेरफेर ल्याउन समर्थ बनाउँछ । जस्तो कि लस्सालले भनेका छन् : "दैनिक जीवनको खैलाबैलाबाट भन्दा विज्ञानको अग्लो शिखरबाट चाँडो प्रभातको किरण देखिन्छ ।"

मार्क्सवादी दर्शनकले सिद्धान्त र व्यवहारबीच एकता हुनुपर्ने कुरामा मुख्य बल दिन्छ । यस सम्बन्धमा मार्क्सले भन्नुभएको छ : "जसरी दर्शनले सर्वहारावर्गमा आफ्नो भौतिक हतियार भेट्टाउँछ, त्यसरी ने सर्वहारावर्गले दर्शनमा आफ्नो बौद्धिक हतियार भेट्टाउँछ ।" (४) मार्क्सको यस भनाइले श्रमजीवी जनता र क्रान्तिकारी सिद्धान्तको मेलको खाँचोलाई स्पष्टसित देखाउँछ । सिद्धान्तले जनताको क्रान्तिकारी व्यवहारद्वारा मात्र आफूलाई सिद्ध गर्न सक्छ भने व्यवहारले सिद्धान्तको मद्दतबाट मात्र आफ्नो उद्देश्य प्राप्त गर्न सक्छ । सिद्धान्तले व्यवहारलाई भेट्टाउनु जति आवश्यक छ, त्यत्तिकै व्यवहारले सिद्धान्तलाई भेट्टाउनु पनि आवश्यक छ । महान् अक्टोबर समाजवादी क्रान्ति, विजयी चिनियाँ जनक्रान्ति, आदि वास्तवमा क्रान्तिकारी सिद्धान्त र जनताको मुक्ति संघर्षबीच दरो मेलका ज्वलन्त दृष्टान्त हुन् । चिनियाँ जनताको मुक्ति-संघर्ष तबसम्म विजयी बन्न सकेन, जबसम्म त्यसले मार्क्सवादी-लेनिनवादी सिद्धान्तलाई भेट्टाउन सकेको थिएन । त्यस्तै, मार्क्सवाद-लेनिनवादले चिनियाँ जनताको क्रान्तिकारी व्यवहारसित आफूलाई गाँसिसकेपछि मात्र चीनको माटोमा जरा लिएर हुर्कन र बढ्न सक्यो, र यसरी माओ त्सेतुङ विचारधाराको विकाश भयो । हामी जसलाई साँचो अर्थ क्रान्तिकारी जनआन्दोलन भन्छौं, त्यो वास्तवमा जनताको संघर्ष र क्रान्तिकारी सिद्धान्तको मेल हो । श्रमजीवी जनता जनान्दोलनका मुटु हुन् भने क्रान्तिकारी सिद्धान्त त्यसको मष्तिष्क हो । मष्तिष्क नभई मुटु मात्र भएर काम चल्दैन भने मुटु नभई मष्तिष्क मात्र हुनुको अर्थ निर्जीव बन्नु हो ।

आज नेपाली जनान्दोलनको मूलभूल कमजोरी के हो भने श्रमजीवी जनता र क्रान्तिकारी सिद्धान्तले एकले अर्कोलाई भेट्टाउन सकेका छैनन् । यसको अर्थ के हो भने श्रमजीवी जनताले आफ्नो मष्तिष्क पाएका छैनन् र मार्क्सवादी-लेनिनवादी सिद्धान्तले यहाँ आफ्नो मुटु पाउन र यसरी सजीवन हुन सकेको छैन । दुबै एक अकौउबाट अलग रहँदा प्रभावहीन रहेका छन् । मुटु र मष्तिष्कको मेल हुनै पर्छ । जब यी दुईको मेल कायम हुन्छ, जब सिद्धान्तले जनताको व्यवहारिक संघर्षलाई र सो व्यवहारले सिद्धान्तलाई भेट्टाउँछ, तब नेपालका श्रमजीवी जनताको मुक्तिले आफूलाई सिद्ध गर्न थाल्नेछ ।

तर सिद्धान्त र व्यवहारबीच उचित सम्बन्ध स्वतः कायम हुन्छ भन्ने कुरा होइन । प्रत्येक मुलुकमा मार्क्सवादी सिद्धान्त र जनताको व्यावहारिक संघर्षबीच स्वस्थ सम्बन्धको स्थापना र विकास कठिन संघर्षद्वारा मात्र भएको छ । मुख्य रूपमा दुईटा प्रवृत्तिहरू छन्, जसले यी दुईको मेलमा भांजो हाल्छन्, र त्यसैले, जसको विरुद्ध संघर्ष चलाउनु अति आवश्यक रहन्छ । यी दुई प्रवृत्ति हुन्-जडसुत्रवाद र संकीर्ण व्यवहारवाद । यस सम्बन्धमा हाम्रा मार्क्सवादी आन्दोलनमा पनि यी दुई प्रवृत्तिहरू ठूलो बाधकको रूपमा रहेको छन् ।

किताबहरूबाट सूत्रहरू कण्ठस्थ पार्ने कुरासित क्रान्तिकारी सिद्धान्तको कुनै सम्बन्ध छैन । किताबमा पाइने तम्तयार सूत्रहरूको मद्दतबाट वास्तविक जीवनमा उठेका समस्याहरूको समाधान गर्नु खोज्नु सिद्धान्तलार्य प्रयोग गर्ने सम्बन्धमा सबभन्दा गलत तथथा भद्दा तरिका हो । जहाँसम्म मार्क्सवादी-लेनिनवादी सिद्धान्तको सवाल छ, यो सूत्रहरूको समष्टिगत रूप होइन, जडसूत्रवाद होइन । विनातर्क, विनाविश्लेषण फलाना कुरा मार्क्स, लेनिन वा माओले भन्नुभएको भनी आफूलाई ठीक प्रमाणित गर्न खोज्नु गलत तरिका हो । कुनै मार्क्सवादी पुस्तकबाट एउटा राम्रो वाक्य, उद्धत उक्तिको आधारमा व्यावहारिक संघर्षका समस्याहरू टुङ्ग्याउन खोज्नु ठीक होइन । सिद्धान्तको प्रयोग गर्ने सम्बन्धमा यान्त्रिक प्रयोग बिलकूल केटाकेटीपन हो । अन्य मुलुकमा लागू गरिएको कार्यदिशालाई आफ्नो मुलुकमा यान्त्रिक ढंगबाट लागू गर्नु वा गर्न खोज्नु सरासर मूर्खता हो । जडसूत्रको रूपमा र यान्त्रिक रूपमा क्रान्तिकारी सिद्धान्तलाई लागू गर्न खोज्नुको अर्थ त्यसको मर्मलाई नबुझ्नु हो, त्यसको गरिमा र जीवनदायी शक्तिलाई कम पार्नु हो र वास्तवमा त्यसलाई जनतासमक्ष उपहासको चीजमा फेर्ने कुचेष्टा गर्नु हो । अन्य मुलुकमा झैं, हाम्रो मुलुकमा पनि मार्क्सवादी-लेनिनवादी सिद्धान्तको सम्बन्धमा यस्तै काम गर्नेहरू पाइन्छन् । यस प्रकारको निरपेक्षीकरण र यान्त्रीकरण मुलुकमा सिद्धान्तको सिर्जनात्मक प्रयोगमा ठूलो तगारो रहेको छ ।

सिद्धान्त जतिसुकै क्रान्तिकारी र सही वा सुसंगत भए पनि आखिर त्यो जनताको व्यावहारिक संघर्षबाट प्राप्त अनुभवको निचोड मात्र हो, बितेका अनुभवको सार-संग्रहित रूप मात्र हो । तसर्थ, त्यसले कार्यमा पथप्रदर्शकभन्दा ठूलो भूमिका खेल्न सक्दैन । आजको युगको सबभन्दा समुन्नत सिद्धान्त, मार्क्सवादी-लेनिनवादी सिद्धान्त पनि कुनै परिपूर्ण तथा अपरिवर्तनीय चीज होइन, बरु एउटा विकासशील वित्रान हो । त्यसले सामान्य निर्देशनहरूभन्दा बढी केही प्रदान गर्दैन, र त्यसलाई सजीव वास्तविकतामा लागू नगरिएमा व ागर्न नसकिएमा ती निर्देशनहरू कागजका टुका मात्र रहनेछन् । किताबमा प्रतिपादित तथा सूत्रबद्ध गरिएको रूपमा हेर्ने हो भने सिद्धान्त एउटा निरस र निर्जीव चीज रहन्छ । यो सिद्धान्त तब मात्र सजीव र शानदार रूपमा देखा पर्न थाल्छ, जब यसलाई जीवसित, सजीव व्यवहारसित सही ढंगले गाँसिन्छ, जब यसलाई व्यावहारिक संघर्षका समस्याहरू र संघर्षको क्रममा उत्पन्न प्रमुख सवालहरूको अध्ययन, विश्लेषण र समाधानमा उचित रूपले प्रयोग गरिन्छ, र जब यसलाई जनतको व्यावहारिक-क्रान्तिकारी क्रियाकलापमा ठीक ढंगबाट प्रयोग गरिन्छ । सिद्धान्तलाई सिर्जनात्मक ढंगबाट लागू गर्नु र अरु विकसित गर्नु भन्नाको अर्थ यही हो । सिद्धान्त तब एउटा अदम्य तथा अजेय भौतिक शक्तिमा फेरिन्छ, जब मार्क्सले भन्नु भए झैं, यसले क्रान्तिकारी जनतालाई आफ्नो बशमा पार्दछ ।

हाम्रो मार्क्सवादी आन्दोलनभित्र एउटा यस्तो प्रवृत्ति पाइन्छ, जसले सिद्धान्तप्रति चाख लिंदैन र सैद्धान्तिक समझदारी प्राप्त गर्नुपर्ने खाँचोप्रति एकदम बेवास्ता गर्छ । यस प्रवृत्तिका समर्थकहरू के प्रचार गर्छन भने व्यवहार नै सबथोक हो, सिद्धान्त होइन, व्यवहार चाहिन्छ, र जो व्यवहारमा लाग्न् ती मात्र ठीक छन् (यहाँ सम्झनु पर्ने तथ्य के छ भने तिनीहरू जसलाई व्इवहार भन्छन्, तयो वास्तवमा क्रात्किारी व्यवहार भन्न नसुहाउँदो, क्षुद्र व्यवहार मात्र हो ) । तिनीहरू सिभान्तलाई बुझ्दैनन् र बुझ्नपर्ने खाँचोलाई अनुभव पनि गर्दैनन् । तिनीहरू सैद्धान्तिक कार्यको महत्व नबुझी त्यसलाई घृणाको दृष्टिले हेर्छन् । तिनीहरूलाई हामी संकीर्ण व्यावहारवादी भन्न सक्छौं ।

यसबाहेक, सिद्धान्तप्रति उदासीन रहने एकथरि यस्ता मानिसहरू पनि छन्, जो के भन्दछन् भने हामीले प्रशस्त देखि-सुनिसकेका छौं, हामीले प्रशस्त अनुभव पाइसकेका छौं, त्यसैले सिद्धान्त किन सिक्नु पऱ्यो र ? तिनीहरूलाई हामी "अनुभववादी" भन्न सक्छौं । कोही कोही के भन्ने गर्छन भने हामीलाई क्रान्तिकारी लक्ष्य पूरा विश्वास भइसकेको छ, त्यसैले मार्क्सवादको अध्ययन किन गर्नु पर्छ र ?

व्यवहारमा एकपक्षीय ढंगबाट बल दिनेहरू, जसलाई हामी लठ्ठक व्यवहारवादी भन्न सक्छौं, सिद्धान्तप्रति एक प्रकारको शत्रुताको स्थिति अपनाउँछन् र आफ्नो व्यावहारिक क्रियाकलपलाई सिद्धान्तबाट मुक्त ठान्दछन् । उनीहरूले यस्तो स्थिति अपनाउनुमा दुईटा प्रमुख कारण छन् । एउटा कारण के भने उनीहरू सिद्धान्तको अग्लो शिखरमा पुग्न चढ्नुपर्ने गाऱ्हो उकालोदेखि डराउँछन्, वा वैज्ञानिक सिद्धान्त सिकेर त्यसलाई व्यावहारिक संघर्षका समस्याहरूको समाधान गर्न गाऱ्हो कामलाई हातमा लिने साहस गर्न सक्दैनन् । अर्को कारण के भने उनीहरू आफ्नो व्यावहारिकक क्रियाकलापमा र आफुले प्रयोग गर्ने साधनमा कुनै निश्चित बन्देज लागेको चाहँदैनन्, जसले गर्दा उनीहरू स्वच्छन्तापूर्वक अर्थात एकदम छाडा भएर बेरोकटोक व्यावहारिक क्रियाकलापमा लाग्न सकून्, र तत्काल प्राप्त हेन सानातिना वा क्षुद्र व्यावहारिक उपलब्धिमा खुसीले नाक फुलाएर शान देखाउन सकून् ।

संकीर्ण व्यवाहारवादीहरू र तथाकथित व्यावहारिक मान्छेहरू कुन कुरा बुझ्दैनन् भने सिद्धान्त र व्यवहार विरोधी पक्षहरू भए पनि तिनीहरू एक अर्कोसित गाँसिएका हुन्छन् र एकले अर्कोमाथि अन्तर्क्रिया गरिरहन्छन् । तिनीहरूले आफूलाई सिद्धान्तबाट जतिसुकै पर ठाने पनि एक न एक दृष्टिकोणबाट तिनीहरू निर्देशित रहेकै हुन्छन् । तिनीहरू कुन तथ्यलाई बुझ्दैनन् भने सैद्धान्तिकमा व्यावहारिक छ र व्यावहारिकमा सैद्धान्तिक छ । के हामी कुनै पनि मानिसको त्यस्तो व्यवाहारिक क्रियाकलाको अनुमान गर्न सक्छौं, जसमा सैद्धान्तिक पक्ष नरहेको होस् ? व्यावहारिक क्रियाकलापमा लाग्दा प्रत्येक मान्छे एक न एक सैद्धान्तिक दृष्टिकोणबाट निर्देशित रहेको हुन्छ । त्यसरी नै, सिद्धान्त कार्यमा लाग्दा प्रत्येक ब्यक्तिले व्यावहारिक पक्षतर्फ, ठीक या बेठीक ढंगले ध्यान दिएको हुन्छ र सो कार्यको व्यावहारिक उद्देश्य, राम्रो होस् या नराम्रो, रहेको हुन्छ । यसरी उसको सैद्धान्तिक क्रियाकलापमा व्यवहार-पक्ष रहेको हुन्छ । यसमा एकलाई अर्कोबाट छुट्याउन सकिँदैन ।

संकीर्ण व्यवहारवादीहरू अर्को कुन कुरा बुझ्दैनन् भने सैद्धान्तिक क्रियाकलाप सामाजिक क्रियाकलापको एउटा महत्वपूर्ण अंग हो । त्यस्तो सैद्धान्तिक कार्य मत्र अनुपयोगी रहन्छ, जुन कोरा कल्पनामा आधारित र व्यवहारबाट एकदम अलग रहन्छ । व्यावहारिक क्रियाकलापबाट उत्पन्न समस्याहरूको समाधानका लागि कुनै व्यक्तिले गर्ने सैद्धान्तिक कार्य अति आवश्यक तथा उपयोगी क्रियाकलाप रहन्छ । जहाँसम्म मार्क्सवादी-लेनिनवादी सिद्धान्तको सवाल छ, त्यसको मूलभूत उद्देश्य पीडित जनताको मुक्ति-संघर्षलाई सगाउनु हो । विज्ञानको रूपमा त्यसको उद्देश्य सो संघर्षका आवश्यकता, महत्व, बाटो र विकासका अवस्थाहरूबारे ज्ञान गराउनु र सही नाराहरू प्रतुत गर्नु हो । *क्रमशः....*

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# क्रान्तिहरूबीचको एकता र ध्रुवीकरण



● हुकुमबहादुर सिंह ●

एमाले र माकेले नेपालका दक्षिणपन्थी संशोधनवादी संसदवादी नामधारी कम्युनिस्टहरूको गठबन्धन गर्ने भनेर विचार र सिद्धान्तविहीन केही सिमित नेताहरूको पदीय व्यवस्थापनलाई केन्द्रमा राखेर उनीहरूकै पहलमा एउटा केन्द्र बनाउने भनेर अहिले लागेका छन् । यद्यपि यसैलाई आधार बनाएर ती शक्तिहरूमाथिको सम्भावित चिनियाँ प्रभावको हौवा खडा गरेर भारतीय सरकार र त्यहाँको गुप्तचर संस्था रअको टाउको दुखाई बनेको छ । लामै कसरतपछि केपी ओलीले मोदी सरकार र रअको ग्रयान्ड डिजाइनमा मोदीको विशेष दुत बनेर आएकी भारतीय विदेश मन्त्री सुश्मा स्वराजसीत गोप्य मन्त्राणा मात्रै गरेनन्, त्यसकै प्रभावमा अहिले उनी उनीहरूको "वामगठबन्धन"लाई समेत लत्ताएर सुश्मा स्वराजसीतको गोप्य मन्त्राणालाई कार्यान्वयन गर्ने रणनीतिमा लागेको हो कि भन्ने केही शंका गठवन्धनभित्र र बाहिर उब्जिएका छन् । मतदाताहरू, जसले नेपालमा एउटा स्थिर सरकार, विकास उन्नतीको ढोका खोल्ने यिनै "वामगठबन्धन"वाला हुन् भन्दै मत दिएर एमाले र माकेका उम्मेदवारलाई जिताए तर यति छिट्टै उनीहरू विदेशी शक्तिको इशारा, मूलतः दक्षिणको इशारामा चल्न थाल्ने छन् भन्ने ती मतदाताले कल्पना पनि गरेका थिएनन् । नेकपा (क्रान्तिकारी माओवादी)ले निर्वाचनका दौरानमा स्पष्टसित भनेको थियो कि एमाले र माके दुवै कम्युनिस्ट र वामपन्थी दुवै होइनन्, यिनीहरू त नेपालका दक्षिणपन्थी संशोधनवादी संसदवादी नामधारी कम्युनिस्टहरू हुन् । त्यसैले यिनीहरूको चरित्र राष्ट्रिय नभई दलालीकरणतर्फ डोरिएको छ । मार्क्सवाद–लेनीननवाद यिनीहरूको मार्गनिर्देशन सिद्धान्त नभई विश्व भूमण्डलीकृत साम्राज्यवाद जसको आर्थिक आधार उदारवादी नीजीकरणमा आधारित दलाल एकाधिकारवादी हुन्छ र उनीहरू जुन समाजवादको कुरा गर्दै छन्, त्यो केबल सामाजिक लोकतान्त्रिक(शोसल डेमोक्रेट्स) हो । उनीहरू बढीमा सामाजिक लोकतान्त्रिक(शोसल डेमोक्रेट्स)को लाइनमा चल्ने छन्, यदि दक्षिणको इशारामा चलेनन् भने नत्र त्यति पनि उनीहरूबाट नहुने स्पष्ट छ ।

यसै सन्दर्भमा यहि फागुन १ गते नेपालका दुई माओवादी पार्टीहरू –नेकपा (क्रान्तिकारी माओवादी) र नेकपाले २३औ जनयुद्ध दिवस भव्यताका साथ मनाए । उक्त अवसरमा नेकपा (माओवादी केन्द्र)बाट विद्रोह गरेका लोकेन्द्र विष्ट, गोपाल किराँती र आहुतीको उपस्थितिले पनि यो उत्सवलाई अझ गौरवान्वित र भव्य बनाएको थियो । उक्त अवसरमा नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव किरणले नेपालमा अझ पनि सर्वहारावर्गीय क्रान्तिको आवश्यकता छ र त्यो सम्भव छ भनेर भन्दा समारोहमा एक प्रकारको उर्जा उत्पन्न गरेको थियो । त्यसमा उहाँले उक्त क्रान्ति नेपालका सबै क्रान्तिकारी कम्युनिष्टहरूलाई एकिकृत र ध्रुवीकृत गरेर मात्रै सम्भव छ भन्नेमा जोड दिनु भयो । उहाँले जोड दिँदै भन्नु भयो जसरी यो समारोहमा नेकपा(माओवादी केन्द्र)वाट विद्रोह गरेर केही कमरेडहरू यस समारोहमा भाग लिन आउनु भयो र माकेको संसदवादमा पतनका लागि एमालेमा विलयवारे र नेपालमा गरिने भावी क्रान्तिवारे जे जस्ता भनाइहरू उहाँहरूले राख्नु भयो त्यसले के सन्देश दिएको छ भने नेकपा(माओवादी केन्द्र)भित्र अझै पनि काफी मात्रामा क्रान्तिकारीहरू हुनुहुन्छ र उहाँहरू प्रचण्डसित एमालेमा बिलयमा नजाने मनस्थिति बनाइरहनु भएको छ र त्यसलाई उक्त पार्टीभित्रबाट बिद्रोह गर्न सफल कमरेडहरूले गतिदिनु हुने छ । उहाँले जोडदिँदै भन्नु भयो अबको नेपाली क्रान्तिमा आम देशभक्त तथा जनतन्त्रवादी शक्तिहरू पनि गोलबन्द हुनुहुने छ किनभने "वामगठबन्धन"ले देशलाई अझ बढता विदेशी दलालहरूको इशारामा सञ्चालित गर्ने स्पष्ट देखिँदै छ ।

के स्पष्ट भएको छ भने नेकपा एमाले र नेकपा माके दुवै दिल्लीको आशिर्वाद र यसको हैकमलाई तोडन सक्ने छैनन् । प्रचण्डले त पहिलेनै नेपाललाई भुटानको हैसियतमा राख्ने गरि २५ बुँदे सहमति गरिसकेका हुन् । त्यसैले उनी दिल्लीको इशारालाई मानी सकेका व्यक्ति हुन् । अर्का नेता केपी आली जो नेपालका भावी प्रधानमन्त्रीका रूपमा भारतीय प्रधानमन्त्री मोदीबाट अहिले नै (प्रधानमन्त्री नहुँदै) दुई दुई पटक बधाई र भ्रमणको निम्तो पाइसकेका छन् । भारतसितको महाकाली सन्धी उनको विगत हो यद्धपी उनले बीचमा भारतको नेपालमाथिको नाकाबन्दीका अगाडि आफूलाई नेपाली जनताको पक्षमा उभ्याएका थिए र नेपालको अर्को छिमेकी चीनसित पारवहन र व्यापार सम्झौतागर्ने साहस देखाएका थिए तर अहिले उनले त्यसलाई ओझेलमा पार्ने गरि जुन काम गरिरहेका छन्, त्यसले नेपालका आम मतदाता जसले उनलाई विगतको नीर्वाचनमा मत दिएर भावी प्रधानमन्त्रीका रूपमा उभ्याएका छन्, उनीहरूप्रति अहिले गम्भीर धोका दिने काम गरेका छन्, वेमौसमा र गलत समयमा भारतीय विदेशमन्त्री सुश्मासित काठमाण्डौमा आफ्नो हैसियतभन्दा तल झरेर भेटघाट गरे र उनी सित केही गोप्य वार्ता पनि गरे । यसका लागि भनिन्छ उनी बैकक गएको समयमा त्यहाँ भारतीय रअका मानिससित पनि भेटे, जसका लागि उनले आफ्नो पार्टीको नेता प्रदीप ज्ञवालीलाई दिल्ली पठाएर त्यसको चाजापाजो मिलाएका थिए र त्यसको लगत्तै सुश्माको काठमाण्डौ भ्रमण भएको थियो । त्यसैले नेकपा(क्रान्तिकारी माओवादी)का महासचिव क. किरणको माथि उल्लेखित राष्ट्रियता सम्वन्धी आन्दोलनको भनाई अव झन सान्दर्भिक देखिएको छ । किनभने नेपाली क्रान्तिले फयाक्न खोजेका दुई पहाड–सामन्तवादी र साम्राज्यवादी तथा विस्तारवादी पहाड मध्ये पहिलोको प्रतिनिधित्व गर्ने राजतन्त्र अहिले नेपालमा छैन् र देशमा गणतन्त्र आएको छ, यद्धपि सामन्तवादका जराहरू नेपालको सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक हरेक क्षत्रेमा फैलिएका छन् । तर दोस्रो साम्राज्यवादी तथा विस्तारवादी पहाड अझ झन अग्लो बन्दै गएको छ । उक्त पहाडलाई ध्वस्त नपारी नेपालको स्वतन्त्रता र सार्वभौमिकतामाथिको कालो बादल यथावत रहने र नेपालमा वामगठवन्धन वा अन्य कुनै नाममा आउने गठबन्धन केबल दिल्लीको इशारामा उसकै खटनपटनमा कामगर्ने नै हुने छ । त्यसैले पनि नेपालमा अर्को क्रान्तिको आवश्यकता छ र त्यसमा नेपालका आम क्रान्तिहरूबीचको एकता र ध्रुवीकरण अनिवार्य शर्त बन्न गएको छ । र त्यसका लागि पनि नेपालका आम क्रान्तिहरूबीचको एकता र ध्रुवीकरण अनिवार्य शर्त बन्न गएको छ ।

# जारी अभियानमा ५ नं. प्रदेशमा संगठन निर्माण तीव्र

● रवि पाण्डेय

बुटवल । नेकपा (क्रान्तिकारी माओवादी) ले प्रदेश ५ मा तीन महिने संगठन तथा जनपरिचालन अभियानलाई तीब्र पारेको छ । सो पार्टी समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चासँगको संयुक्त अभियानमार्फत् अभियान तीब्र बनाएको हो ।

अभियान अन्तर्गत प्रदेश नम्बर ५ लाई चारवटा भूगोलमा बिभाजन गरेर अभियान संचालन गरिएको सो पार्टीका पोलिटब्युरो सदस्य तथा प्रदेश सचिव प्रेम सुवेदीले जानकारी दिनुभयो । जसमा केन्द्रीय सदस्यको नेतृत्वमा चारवटा अभियानकर्मी टोली सक्रिय रहेका छन् । टोलीको सम्पुर्ण ब्यवस्थापन सम्बन्धित जिल्लाले गरेको उहाँले बताउनुभयो । प्रदेशको पूर्वी मधेश नवलपरासी, रूपन्देही र कपिलबस्तुलाई एक अभियान क्षेत्र, प्युठान, दाङ, रोल्पा र पूर्वी रुकुम दुई नम्बर भुगोल, पाल्पा अर्घाखांची र गुल्मी जिल्लालाई तीन अभियान टोली र बाके बर्दियालाई चार अभियान क्षेत्रमा विभाजन गरी केन्द्रीय सदस्यहरूको नेतृत्वमा टोली परिचालन गरिएको छ । टोलीमा प्रदेश सदस्य ,जिल्ला, नगर, गाउ, वडा सदस्य, सेल तथा पार्टी सदस्य समेत परिचालित भएका छन् । एक नम्बर टोलीमा केन्द्रीय नेता के.बी.गुरुंग र निरज के.सी.को नेतृत्व रहेको छ । जसलाई जिल्लाको सापेक्षतामा दुई वटा टोलीमा बिभाजन गरी कार्यक्रम अगाडि बढाइएको छ ।

अभियानमा राजनैतिक वैचारिक प्रशिक्षण तथा देजमो एवम् जबस मोर्चाका सदस्यता वितरणलाई तीव्रता दिइएको छ । सो टोलीमा नवलपरासी रूपन्देही र कपिलवस्तुका पार्टी नेतृत्व समेत सहभागी भएको नवलपरासी सेक्रेटरी संकल्पले बताउनुभयो । सो टोलीले बुधवारदेखि कपिलवस्तुको बाणगंगा नगरपालिकामा अभियान संचालन गरेको जनाइएको छ । टोलीले ६ गतेदेखि ११ गते रूपन्देही र १२ देखि हुदै १४ गते नवलपरासीको बर्दघाटमा अभियान समापन गर्ने कार्यक्रम रहेको छ । त्यस्तै जिल्ला जिल्लामा पनि अभियान संचालन भइरहेको छ । त्यस्तै टोली नम्बर २ ले २१ दिने अभियान बनाएको छ । जसमा केन्द्रीय सदस्य हिरामणि दुःखी, कुमार शाह र टिकाराम पौडेलले नेतृत्व गर्नुभएको छ । टोलीले सात गते सम्म आन्तरिक तयारी गरि ७ गते दाङको घोराहीबाट अभियान तीब्र बनाउने दुखीले बताउनुभयो । त्यस्तै बाँके र बर्दियाको अभियानको नेतृत्व केन्द्रीय सदस्य धनेश्वर पोखरेल र भुपेन्द्र न्यौपानेले गर्नुभएको छ ।

अभियान चारको नेतृत्व भने प्रदेश कार्यालयको रहेको नेता सुवेदीले बताउनुभयो । सो गुल्मी पाल्पा अर्घाखाँचीमा जिल्ला जिल्लाले अभियान सञ्चालन गरिएको छ । सम्पुर्ण अभियानको नेतृत्व तथा अनुगमन भने प्रदेश सचिव प्रेम सुवेदीले गर्नुभएको छ । क्रान्तिकारी माओवादीको स्थायी समितिको तर्फबाट नेता परि थापालाई प्रदेश नम्बर ५ को जिम्मा रहेको बुझिएको छ ।

तीन महिने अभियान अन्तर्गतको सो संयुक्त अभियानमा सघन संगठन भएका स्थानमा संगठन सुदृढीकरण र संगठन नभएका स्थानमा सम्पर्क संगठन निर्माण गरी देजमो, युवा तथा बिद्यार्थी, मजदुर ,किसान र महिला संगठनको सदस्यता वितरणलाई बिशेष जोड दिदै अन्य जनबर्गीय तथा मोर्चा संगठनका सदस्यता वितरण तथा संगठन गठन पुर्नगठन गर्ने कार्यले तीब्रता पाएको देजमोका केन्द्रीय सचिवालय सदस्य तथा पांच नम्बर प्रदेश संयोजक के.बी गुरुङले बताउनुभयो ।

क्रान्तिकारी माओवादीले पांच नम्बर प्रदेश अन्तरगतका जिल्लाहरूका पार्टी तथा देजमोका जिल्ला कमिटीलाई प्रशिक्षण दिदै चुस्त दुरुस्त बनाउदै नगर तथा गाउँ कमिटीलाई वैचारिक प्रशिक्षण दिदै आएको जनाएको छ । अभियान अन्तरगत सबै जिल्लामा जनवर्गीय तथा मोर्चा संगठनका भेला तथा सम्मेलनलाई तीब्रता दिएको जनाइएको छ ।

# क्रान्तिकारी माओवादी बर्दियाको सेक्रेटरीमा जैसी

आयुष न्यौपाने/बर्दिया । नेकपा (क्रान्तिकारी माओवादी) बर्दियाको शनिबार सम्पन्न भेलाले जिल्ला पार्टी सेक्रेटरीमा लोकराज जैसीलाई चयन गरेको छ । भेलाले जैसीको नेतृत्वमा १३ सदस्यीय जिल्ला समिति चयन गरेको हो ।

क्रान्तिकारी माओवादीका पोलिटव्यूरो सदस्य प्रेम सुवेदीको प्रमुख आतिथ्यतामा सम्पन्न भेलापछिको प्रथम बैठकले चार जना वैकल्पिक सदस्यहरू पछि थप्ने निर्णय गरेको छ भने लोकराज, लोकेन्द्र र दिल बहादुर कठायत गरी तीन जनाको सचिवालय समेत गठन गरेको छ ।

बैठकले संगठन निर्माण सुदृढीकरण तथा जनपरिचालन अभियानलाई जिल्लाभर चलाउने, मोर्चा र संगठनहरूको भेला गर्ने लगायतको निर्णय गरेको प्रेस विज्ञप्ति मार्फत् जनाइएको छ ।

भेलामा केन्द्रीय सदस्य तथा बाके-बर्दिया इन्चार्ज संकुल, पूर्व केन्द्रीय सदस्य खडक बहादुर मल्ल, सेक्रेटरी दुर्गा खत्री लगायतले सम्बोधन गर्नुभएको थियो ।

## क्रान्तिकारी...

तथा ४ नं. प्रदेश सचिव श्यामको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त भेलामा पार्टीका पोलिटब्यूरो सदस्य तथा देजमो, नेपाल ४ नं. प्रदेश संयोजक केशवहादुर परियार, र पार्टी केन्द्रीय सदस्यहरू अरुण, निश्चलको विषेश आतिथ्यता रहेको थियो । उक्त भेलालाई सम्बोधन गदै नेताहरू श्याम, केशवहादुर परियारले नव गठित नगर कमिटिलाई बधाई तथा शुभकामना दिँदै देजमोको संगठन निर्माण अभियान तीव्र बनाउदै छिट्टै नगरका सबै वडाहरूमा वडा समितिहरू गठन गरी नगर सम्मेलन गर्न नवगठित नगर सम्मेलन आयोजक समितिलाई निर्देशन दिनुभयो ।

त्यसैगरी पार्टी केन्द्रीय सदस्यहरू रामजी थापा, कमरेड निश्चल, अनेमसंघ केन्द्रीय सदस्य कल्पना थापा, मजदुर मोर्चा केन्द्रीय सदस्य कर्ण वहादुर पुन, तमु राष्ट्रिय मुक्ति मोर्चा केन्द्रीय सदस्य टेकबहादुर गुरुङ्ग, देजमो कास्की जिल्ला सचिव राम पुन, युवा मोर्चा कास्की जिल्ला संयोजक कुलबहादुर विश्वकर्मा, सुकुम्बासी मोर्चा कास्की जिल्ला संयोजक संजय कार्कीले भेलाको सफलताको शुभकामना व्यक्त गर्नु भएको थियो । देजमो नेपाल कास्की जिल्ला संयोजक सन्तवहादुर भुजेलको अध्यक्षतामा सम्पन्न उक्त भेलाको सञ्चालन परशुराम कोइरालाले गर्नुभएको थियो ।

**४ नं. प्रदेशको आरवाइएल संयोजकमा उत्तम थापा**

क्रान्तिकारी युवाहरूको हालै सम्पन्न एक भेलाले ४ नं. प्रदेशको संयोजकमा उत्तम थापालाई चयन गरेको छ । क्रान्तिकारी माओवादीका पोलिटब्यूरो सदस्य तथा ४ नं. प्रदेश सचिव श्यामको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त भेलाले उत्तम थापाको संयोजकत्वमा ४ जना सदस्यहरू पछि थप गर्ने गरी १३ सदस्यीय ४ नंम्बर प्रदेश समिति गठन गरेको छ । जसमा संयोजक उत्तम थापा (नवलपरासी, सह-संयोजक तिलक अधिकारी (स्याङ्गजा), सदस्यहरूमा इन्द्र गुरुङ्ग (कास्की), विजय आले (गोर्खा), विक्रम थापा (बागलङ्ग), राजकुमार सुनार (कास्की), कुलवहादुर विश्वकर्मा (कास्की), संजय कार्की (बागलङ्ग), फुलमाया वि.क.(कास्की) रहेका छन् । क्रान्तिकारी युवा लिग (आरवाइएल) केन्द्रीय सचिवालय सदस्य उत्तम थापाको अध्यक्षता र सञ्चालनमा सम्पन्न उक्त भेलामा केस निश्चलको विषेश उपस्थिति रहेको थियो ।

**अनेमसंघ (क्रान्तिकारी) ४ नं. प्रदेशको अध्यक्षमा कल्पना थापा**

क्रान्तिकारी माओवादीको प्रदेश कार्यालय पोखरामा सम्पन्न एक भेलाले अखिल नेपाल महिला संघ(क्रान्तिकारी)को ४ नं. प्रदेशको अध्यक्षमा कल्पना थापालाई निर्वाचित गरेको छ । क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य तथा ४ नं. प्रदेश महिला विभाग प्रमुख अरुणको प्रमुख आतिथ्यतामा सम्पन्न भेलाले कल्पना थापाको अध्यक्षतामा ४ जना सदस्यहरू पछि थप गर्ने गरी १७ सदस्यीय ४ नम्बर प्रदेश समिति गठन गरेको हो । जसमा अध्यक्षः कल्पना थापा, उपाध्यक्षः देवी थापा, सचिवः गिता पाण्डे, सहसचिवः तेजकुमारी घर्ति, कोषाध्यक्षः लक्ष्मी मल्ल र सदस्यहरूमा सन्तु घर्तिमगर, राधिका देवि अधिकारी, उर्मिला श्रीस, धनमाया थापा, दिलकुमारी पुन, उजेली रानाभाट, हेमकुमारी आले, मिना कोइराला, बिष्णु राना, धनमाया घर्ति, माया सापकोटा, कल्पना बिन्दु गौतम रहेका छन् । कल्पना थापाको अध्यक्षतामा सम्पन्न भेलामा पार्टी केस निश्चल र हेमन्तको विषेश उपस्थिति रहेको थियो ।

**नेपाल दलित मुक्ति मोर्चाको कास्की जिल्ला भेला सम्पन्न**

नेपाल दलित मुक्ति मोर्चाको कास्की जिल्लास्तरीय भेला पोखरामा सम्पन्न भएको छ । मोर्चाकी केन्द्रीय सदस्य सिता परियारको अध्यक्षता तथा क्रान्तिकारी माओवादी पोलिटब्यूरो सदस्य एवम् दलित मोर्चाका केन्द्रीय फ्याक्शन इन्चार्ज केशवहादुर परियारको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त भेलाले राजकुमार सुनारको संयोजकत्वमा १३ सदस्यीय कास्की जिल्ला भेला आयोजक समिति गठन गरेको छ । जसमा संयोजकः राजकुमार सुनार, सदस्यहरूः कुलवहादुर विश्वकर्मा, बाबुराम मिजार, जालवहादुर विश्वकर्मा, मिरा विश्वकर्मा, टेकलाल विश्वकर्मा, शिवराज पटेल, रूपा सुनार, सिता नेपाली, सुजन पाचकोटी, सुनिल नेपाली, किरण विश्वकर्मा, इन्द्र रसाइली, रहेका छन् ।

उक्त भेलाको सफलताको शुभकामना दिदै इन्चार्ज केशवहादुर परियारले हजारौ बर्षदेखि दलित समुदायमाथि लादिएको सामन्ती ब्राह्मणवादी सँस्कृति, सँस्कार, रुढीवादी परम्परा, रीतिरिवाज, जातपात छुवाछुत तथा भेदभाव जस्तो अत्यन्त निकृष्ट र अमानवीय प्रथा नेपाली समाजमा अहिलेसम्म पनि चल्दै आईरहेकोले मोर्चाले दलित समुदायमाथि हुने यी सबैखाले उत्पीडन र ज्यादती विरुद्ध मात्रै नभएर सामन्तवाद, साम्राज्यवाद, विस्तारवाद, प्रतिक्रियावाद, संशोधनवाद, एंवम सबै प्रकारका अवसरवादका विरुद्ध पनि दृढतापर्वक लड्नुपर्ने आवश्यकता औंल्याउनु भयो । त्यसको लागि सम्पूर्ण उत्पीडित दलित समुदायहरूलाई नेपाल दलित मुक्ति मोर्चामा संगठित हुन उहाँले आव्हान गर्नुभयो ।

भेलामा मजदुर मोर्चा केन्द्रीय सदस्य कर्ण वहादुर पुन, प्राध्यापक मोर्चाका केन्द्रीय उपाध्यक्ष परशुराम कोइराला, युवा मोर्चाका केन्द्रीय सदस्य इन्द्र गुरुङ्ग लगायतको उपस्थिति रहेको थियो ।

यसैबीच, अभियानको क्रममा ४ नम्बर प्रदेशमा विद्यार्थी संगठन निर्माण कार्य तीव्र रूपमा भैरहेको छ । कास्की, तनहुँ, नवलपुर लगायतका जिल्लाहरूमा जिल्ला कमिटिहरू गठन, बैठक, प्रशिक्षणहरू भैरहेको छन् । ४ नम्बर प्रदेश इन्चार्ज कमरेड मनकुमार न्यौपानेको विषेश सक्रियतामा उक्त अभियान तीव्र रूपमा भैरहेको छ ।

**प्रदेशका सबै जिल्लामा जनयुद्ध दिवस मनाइयो**

जनयुद्ध दिवस ४ नम्बर प्रदेशका सबै जिल्लाहरूमा भव्यरूपमा मनाइएको छ । कास्की जिल्लाले पोखरा स्थित प्रदेश कार्यलयमा औपचारिक रूपमा जनयुद्ध दिवस मनाएको छ । पार्टी केन्द्रीय सदस्य तथा कास्की जिल्ला इन्चार्ज अरुण अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा पार्टी पोलिटब्यूरो सदस्य तथा ४ नं. प्रदेश सचिव श्यामको प्रमुख आतिथ्यता रहेको थियो भने पार्टीका पोलिटब्यूरो सदस्य तथा देजमो नेपाल ४ नं. प्रदेश संयोजक केशवहादुर परियार, पार्टी केन्द्रीय सदस्य निश्चलको विशेष उपस्थितिमा उक्त दिवस मनाइयो । दिवस कार्यक्रममा प्रदेश एवम् जिल्लाका नेता तथा कार्यकर्ताहरूको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन हेमन्तले गर्नुभएको थियो । कार्यक्रममा शुभकामना आदान प्रदानका साथै जनयुद्धले नेपाली नयाँ जनवादी क्रान्तिमा गरेको योगदानको विषयमा चर्चा गरिएको थियो ।

**नवलपरासीमा संयुक्त रूपमा मनाइयो जनयुद्ध दिवस**

नवलपरासी जिल्लाले नवलपुरको दलदलेमा औपचारिक रूपमा जनयुद्ध दिवस मनाएको छ । नेकपा (क्रान्तिकारी माओवादी) र नेकपा (विप्लव) सहितको संयुक्त कार्यक्रमको अध्यक्षता क्रान्तिकारी माओवादीका जिल्ला सेक्रेटरी उत्तम थापाले गर्नुभएको थियो भने क्रान्तिकारी माओवादी केन्द्रीय सदस्य एवंम नवलपुर जिल्ला पार्टी इन्चार्ज अनुकुलको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा नेकपा (विप्लव)का जिल्ला सेक्रेटरी चित्तल सिंहको विशेष उपस्थिति रहेको थियो भने हिमालले कार्यक्रमको संचालन गर्नुभएको थियो ।

**तनहुँको दवघाटमा देजमोको इकाई कमिटि गठन**

तनहुँ जिल्लाको देवघाट गाउँपालिकामा ४ फाल्गुनमा भएको एक भेला यही वसन्तको संयोजकत्वमा देजमोको ७ सदस्यीय देवघाट गाउँपालिका इकाई समिति गठन गरेको छ । उक्त भेलामा क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य एवम् तनहुँ जिल्ला पार्टी इन्चार्ज अनुकुल, तनहुँ जिल्ला सेक्रेटरी नेत्र रानाभाट, अखिल नेपाल महिला संघ ४ नम्बर प्रदेश समिति सदस्य उजेली रानाभाट लगायतको उपस्थिति रहेको थियो ।

## एकता...

रहेका क्रान्तिकारीहरूलाई गोलबन्द गरेर मात्रै नयाँ जनवादी क्रान्तिको प्रक्रियालाई अगाडि बढाउनु पर्ने बताउँदै महासचिव किरणले निकट भविष्यमा नै क्रान्तिकारीहरूबीचको एकता र ध्रुवीकरणले एउटा फड्को मार्ने दावी गर्नुभयो ।

कार्यक्रमको प्रमुख अतिथिको आसनबाट बोल्दै महासचिव किरणले जनयुद्धका लक्ष्य र सहिदहरूका सपना साकार पार्न सबै क्रान्तिकारीहरू एक ठाउँमा आउनुपर्ने विचार पनि राख्नुभयो ।

कार्यक्रममा स्थायी समिति सदस्य रामसिंह श्रीस, पोलिटव्यूरो सदस्य दिनेश शर्मा सागर, केस तथा काठमाडौं इन्चार्ज सुरेश श्रेष्ठ, पूर्व सल्लाहकार सचिव दीर्घप्रसाद पाण्डे, नेता मोतिरत्न अमात्य लगायतका नेताहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा सहिद तथा वेपत्ता परिवार योद्धाका परिवारहरूलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो । कार्यक्रममा क्रान्तिकारी युवा लिगको नेता सुरेश लामा, अनेमसंघ (क्रान्तिकारी) नेतृ शान्ता पण्डितको पनि उपस्थिति रहेको थियो । पार्टीका ६ नं. इलाकाका इन्चार्ज गणेश खनालले अध्यक्षता गरेको उक्त कार्यक्रमको संचालन विष्णुकुमार कार्कीले गरेको थियो भने सुमित्रा श्रेष्ठले स्वागत मन्तव्य राख्नुभएको थियो ।

# सप्तरीको सुरुङ्गा न.पा.मा संगठन निर्माण तीव्र

सप्तरी । नेकपा (क्रान्तिकारी माओवादी)ले चलाएको तीन महिने संगठन विस्तार अभियानको क्रममा सप्तरीको सुरुङ्गा न.पा.मा संगठन निर्माण तीव्र रूपमा भईरहेको छ ।

क्रान्तिकारी माओवादीको जिल्ला नेतृत्वले दिएको जानकारी अनुसार सुरुङ्गा नगरपालिका वडा नं. १ मा देजमोको वडा कमिटि गठन गरिएको छ । बद्री परियारको संयोजकत्वमा २ सदस्य पछि थप गर्ने गरी ९ सदस्यीय कमिटि गठन गरिएको क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य तथा सप्तरी इन्चार्ज मोहनसिंह तामाङले जानकारी दिए । उक्त कमिटिका सदस्यहरूमा चन्द्रमाया विक, बुद्ध विक, लाल बहादुर खनाल, निर्मला खत्री, राधा कार्की, शुक्र विक लगायत रहेका छन् ।

त्यस्तै, उक्त नगरपालिको वडा नं. १ मा अखिल (क्रान्तिकारी)को ९ सदस्यीय कमिटि गठन गरिएको छ । जसको संयोजकमा गायत्री विक रहेकी छिन् भने सदस्यहरूमा अप्सरा परियार, कविता निरौला, ज्ञानेन्द्र विक, सुनिल विक, तुलसा थापा मगर, बिशाल बस्नेत, रोमा खनाल र रूपा गजमेर रहेका छन् ।

त्यस्तै गरी प्राप्त समाचार अनुसार सुरुङ्गा नगरपालिका वडा नं. २ मा देजमोको वडा कमिटि गठन गरिएको छ । १ सदस्य पछि थप गर्ने गरी बनाइएको उक्त कमिटिको संयोजकमा बानेश्वर चौधरी छन् भने सदस्यहरूमा मोहितलाल चौधरी, मोहन तामाङ, रमेश चौधरी लगायतका छन् ।

सोही नगरपालिकाको वडा नं. ४ कदमामा अखिल नेपाल ट्रेड युनियन महासंघको औद्योगिक मजदुर संघ गठन गरिएको छ । ४ सदस्य पछि थप गर्ने गरी ११ सदस्यीय समिति गठन गरिएको छ । उक्त समितिको संयोजकमा पञ्चिदेवी चौधरी रहेकी छिन् भने सदस्यहरूमा आशा चौधरी, संगीता राई, आशा मगर, करिश्मा चौधरी, शान्ति मगर, प्रियंका चौधरी लगायत रहेका छन् ।

# ५ नं. प्रदेशको आरवाइएल संयोजकमा भूकम्प

नेपालगञ्ज । आइतबार सम्पन्न भएको क्रान्तिकारी युवाहरूको एक भेलाले क्रान्तिकारी युवा लिग (आरवाइएल)को ५ नं. प्रदेशको संयोजकमा दिलबहादुर कठायत'भूकम्प' निर्वाचित भएका छन् । भेलाले १५ सदस्यीय प्रदेश कमिटि निर्माण गरेको छ । उक्त कमिटिका सदस्यहरूमा चन्द्रप्रसाद पुन (कपिलवस्तु), पुर्णप्रसाद पोखरेल (परासी), विरेन्द्रबहादुर शाही (बाँके), लोकेन्द्र आचार्य (बर्दिया), पुष्पराज नेपाली (परासी), यज्ञबहादुर विक (दाङ)लगायत रहेका छन् ।

भेलामा क्रान्तिकारी माओवादीका पिविएम प्रेम सुवेदी, केस भूपेन्द्र न्यौपाने, क्रान्तिकारी युवा लिगका केन्द्रीय अध्यक्ष अमीर महर्जन, बाँके पार्टी सचिव तेजविक्रम शाही लगायतका नेताहरूको उपस्थिति रहेको थियो । नवगठित कमिटिको बैठकले भ्रष्टहरूलाई कारबाही गर्नेदेखि संगठन विस्तार गर्नेसम्मका निर्णय गरेको छ ।

# मिलेराँवाद र नेपालका मिलेराँवादीहरूका सन्दर्भमा

**हरेक कम्युनिष्टले सो सच्चाईलाई आत्मसात् गर्ने पर्छ कि राजनीति सत्ता बन्दुकको नालबाट जन्मन्छ ।**

*-माओत्सेतुङ*





● हस्तबहादुर के.सी ●

मिलेराँवाद मार्क्सवाद विरोधी एक दार्शनिक प्रणाली हो । मिलेराँवाद भनेको मन्त्रिमण्डलवाद (संसद्वाद) भन्ने हो । यस विचारका प्रवक्ता अलेक्सान्द्रा एत्सन मिलेरा (सन १८५९-१९४३) हुन् ।)

अलेक्सान्द्र एत्सन मिलेराँ फ्रान्सीसी राजनीतिज्ञ थिए । १९औं शताब्दीको अन्त्यतिर उनी समाजवादी पक्षधर बनेका थिए । फ्रान्सीसी राजनीतिज्ञ थिए । १९औं शताब्दीको अन्त्यतिर उनी समाजवादी पक्षधर बनेका थिए । फ्रान्सीसी समाजवादी आन्दोलनमा उनले एक अवसरवादी धाराको प्रतिनिधित्व गरेका थिए ।

उनी मन्त्रिमण्डलवादका पक्षपाती थिए । उनी फ्रान्सको प्रतिक्रियावादी बुर्जुवा सरकारमा सामेल भएका थिए । सन् १९०४ मा उनलाई समाजवादी पार्टीबाट निष्काशन गरिएका थियो । सन १९२० देखि १९२४ सम्म उनी फ्रान्सीसी गणराज्यका राष्ट्रपति समेत बनेका थिए । मिलेरा मन्त्रिमण्डलवाद (संसद्वाद) का प्रणेता हुन उनी विश्वभरका प्रमुख संशोधनवादी गद्धारहरूको कोटाभित्र पर्दैछन् । सन् १९४३ मा ८४ वर्षको उमेरमा अलेक्सान्द्रा एत्पन मिलेराको मृत्यु भएको थियो ।

मिलेरा दोस्रो कम्युनिष्ट अन्तर्राष्ट्रियका एक नेता पनि थिए । मिलेराद्वारा प्रतिपादित र प्रयोग गरिएको मन्त्रिमण्डलवाद अर्थात् संसदवादले तत्कालीन विश्व कम्युनिष्ट आन्दोलनभित्र र विशेष गरी रुसी कम्युनिष्ट आन्दोलनभित्र ठूलो प्रभाव पारेको थियो । रुसका मेन्सेविकवादीहरू लोकवादीहरू एसेरवादीहरू अर्थवादीहरू ट्रस मिलेराद्वारा प्रतिपादन मन्त्रिमण्डलवादको गहिरो प्रभावमा परेका थिए । सन् १९०३ मा रुसी कम्युनिष्ट पार्टीमा फुट आउन र बोल्सेविक र मेन्से विक बन्नुमा मिलेराको मन्त्रिमण्डलवाद संसद्वादले पनि ठूलो काम गरेको थियो ।

दोस्रो कम्युनिष्ट अन्तर्राष्ट्रियका नेता एडवर्ड बर्नस्टिन (सन् १८५०-१८३२) शास्त्रीय संशोधनवादका प्रणेता मानिन्छन् । सन् १८८९ मा फ्रेकरिक एँगेल्सको नेतृत्वमा दोस्रो अन्तर ष्ट्रियको स्थापना गरिएको थियो । सन् १८९५ मा फ्रेड रिक एँगेल्सका निधन भयो ।त्यसको उक वर्षपछि सन १८९६ मा एडवर्ड बर्नस्टिनले मार्क्सवाद पुरानो भयो यसको पूरै पुनर्लेखन गर्नु पर्दछ भन्दै सिंगो मार्क्सवादप्रति आक्रमण गर्दै धावा बोलेका थिए ।

बर्नस्टिन जर्मनका सामाजिक जनवादी क्रान्तिकारी मजदुर आन्दोलनका संशोधनवादी प्रवक्ता हुन् । सन् १८९६-१८९८) मा बर्नस्टिनले समाजवादको समस्या भन्ने लेख श्रृंखला प्रकाशित गरेका थिए । त लेखहरूमा उनले दर्शनशास्त्र राजनीतिक अर्थशास्त्र तथा वैज्ञानिक समाजवादका सिद्धान्तका क्षेत्रमा मार्क्सवादको आधारभूत प्रस्तावनाको खुलेआम आलोचना गरेका थिए। फ्रेडारिक एँगेल्सको मृत्युपश्चात् सन् १८९६ मा दोस्रो इन्टरनेसनलभित्र मार्क्सवादका विरुद्ध पहिलोपटक संशोधनवादको प्रस्ताव पेस गर्ने पहिलो व्यक्ति एडवर्ड बर्नस्टिन हुन् । उनले द्वन्द्वात्मक भौतिकवाद वैज्ञानिक समाजवाद सर्वहारावर्गको अधिनायकत्वलाई अस्वीकार गरि वर्गसंघर्षलाई समाप्त पार्दै लैजाने सिद्धान्त प्रतिपादन गरेका थिए ।

बर्नस्टिन मार्क्सवादका खुला संशोधनवादी थिए भने मिलेरा भने मार्क्सवाद भित्र घुसरे संशोधन वादलाई मलजल गर्नेचरम अवसरवादी थिए । मिलेराले कम्युनिष्टहरूले संसदमा भाग लिएर त्यसमा बहुमत हासिल गरेर सरकारमा जाने त्यसपछि संसद्बाटै जनवादको घोषणा गरेर कम्युनिष्टहरूले सर्वहारावर्गको राज्यसत्ता प्राप्त गर्न सकिन्छ भन्ने विचार अगाडि सारेका थिए ।

दोस्रो इन्टनेशनलका अर्का नेता कार्ल काउस्कीमा मिलेरावादको गहिरो प्रभाव परेको थियो । कार्ल काउस्की जर्मन सामाजिक जनवादीको तर्फबाट दोस्रो इन्टरनेसनलका नेता बनेका थिए । उनले सर्वहारा अधिनायकत्वको आलोचना गर्दै संसद्वर्ग संघर्षदेखि मुक्त हुनुपर्छ भन्नेचिन्तन अगाडि सारेका थिए । संसदीय जनवादको पक्षधर भएर सर्वहारावर्गको अधिनायकत्वको विरोध गरेका थिए ।

जर्मन कम्युष्टि पार्टी तथा दोस्रो इन्टर नेसनलका चर्चित नेता काउस्की कुनै बेला धगडान मार्क्सवादी नेता थिए । जब उनी मार्क्सवादी सिद्धान्तवाद विचलित हुन पुगे तब उनी लेनिनको शब्दमा गद्दारको रूपमा प्रस्तुत हुन पगे । उनी विश्व साम्राज्यवादी युद्धका (सन् १८१४-१९१८) मा मध्यवाद अर्थात् सामाजिक अन्धराष्ट्रवादी विचारधारा अपनाए



यस विचारधारालाई उनले अन्तर्राष्ट्रियवादी शब्द डम्बरले ढाकछोप गर्थे उनी प्रतिक्रियावादी सिद्धान्त अति साम्राज्यवादका प्रतिपादकसमेत बने । उनले महान् रुसी अक्टुवर समाजवादी क्रान्तिप्रति खुला रूपमा सर्वहारा क्रान्ति, सर्वहारा अधिनायकत्व र सोभियत सत्ताको विरोध गर्नपुगेका थिए ।

सन् १९१८ मा लेनिनले सर्वहारा क्रान्ति र गद्दार काउस्की नामक पुस्तक रचनासमेत गर्नु भएको थियो । स्टालिनको मृत्युपश्चात रुसी कम्युनिष्ट पार्टी (बोल्सेभिकभित्र मिलेरावादको गहिरो प्रभाव पर्न गयो । सन् १९५३ मा स्टालिनको मृत्यु भयो । त्यसपछि र तत्कालीन सोभियत सत्ता सम्हाल्न रुसी नेता निकिता ख्रुश्चोभ मिलरावादका खुला र इमान्दार प्रवक्ताका रूपमा देखा परे । स्टालिनको मृत्युपश्चात खुश्चोभ सोभियत संघका नेता तथा राष्ट्रपति बन्न पुगे । सन् १९५६ को फेब्रुअरीमा अखिल संघीय कम्युनिष्ट पार्टी बोल्सेविक को बीसौं महाधिवेशन सम्पन्न हुँदै गर्दा तत्कालिन राज्य प्रमुख निकिता ख्रुश्चोभद्वारा २४-२६ तारिखको मध्यरातमा स्टालिनको विरुद्ध धावा बोल्दै गोप्य रिपोर्ट पेश गरे । उनले सम्पूर्ण जनताको पार्टी सम्पूर्ण जनताको राज्य र शान्तिपूर्ण संक्रमणको सिद्धान्त अबलम्बन गर्दै तथा वर्ग संघर्ष सर्वहारा वर्षको अधिनायकत्व र सशस्त्र संघर्षका विरुद्ध भीषण हमला बोल्दै रुसमा पुँजीवादीको स्थापना गरे ।

निकिता ख्रुश्चोम मिलेरावादका असल र इमान्दार चेला थिए । उनलाई आधुनिक संशोधनवादका प्रवक्ता भनिन्छ । ख्रुश्चोभी आधुनिक संशोधनवादका विरुद्ध कमरेड माओले विश्व कम्युनिष्ट आन्दोलनभित्र महान् बहस चलाउनु भयो । सन् १९५६ मा चिनीयाँ कम्युनिष्ट पार्टीले आठौं महाधिवेशनको आयोजना गऱ्यो । त्यस महाधिवेशनले मिलरा तथा ख्रुश्चोमका असल चेला ल्भूशाखोचिले पेश गरेको पुँजीवादी कार्यदिशा पारित गऱ्यो र चीनमा पनि प्रतिक्रान्तिको विजारोपण गरियो । सन् १९७६ मा माओको निधन भएको १ महिनापछि चीनमा पनि प्रतिक्रान्ति भयो ।

रूस र चीनमा भएको प्रतिक्रान्तिले विश्व कम्युनिष्ट आन्दोलनमा गम्भीर क्षति पुग्यो । नेपाली कम्युनिष्ट आन्दोलन पनि आफ्नो शैवकालदेखि नैम न्त्रिमण्डलवाद संसदवालको प्रभावमा माग पर्दै आएको छैन कि त्यसको शिकारसमेत बन्दै आएको छ । वि.सं. २००६ सालमा नेपाल कम्युनिष्ट पार्टीको स्थापना भएको थियो स्थापनासँगै नेकपाले नौलो जनवादी क्रान्तिको कार्यक्रम प्रस्तुत गरेको थियो ।

२००८ सालमा काठमाडौंको महानगरपालिकाको चुनाव गरियो त्यस चुनावमा नेकपाले भाग लियो । बहुमत पनि ल्याएको थियो । त्यस्तै २०१५ सालको पहिलो संसदीय व्यवस्थाको निर्वाचनमा पनि नेकपाले विनासर्त भाग लिएको थियो र काठमाडौं उपत्यकालगायत ४ स्थानमा विजय हासिल पनि गरेको थियो । २०१७ साल पुस १ गते तत्कालीन राजा महेन्द्रले सैनिक कू गरी बहुदलीय व्यवस्थालाई अपदस्त गरी निर्दलीय तथा तानाशाही पञ्चायती व्यवस्थाको स्थापना गरेपश्चात २०१७ सालको फागुनमा नेकपा भारतको दरभंगामा चर्चित प्लेन बसेको थियो । त्यस दरभंगा प्लेनभले विघटित संसदको पुनर्स्थापनाको प्रस्तावले एक मतले पारित गरेको थियो ।

२०१९ सालमा सम्पन्न गरिएको नेकपाको तेस्रो महाधिवेशन त तुलसीलाल अमात्यले प्रस्तुत गरेको राष्ट्रिय प्रजातन्त्र नाम दिइएको ख्रुश्चोभी विचारको प्रस्ताव पारित गरेको थियो त्यो दस्तावेज पुँजीवादी संसदवादी कार्यक्रम थियो । यसको मूल सैद्धान्तिकसमेत मिलेरावाद नै थियो । त्यस पछि नेपाल कम्युनिष्ट पार्टी फुटेर छिन्नछिन्न अवस्थामा पुग्यो ।

माले, मार्क्सवादी, नेमकिपालगायत सात वाम शक्ति मिलेर बनेको संयुक्त वाममोर्चाले २०४६ सालमा नेपाली कांग्रेससँग ३० वर्षे पञ्चायती व्यवस्था विरुद्ध संयुक्त जनआन्दोलनमा सहभागी भयो र २०१७ सालमा अपदस्तमा परेका बहुदलीय व्यवस्थाको पुनर्स्थापनाको मागलाई स्वीकारेर संसदवादलाईपनि स्वीकार्यन पुग्यो । २०४८ सालको आम निर्वाचनमा भाग लियो ।

२०४९ सालमा नेकपा (एमाले)का तत्कालीन महासचिव मदन भण्डारीले ख्रुश्चोभपन्थी जनताको बहुदलीय जनवाद नाम विचार ल्याए त्यसैलाई एमालेले आफ्नो मार्गदर्शक सिद्धान्त मान्दै आएको थियो त्यसरी जनवादमा बहुदलवाद घुसाएर मदन भण्डारीले नेपाली कम्युनिष्ट आन्दोलनलाई पुरै संसदवादमा पतन गराउने बाटो कोरिदएका थिए ।

२०५२ साल फागुन १ गतेदेखि युद्ध गरेर दश वर्षसम्म सञ्चालन गरिएमो महान जनयुद्धको नेतृत्व गर्दै आएका पुष्पकमला दाहाल प्रचण्ड र डा.बाबुराम भट्टराईले पनि शान्तिप्रक्रियामा प्रवेश गरेपछि पार्टीको निर्णय बमोजिम संविधानसभाबाट सामन्तवाद तयार सामाजवादविरोधी सारतत्व बोकेको जनताको संघीय गणतन्त्रात्मक संविधान निर्माण गरेर नेपाली क्रान्ति सम्पन्न गर्ने यसमा प्रतिक्रियावादी पक्षबाट षड्यन्त्र भएमा जनविद्रोहमार्फत क्रान्ति सम्पन्न गर्ने भन्ने २०५६ मंसिरमा सम्पन्न खरिबाटे राष्ट्रिय भेला र २०६७ मंसिरमा सम्पन्न पालुङटार प्लेनभका निर्णयका विरुद्ध धावा बोल्दै शान्ति र संविधान नाम दिएको संसदवादी पुँजीवादी कार्यदिशालाई आत्मसात गर्दै महान् दश वर्षे जनयुद्धको प्रक्रियामाअन्तर्गत निर्णय गरिएका जनमुक्ति सेना विघटन गर्ने र हतियारसमेत प्रतिक्रियावादी सरकारलाई बुझाएर पहिलो संविधानसभालाई २०६९ जेठ १४ गते मध्यरातमा विघटन गरेर साम्राज्यवादी तथा विस्तावादीहरूको निर्देशन र ग्राण्डडिजाइनमा कथित दोस्रो संविधानसभाको निर्वाचन २०७० साल मंसिर ४ गते सम्पन्न गराएर २०७२ असोज ३ गते प्रतिक्रियावादी संविधान जारी गर्ने कुरामा महत्व पूर्ण भूमिका निर्वाह गरेका थिए ।

संसदस्य व्यवस्थालाई बलियो बनाउन र प्रतिक्रियावादी संविधानलाई कार्यान्वयनमा ल्याउनु पर्छ भन्ने पार्टीमा माके नै अग्रपक्तिमा उभियो । र एमालेसँग कथित वाममोठबन्धन गरेर सरकार गठनका लागि पर्याप्त बहुमत हासिल गर्न पनि सफल भयो र माके एमालेका बीचमा पार्टी एकता हुने भयो । एमाले पनि संसद्बाटै समाजवादी व्यवस्था स्थापना गर्ने भनेको छ । माओवादी केन्द्रले पनि संसद्बाटै समाजवादी व्यवस्था स्थापना गर्ने र मुलुकको समृद्धि गर्ने भनेको छ। उनीहरूले पश्चगामी र प्रतिक्रियावादी संविधानमा पनि समाज उन्मुख भन्ने पदावली राखेका छन् । यो मानार्थ र दृष्टिकोण नै मिलेरावादी विचार हो । ख्रुश्चोभपन्थी विचार हो ।

मिलेरावाद तथा ख्रुश्चोभको विचारबाट दुःखित रहेका इन्डोनेसिया कम्युनिष्ट पार्टी चिली कम्युनिष्ट पार्टी हुन् । दुवै संसद्बाट समाजवाद ल्याउने भन्दै संसदीय चुनावबाट सत्तामा पुगे । तर प्रतिक्रियावादी पक्षबाट भीषण प्रकारको प्रतिक्रिया भयो र इन्डोनेसिया कम्युनिष्टको नाममा १४ लाख जनताको हत्या गरियो भने चिलीमा ३ लाख जनताको हत्या गरेर कम्युनिष्ट आन्दोलनलाई निर्मम ढंगले दबाइयो । विश्वका क्रान्तिकारीहरूका लागि चिली र इन्डोनेसियाको परिघटनाहरूको ठूलो शिक्षा प्राप्त भएकै छ ।

एमाले, माकेले भन्ने गरेको समाजवाद मिलरावादी समाजवाद हो । ख्रुश्चोभपन्थी समाजवाद हो जनु मन्त्रिमण्डलवाद संसद्वादमा आधारित समाज हो । आफ्नै नेपालकै सन्दर्भमा भन्ने हो भने नेपाली कांग्रेसका संस्थापन नेता विश्वेश्वरप्रसाद कोइरालाले भन्ने गरेको प्रजातान्त्रिक समाजवाद हो । उनीहरूले भन्ने गरेको समाजवाद सोभियत मोडेलको समाजवादको पतनपश्चात सोसल डेमोक्रेटिक पार्टीहरूमा रूपान्तर हुनु पुगेको पूर्वी युरोपका सोसल डेमोक्रेटिकहरूले लागू गर्दै आएको समाजवाद हो ।

फ्रेडरिक एँगेल्सले प्रष्टै रूपमा भन्नुभएको छ । समाजवाद दुई प्रकारका हुन्छ । काल्पनिक समाजवाद र वैज्ञानिक समाजवाद । त्यसो भए माके एमाले दक्ष फुक्ने गरेको समाजवाद त्यही काल्पनिक समाजवाद हो र नेपाली कांग्रेसले भन्दै आएको प्रजातान्त्रिक समाजवाद हो ।

वैज्ञानिक समाजवाद भनेको त सर्वहारावर्गकै अधिनायकत्वअन्तर्गत निर्माण गरिने सञ्चालन गरिने राज्यव्यवस्था हो । बुर्जुवा तथा प्रतिक्रियावादी संसद्मा बहुमतले ल्याएर प्रतिक्रियावादीहरूको सूत्रमा गएर समाजवाद लागू गर्दछौं भनेको जनतालाई ढाँट्ने भ्रुक्याउने बाहेक अर्को केही पनि होइन । शान्तिपूर्ण ढंगले संसदीय बाटोबाट कहीं पनि कतै पनि समाजवाद आएको छैन र आउँदैन पनि । समाजवाद वर्गसंघर्षको भट्टीबाट सर्वहारावर्गले स्थापना गर्ने राज्यव्यवस्था हो जो वैज्ञानिक समाजवाद हो र यसले वैज्ञानिक साम्यवादसम्म पुग्ने बाटो तय गर्दछ । त्यसो भएर विश्व सर्वहारावर्गका महान् नेता चिनियाँ कम्युनिष्ट पार्टीका अध्यक्ष कमरेड माओत्सेतुङले राज्यसत्ता बन्दुकको नालबाट जन्मन्छ भन्नु भएको छ यही कुरा नै साँचो हो ।

हाल नेपालका माकेका नेता पुष्पकमल दाहाल प्रचण्ड र एमालेका नेता केपी शर्मा ओली फ्रान्सीसी अलेक्सान्द्र रात्उन मिलेरा र रुसी निकिता ख्रुश्चोभका असली तथा इमान्दार चेला भएकोले उनीहरू प्रतिपादन ...बाँकी ८ पेजमा

# जनयुद्धका चर्चित फौजी कारबाहीहरू

दसबर्से जनयुद्धमा माओवादी जनमुक्ति सेनाले हजारौँ लडाइँहरू लडेको थियो। यसक्रममा बाह्रवटा फौजी योजनाअन्तर्गत लडिएका थिए । त्यसमध्ये अधिकांश लडाइँहरूमा जनमुक्ति सेनाले विजय हासिल गरेको थियो। नेपाली इतिहास र विश्व सर्वहारा आन्दोलनको इतिहासमा फौजी कार्यदिशाको यो पछिल्लो कार्यान्वयन कम कष्टकर पक्कै थिएन । त्यसका साथै यो कार्यान्वयन एक स्वाभाविक आवश्यकता र विकासको खुड्किलो पनि थियो। निकै ठूलो त्याग, समर्पण र बलिदानले भरिपूर्ण जनयुद्धको यो कार्यान्वयनमा फौजी कार्यदिशाको विकास तथा नवीन फौजी कार्यनीतिहरूको प्रमुख स्थान थियो।

**होलेरी, राडी र सिन्धुलीगढी प्रहरीचौकी आक्रमण**

फागुन १ गते देशव्यापी मूलतः पर्चा छेरे, पोस्टर टाँसेर र भित्तेलेखन गरेर युद्ध घोषणाको सन्देश प्रवाह गरिएको थियो । त्यही दिन राती केही सशस्त्र हमलाहरू पनि गरिए । सशस्त्र हमलाको निशानामा रहेका थिए- 'स्थानीय सुदखोर, जाली-फटाहाहरू', सरकारी कार्यालय (फौजी र गैरफौजी) र बहुराष्ट्रिय कम्पनीहरू । रोल्पा जिल्लाको होलेरी, रुकुम जिल्लाको राडी र सिन्धुली जिल्लाको सिन्धुलीगढीस्थित प्रहरीचौकीहरूमा समेत आक्रमण गरियो । माओवादी पार्टीको तत्कालीन प्रारम्भिक सैन्यशक्ति 'लडाकु दल' को प्रमुख नेतृत्वमा ती कारबाहीहरू सम्पन्न भएका थिए । काभ्रे र जाजरकोटमा स्थानीय सुदखोरहरू दौलतविक्रम बिष्ट र दीपबहादुर सिंहमाथि उनीहरूको घरमा रहेका किसानका तमसुक च्यातेर कारबाही भएको थियो। गोरखामा साना किसान विकास बैङ्कमा आक्रमण गरियो । बैङ्कमा रहेका कागजपत्र जलाएर जनतालाई सरकारी कृषि ऋणबाट मुक्तिको घोषणा गरियो।

**प्रथम सफल कारबाही बेथान, रामेछाप**

जनयुद्धको सुरुआत भएदेखि माओवादी लडाकु योद्धाहरूले प्रहरीको हतियार खोस्ने थुप्रै योजना बनाए तर ती कोही पनि सफल भइरहेका थिएनन् । युद्धको सुरुआत भएयता करिब ११ महिना यसरी नै बितिसकेका थिए। देशका तीनवटा कमान्डअन्तर्गत चौकी आक्रमणको केन्द्रीय योजना नबनेको पनि होइन । त्यसलाई कार्यान्वयन गर्न पश्चिम कमान्डको त्रिवेणी (रुकुम, जाजरकोट र डोल्पाको सिमाना- २०५३ मङ्सिर २८) मा गरिएको कारबाही असफल भइसकेको थियो। पश्चिम कमान्डकै प्युठानको लुङ प्रहरीचौकी (२०५३ पुस १) मा गरिएको कारबाही प्रहरीसँग हतियार नभएको कारण निर्धारित लक्ष्यमा सफल हुन सकेन। यसैक्रममा २०५३ पुस १९ गते पूर्वी कमान्डअन्तर्गत रामेछाप जिल्लाको बेथानमा अवस्थित प्रहरीचौकीमाथि आक्रमण भयो जुन कारबाही निर्धारित उद्देश्यमा सफल मात्र भएन, बरु जनयुद्धको इतिहासमै पहिलो सफल फौजी हमलामा दर्ज भयो।

**प्रथम सफल कमान्डो कालिकाटार, तनहुँ**

२०५४ जेठ १२ गते तनहुँ जिल्लाको कालिकाटारमा सम्पन्न यो कारबाही 'जनयुद्धको तेस्रो योजना' सुरुआतीको एक उत्कृष्ट कारबाही थियो । कालिकाटारको उक्त कारबाहीबाट छापामारहरूले प्रहरीका सम्पूर्ण हतियार कब्जा गरेका थिए। तर आफ्नै क्रस-फायरका कारण छापामारतर्फ एकजनाको क्षति भएको थियो। भिडन्तमा प्रहरीतर्फ एकजनाको क्षति भएको थियो। बिहान करिब दस बजेतिर जनताको शैलीमा गएर गरिएको यो कारबाहीमा महिला छापामारहरूको भूमिका विशेष उल्लेखनीय रहेको थियो। अत्यन्त जोखिम मोलेर प्राप्त कालिकाटारको उक्त उपलब्धि बच्न भने सकेन । प्रहरीले तुरुन्त 'काउन्टर अप्रेसन' चलायो। कारबाहीबाट फर्किँदै गर्दा प्रहरीको घेरामा परी थप एकजना छापामारको नदीमा डुबेर क्षति भयो।

**प्रथम सफल एम्बुस क्युबाङ, रुकुम**

क्युबाङ कारबाही जनयुद्धको इतिहासमै प्रथमपटक एम्बुसको तरिकाले हतियार कब्जाको कारबाही थियो। आक्रमणको सुरुमा प्रहरीको पैदल-गस्तीमाथि माइन विष्फोट गरियो। भरुवा बन्दुक र सुतली बमले आक्रमणलाई थप मद्दत गरी प्रहरीमाथि थप आक्रमण गरेर यो कारबाही सम्पन्न भएको थियो। यो गुञ्जायमान वातावरणमा लड्दै जाँदा साढे पाँचतिर १ राइफल र पचासौँ गोलीहरू हाम्रो कब्जामा पर्दछ। २०५४ माघ १६, रुकुमको क्युबाङमा भएको एम्बुसमा ३ प्रहरीको मृत्यु, ४ घाइते र एक थान राइफल प्राप्त भयो।

**अभियानात्मक कारबाहीअन्तर्गत उच्च केन्द्रीकृत आक्रमण लहँ, जाजरकोट**

२०५५ देखि देशव्यापी सञ्चालित प्रहरीको 'किलो सेरा टु' (राज्यद्वारा सञ्चालित किल एन्ड सर्च अप्रेसन) अप्रेसन जारी नै थियो। प्रहरीद्वारा हत्या, लुटपाट र बलात्कारका घटना व्यापक बढिरहेका थिए। लहँ पूर्वी जाजरकोटको एक निकै सामरिक स्थल थियो । त्यहाँ माओवादी प्रतिकारका लागि स्थानीय स्तरबाटै प्रहरीको बलमा 'खुकुरी दल' नामक भिजिलान्ते समूहको गठन गरिएको थियो। सोही अखडामा २०५६ जेठ ३१ गते विशेष कार्यदलका रूपमा सङ्गठित माओवादी छापामारहरूद्वारा भीषण हमला भयो। कारबाहीमा छापामारतर्फ कुनै मानवीय क्षति भएन । २५ जनाको सङ्ख्यामा रहेको दङ्गा प्रहरीतर्फ चारजनाको घटनास्थलमै मृत्यु भयो । बाँकीले आत्मसमर्पण गरेका थिए । छापामारहरूले प्रहरीका १८ थान राइफल, २ थान माउजर र १ थान रिभल्वर एवम् हजारौँ गोली कब्जा गरेका थिए।

**प्रतिरणनीतिक कारबाही महत, रुकुम**

'यता देशव्यापी कथित जङ्गल सर्च अभियानअन्तर्गत व्यापक अप्रेसन र हत्याको शृङ्खला थालियो । त्यस अप्रेसनको प्रतिरोध, हत्याको बदला र योजनाको प्रारम्भका रूपमा २०५६ असोज ५ गते फौजी, गैरफौजी कार्यक्रम सम्पन्न गरियो । यसमा उल्लेख्य घटनाका रूपमा रुकुमको स्ट्राइकिङ बेसक्याम्पमाथिको साहसिक हमला र डीएसपी ठूले राईको गिरफ्तारी रह्यो। डीएसपी ठूले राईलाई लिएर ३ महिनापछि आफन्तहरूलाई बुझाउने काम भयो । यस कारबाहीले कथित जङ्गल सर्च अभियानलाई काफी हदसम्म असफल तुल्यायो र क. वासु वाग्लेको हत्याको बदला लिने र देशव्यापी राज्यआतङ्क रोक्नलाई महत्वपूर्ण भूमिका खेल्यो।'

महत कारबाहीमा माओवादी पार्टीले 'दुस्मनका महत्वपूर्ण मान्छे कब्जा गरेर आफ्ना मान्छे छुटाउन या उनीहरूको जीवनरक्षाका लागि दबाब दिने' नयाँ युद्ध कार्यनीतिको ढोका खोल्योस जसको परिणाम माओवादी पार्टीका तत्कालीन केन्द्रीय सदस्य देव गुरुङलाई महतबाट कब्जा गरिएका डीएसपी ठूले राईसँग साटिएको थियो।

**पहिलो सदरमुकाम हमला दुनै, डोल्पा**

सिङ्गो राज्यसत्तालाई तहसनहस र ठूलो झट्का दिने गरी यो कारबाही २०५७ असोज ८ गते राती बटालियनस्तरको शक्तिले सम्पन्न गरेको थियो। यस कारबाहीमा जिल्ला कारागार शाखा, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय र जिल्ला प्रहरी कार्यालयहरू पूर्ण रूपले ध्वंस गरियो। ४ घन्टासम्म चलेको उक्त कारबाही उच्च प्रकारको चलायमान मोर्चाबद्ध युद्धको पनि एउटा अभ्यास बन्यो । यो आक्रमण जनयुद्धको इतिहासमा ऐतिहासिक महत्वको कारबाही हो । कारबाहीबारे सुइँको पाएर राज्यद्वारा आधुनिक तालिमप्राप्त दङ्गा फोर्ससमेत थप्दा पनि प्रहरीको पराजय भयो। अत्यन्तै भीषण रूपले भएको यस लडाइँमा जनसेनातर्फ २ जनाको क्षति भएको थियो भने १७ जना घाइते भएका थिए । प्रहरीतर्फ दर्जनौँको मृत्यु भएको थियो। यस कारबाहीबाट करिब ५ करोड नगदसहित ५० औँ थान प्रहरीका हतियार कब्जा गरियो।



● उदयबहादुर चलाउने ●

**प्रहरी शक्तिमाथिको रणनीतिक हमला र रुकुमकोट र नौमुले**

रुकुम जिल्लाको दोस्रो सदरमुकामका रूपमा अवस्थित रुकुमकोट एउटा सामरिक महत्वको ठाउँ थियो भने दैलेखको नौमुले पनि निकै व्यवस्थित प्रहरी क्याम्प थियो। दुवै ठाउँमा व्यवस्थित किल्लाबन्दी (तार-बार, ट्रेन्च, टनेल, बुबी ट्र्याप आदि) थियो । सयौँको सङ्ख्यामा रहेको प्रहरी शक्ति, उनीहरूसँग प्रशस्त राइफलहरू थिए । गोलीगट्ठाको अभाव थिएन तर पनि माओवादी पार्टीले ती दुई क्याम्पलाई नै आफ्नो निशाना बनाए र सफलतापूर्वक नियन्त्रणमा लिन सफल भयो। जनयुद्धको दोस्रो आधारका रूपमा विकसित भेरी-कर्णालीमा कार्यरत प्लाटुनहरूको सहभागितामा नौमुलेमा आक्रमण भएको थियो। दुवै कारबाहीहरूमा स्थानीय प्लाटुन र स्क्वायडहरूको पनि सहभागिता रहेको थियो। लडाइँमा दर्जनौँ प्रहरीको मृत्यु भयो। दुवै ठाउँमा प्रहरीतर्फ इन्स्पेक्टरसहित ३२/३२ जनाको मृत्यु भयो । पचासौँजना घाइते भए । जनसेनातर्फ रुकुमकोटमा ८ जना र नौमुलेमा ७ जनाको मानवीय क्षति भयो । छापामारतर्फ पनि उक्त क्षति त्यति बेलासम्मकै सबभन्दा ठूलो थियो। दुवै ठाउँको कारबाहीबाट साना-ठूला गरेर सयौँ थान प्रहरीका हतियार र हजारौँ राउन्ड गोलीहरू छापामारहरूले कब्जा गरे।

**पुरानो सत्ताभित्र अन्तर्विरोधको विस्फोट होलेरी आक्रमण, रोल्पा**

२०५८ असार २८ गते रोल्पाको होलेरीमाथिको आक्रमणमा जनमुक्ति सेनाले आफ्नोतर्फ बिना कुनै मानवीय क्षति ७१ जना प्रहरीहरूलाई कब्जामा लिएको थियो । माओवादी आक्रमणको डरले रातभरि अन्तै कतै सुत्ने र बिहान मात्र क्याम्पमा आउने यति बेलाको प्रहरीको रक्षात्मक रणनीति थियो। फेरि पनि उनीहरू बच्न सकेनन् । यो कारबाहीपछि पुरानो सत्ताभित्र अन्तर्विरोध विस्फोटन हुन गयो । दरबार र सरकार (संसद्वादी शक्ति) बीच विवादले उत्कर्ष लिएको थियो । यो आक्रमणपछि पहिलोपटक शाही नेपाली सेनाको परिचालन गरिएको थियो। होलेरी कारबाहीमा सरकार फौजी रूपले होइन, त्योभन्दा धेरै नैतिक रूपले पराजय भयो।

**शाहीसेनामाथिको पहलकदमीपूर्ण हमला दाङ आक्रमण**

जनयुद्ध थालनीको करिब पाँच वर्षपछि माओवादी पार्टीको दोस्रो राष्ट्रिय सम्मेलन (२०५७ माघ-फागुन) सम्पन्न भयो । यसै अवधिबीच २०५८ जेठ १९ गते तत्कालीन राजा वीरेन्द्रको वंश विनास हुने गरी नारायणहिटी दरबारमा नृशंस हत्याकाण्ड भयो । दरबार हत्याकाण्डले देशको राजनीतिक वातावरणमा निकै ठूलो हलचल ल्याइदियो । सुरुका केही दिनहरूमा उत्तेजक अभिव्यक्तिका बाबजुद माओवादी पार्टीले दरबारसँग सहकार्यको आफ्नो नीतिलाई निरन्तरता नै दियो। फलस्वरूप दरबार हत्याकाण्डपछि गठित सरकारसँग वार्ताको प्रक्रिया (२०५७ साउन) समेत सुरु भयो। तीन चरणसम्म जारी वार्ता भने निष्कर्षविहीन भयो।

२०५८ मङ्सिर ८ गते धक्कापूर्ण हमलाको मिति तय भइसकेको थियो । देशभरि सानाठूला सयौँ कारबाहीको योजना बनेका थिए। मुख्य कारबाहीका रूपमा दाङको अञ्चल सदरमुकाम घोराही कब्जा रहेको थियो । उता मध्यकमान्डअन्तगर्तको स्याङ्जा र पूर्वी कमान्डअन्तर्गतको सोलु सदरमुकाम पनि आक्रमणको निशानामा थिए । दाङको हमला ऐतिहासिक र भव्य रूपले सफल भयो। स्याङ्जा मुकाम हमला पनि शानदार सफल भयो तर सोलुखुम्बुको सदरमुकाम सल्लेरी कारबाही भने निर्धारित समयमा हुन सकेन। दुई दिनपछि गरिएको सोलु-सल्लेरी कारबाही पनि सफल नै भयो तर त्यहाँ रहेको नेपाली सेनाको क्याम्प भने कब्जा हुन सकेन।

लडाइँका क्रममा ७ जना प्रहरी र मेजरसहित १४ जना शाही नेपाली सैनिकको मृत्यु भयो । जनमुक्ति सेनातर्फ ७ जनाको क्षति भयो । शाहीसेनाका विरुद्ध पहिलो पहलकदमीपूर्ण यस आक्रमणमा सेनाका सयौँ अत्याधुनिक हतियारहरू कब्जा भए। ५ थान ८१ एमएम मोर्टार, ३ थान टुइन्च, ३ थान रकेट लन्चर, २ थान जीपीएमजी, २ थान वेस्ट स्नाइपर, १४ थान एलएमजी, ४८ थान एसएमजीसहित सयौँको सङ्ख्यामा एसएलआर तथा थ्री नट थ्री राइफल कब्जा गरिए। बम, गोलीहरूलगायत कैयौँ ट्रक युद्ध-सामग्रीसमेत कब्जा भयो। उता त्यही दिनमा गरिएको स्याङ्जा सदरमुकाम हमला जनसेनातर्फ बिनाकुनै क्षति सदरमुकाममाथिको ऐतिहासिक सफल हमला बन्यो । सल्लेरीको हमला भने त्यो दिन हुन सकेन। कारबाहीका लागि नजिकै पुगिसकेको बेला जनसेनाको एकजना सदस्यले ग्रिनेड विस्फोटको दुर्घटना गरिदिँदा निर्धारित योजना रद्द गरियो । दुई दिनपछि अर्थात् मङ्सिर १० गते गरिएको सल्लेरी हमलामा सेनाको ब्यारेकबाहेक सम्पूर्ण सदरमुकाम जनसेनाले कब्जा गर्न सफल भयो। कारबाहीमा १४ जना जनसेनाको क्षति भयो। विगतका सम्पूर्ण लडाइँहरूको संश्लेषणसहितको यी आक्रमणहरूमा जनमुक्ति सेनाद्वारा कुशल युद्धक्षमता प्रदर्शन गरियो। जनमुक्ति सेनाको यो एक व्यवस्थित र बृहत् हमला थियो। यी ठूला कारबाहीको मद्दतमा देशैभरि अन्य थुप्रै साना र प्रचारात्मक कारबाहीहरू भएका थिए।

**शाहीसेनामाथि 'काउन्टर अप्रेसनल' कारबाही लिस्ने-गाम भिडन्त, रोल्पा**

माओवादी पार्टीले शाहीसेनामाथिको हमला सुरु गरिसकेपछि उसले यसलाई निरन्तर बढाउन चाहन्थ्यो । पुरानो सत्ताको विघटन वा कम्तीमा पनि उसलाई फौजी ढङ्गले समेत झुकाउन निरन्तर विजयको जरुरी थियो। दाङको केही समयपछि अछाम सदरमुकाम मङ्गलसेनको हमला र विजयले यो कुराको पुष्टि गर्दछ । त्यसको थप निरन्तरताका लागि दोस्रो धक्काको कार्यक्रम तय गर्‍यो।

शाहीसेनाको अप्रेसन फोर्समाथि जनसेनाबाट गरिएको यो पहिलो हमला थियो। यो निकै शानदार सफल भयो । गाम सैन्य-बेसक्याम्पमाथि हमला प्रकारान्तरले अमेरिकी सैन्य रणनीतिका विरुद्धको हमला थियो । यो हमलामा शाहीसेनाको सर्मनाक पराजय भयो। जनाधार क्षेत्रलाई निशाना बनाएर सुरु गरिएको पुरानो सत्ताद्वारा सञ्चालित 'सर्च एन्ड डिस्ट्रोय' नामक घेरा हाल र सखाप पारको नीतिमा आधारित जनसंहारकारी अभियानमाथि समेत भयङ्कर हमला भयो। गाम हमलापछि रोल्पा, रुकुमका प्रायः सैनिक क्याम्पहरू उठाएर सदरमुकाम र केही निश्चित इलाकामा केन्द्रित गरिए। जनसेनाले यी दुवै कारबाहीमा अत्यन्त उच्च युद्धकौशल र साहस प्रदर्शन गरे । जनसेनातर्फ करिब ४० जनाको क्षति भएको यो कारबाहीमा सेना-प्रहरीतर्फ एक सयभन्दा बढीजनाको क्षति भयो । सेना-प्रहरीका सयौँ थान अत्याधुनिक हतियारहरू जनसेनाले कब्जा गर्न सफल भयो।

**व्यवस्थित किल्लाबन्दीविरुद्धको आक्रमण सन्धिखर्क, अर्घाखाँची**

जब रोल्पाको गाममा रहेको शाही नेपाली सेनाको अप्रेसन बेसक्याम्प जनमुक्ति सेनाले ध्वस्त पारिदियो, तब त्यसको चोट नेपाली सेनालाई होइन, सीधै अमेरिकालाई पर्न गयो। त्यसपछि नेपाली सेनाले आफ्नो रणनीति बदल्यो । आफ्नो किल्लाबन्दीलाई बलिया बनाउने र रक्षात्मक पङ्क्तिको लडाइँ लड्ने उनीहरूको विशेष रणनीति बन्यो जुन कुरा जनमुक्ति सेनाका लागि नयाँ चुनौती बन्यो । यही कुरालाई ख्याल गरी माओवादी पार्टीले आफ्नो रणनीतिमा नेपाली सेनाको व्यवस्थित किल्लाबन्दीसमेत तोड्ने नयाँ योजना बनायोस जसअनुसार २०५९ भदौ २३ गते अर्घाखाँचीको सदरमुकाम सन्धिखर्कमाथि आक्रमणको योजना तय भयो । यो आक्रमणमा भारी मात्रामा अत्याधुनिक हतियारहरू- एलएमजी, एसएमजी, एसएलआर, टुइन्च मोर्टार, राइफल, पेस्तोल, रिभल्वोर, म्यग्नम, हर्नेटजस्ता १७५ थान हतियार तथा ४ करोड ४५ लाख नगद, २० किलो सुन र जिन्सी गरेर थुप्रै युद्धसामग्री कब्जामा लियो।

**बाहिरी पक्तिका उच्च प्रतिहमलाहरू पण्डौन, खैरीखोला, सिद्धधारा, कृष्णभीर र लेउतीखोला**

मङ्सिर १ गते जनमुक्ति सेनाले काठमाडौँ-चितवन पृथ्वी राजमार्गको कृष्णभीरमा सडक जाम गरी शाहीसेनालाई योजनाबद्ध बोलाएर आक्रमण गर्‍यो। उक्त कारबाहीमा पहिला माइन विस्फोट गरी त्यसलगत्तै फायरबाट आक्रमण गरिएको थियो। सडक अवरोध हटाउन भनेर शाहीसेना गाडी र पैदल दुवै तरिकासहित आएको थियो। शाहीसेना जब आफ्नो निर्धारित ठाउँमा आइपुग्यो, तब जनसेनाले भीषण आक्रमण सुरु गर्‍यो । शाहीसेनाले सकेजतिको प्रतिरोध गर्‍यो तर टिक्न सकेन। केही मिनेटमै आफ्नो निर्धारित सफलता हासिल गरेर जनसेना आफ्नो बाटो लाग्यो। समग्र जनयुद्धको यो एक चर्चित कारबाही हो । यो कारबाहीमा शाहीसेनातर्फ ४ जनाको र जनसेनातर्फ २ जनाको मानवीय क्षति भएको थियो । कारबाहीबाट जनमुक्ति सेनाले १ थान टुइन्च मोर्टार, ६ थान इन्सास राइफल, २ थान एसएलआर, २ थान एसएमजीलगायत ...*बाँकी ७ पेजमा*



## शोषित...

नेपाल, झलनाथ खनाल र केपी ओली प्रधानमन्त्री बनिसकेका छन् । माओवादी केन्द्रबाट पुष्पकमल दाहाल र डा.बाबुराम भट्टराई प्रधानमन्त्री बनिसकेका छन् । उनीहरू सरकारमा हुँदा र प्रतिपक्षीमा हुँदा दुवै अवस्थामा राष्ट्रिय स्वाधीनता र शोषित पीडित जनताको पक्षमा काम गरेनन् । राष्ट्रघाती महाकाली सन्धि पास गराउने यिनै एमालेहरू नै छन् । अप्पर कर्णाली, अरुण तेस्रो जस्ता राष्ट्रघाती सन्धि गर्ने पनि एमाले र माओवादी केन्द्रहरू नै छन् । 'औद्योगिक व्यवसायी विधेयक ०७३' पास गरेर 'नो वर्क नो पे'को व्यवस्था लागू गर्ने पनि यिनै एमाले र माओवादी केन्द्र हुन् । जुन विधेयक मजदुरहरूको हित विपरीत छ, आफू सरकारमा हुँदा राज्यको सम्पत्ति आफ्नो आसेपासे र नलनाताहरूलाई वितरण गर्ने पूर्व पदाधिकारीहरूलाई सुविधाको नाममा राज्यको ठूलो धनराशी खर्च गर्ने विधेयक ल्याउने आदि कामहरू यिनीहरूले नै गरेका छन् । राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक हरेक क्षेत्रमा यिनीहरूले आम शोषित पीडित जनताको हितको विरुद्धमा काम गरेका छन् भन्ने हजारौं उदाहरण दिन सकिन्छ । यसरी उनीहरूको विगतको व्यवहारले अब पनि भविष्यमा आम शोषित पीडित जनताको पक्षमा काम गर्दछन् भन्ने कुनै ठाउँ छैन । विगतका गल्तीहरूलाई स्वीकारेर आत्मालोचित हुँदै नयाँ सुधारका कुरा गरेको भए पनि यिनीहरूले भविष्यमा शोषित पीडित जनताको पक्षमा केही काम गर्दछ कि ? भन्ने आशा गर्न सकिन्थ्यो तर त्यो केही पनि छैन ।

अब उनीहरूले गर्छौं भनेका कुराहरूतिर जाऔं ! सबभन्दा पहिले उनीहरूले यो संविधान (०७२) जारी गर्नुलाई ठूलो उपलब्धि ठानेका छन् । यसलाई लागू गर्नुलाई उनीहरूको मुख्य काम हो भनेर भनिरहेका छन् । त्यो संविधानको प्रस्तावनामा भनिएको छ- 'सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै" यहाँ सामन्ती निरंकुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सृजना गरेको सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने भनियो तर पुँजीवादी समाज र पुँजीपति वर्गले गर्ने विभेद र उत्पीडनको अन्त्य गर्न भनेर संविधानमा कहीं कतै उल्लेख गरिएको छैन । यसको अर्थ यो हुन्छ सामन्ती, उत्पीडनको अन्त्य गर्ने तर पुँजीवादी उत्पीडनको अन्त्य गर्ने होइन बरु त्यसलाई मलजल गर्ने नै हो । वर्गीय समाजमा जब पुँजीपति वर्ग (शोषक वर्ग)को उत्पीडनलाई अन्त नगर्ने भनेको आम शोषित पीडित जनसमुदाय माथिको उत्पीडनलाई कायम राख्नु नै हो । कम्युनिष्ट पार्टी भनेको त सर्वहारावर्गको राजनीतिक पार्टी हो र त्यसको काम भनेको सबै प्रकारका शोषणको अन्त गर्नु र सर्वहारावर्गको राज्य स्थापना गर्नु हो । एमाले र माओवादी केन्द्रले यो कुरा कतै भनेका छैनन् । त्यसकारण यी पार्टीहरू कम्युनिष्ट पार्टी पनि होइनन् र तिनले आम शोषित पीडित जनताको पक्षमा काम पनि गर्दैनन्, यो उनीहरूले अप्रत्यक्ष रूपमा भनिरहेका छन् ।

त्यस्तै उनीहरूले 'समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ ।' (नेपाल संविधान धारा ५० उपधारा ३) भनेर भनेका छन् । समाजवाद भनेको त उत्पादनको साधनमाथि सामाजिक स्वामित्व हो । तर उनीहरूले पुँजीवादी व्यक्तिगत स्वामित्वलाई कायमै राखेर कसरी समाजवादन्मुख अर्थतन्त्रको विकास गर्दछन् ? यो राजा महेन्द्रले शोषणरहित समाजको कुरा गरेर आफ्नो निरंकुश राजतन्त्रलाई कायम राख्न प्रयत्न गरेजस्तै समाजवाद उन्मुख अर्थतन्त्रको कुरा गरेर पुँजीवादी व्यवस्था त्यसमा पनि विशेषतः दलाल पुँजीपतिहरूको हालीमुहाली हुने व्यवस्था कायम राख्ने कुरा बाहेक अन्य केही होइन । उनीहरूले विकास र समृद्धिको निकै कुरा गरेका छन् । तर उनीहरूले मजदुर किसानहरूको राज्य व्यवस्था कसरी स्थापित गर्दछन् भन्ने कुरा कतै उल्लेख छैन । प्रचण्डले कैयौं भाषणमा नेपाललाई स्वीट्जरल्याण्ड बनाउँछौ भनेर भने । स्वीट्जरल्याण्ड के समाजवादी मुलुक हो । के त्यहाँ समाजवादी व्यवस्था छ । एमाले र माकेका नेताहरूले घोषित रूपमै पुँजीवादी मुलुक बनाउँछौं भनेका हुनाले उनीहरूले समाजवाद उन्मुख अर्थतन्त्र बनाउने होइन कि पुँजीपतिको हित हुने अर्थतन्त्रको विकास गर्ने कुरा निश्चित छ । जब सरकार समाजको अत्यन्तै अल्पसंख्यक पुँजीपति र सामन्ती वर्गको स्वार्थको रक्षा लाग्छ, तब आम शोषित पीडित जनताको पक्षमा कसरी काम हुन्छ । कतिपय सुधारका कामहरू होलान् तर समयमा ७५% पुँजीपतिको स्वार्थमा र २५% श्रमिक जनताको पक्षमा काम हुने कुरा निश्चित छ । स्थायी निर्वाचनमा जितेका एमाले, माकेका नेताहरू जुन प्रकारका क्रियाकलाप र गतिविधि देखाएका छन्, त्यसले उनीहरूले श्रमिक जनताको हितमा काम गर्दैनन् भन्ने कुरा प्रष्ट देखिन्छ ।

विकास निर्माणको काम पुँजीवादीहरूले पनि गर्दछ । कम्युनिष्ट सिद्धान्त र कम्युनिष्ट पार्टीको जन्म त यसकारणले भयो कि विद्यमान समाजमा भएका वर्गीय अवस्थालाई समाप्त पार्नु हो, शोषणविहीन समाज जसलाई साम्यवादी समाज भनिन्छ, त्यो व्यवस्था ल्याउनको लागि कम्युनिष्ट पार्टी बनेको हो । त्यो दिशामा मालेमावादको सिद्धान्तबाट विचलित भएका पार्टीहरूले गर्न सक्दैनन् । त्यसैले ओली सरकारले ५ वर्ष शासन त गर्ला तर नेपालका आम शोषित पीडित जनताको हितमा काम गर्न सक्दैन ।

## जुलुससहित...

आदर्श, नेकपाका जिल्ला सचिव अमृतले सम्बोधन गर्नुभएको थियो भने कार्यक्रमको संचालन क्रान्तिकारी माओवादीका सचिव पर्वतले गर्नुभएको थियो । त्यसैगरी उदयपुर जिल्लामा पनि दुवै पार्टीको संयुक्त आयोजनामा जुलुससहित कोणसभा सम्पन्न गरियो । उक्त कोणसभालाई क्रान्तिकारी माओवादीका केस मिनकुमार, अमृत खत्रीले सम्बोधन गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन क्रान्तिकारी माओवादीका केस अमर परियारले गर्नुभएको थियो ।

त्यसैगरी सुनसरीको धरानमा जुलुससहित कोणसभा सम्पन्न भएको छ । उक्त कोणसभालाई पार्टीका पोलिटव्यूरो सदस्य तथा मोर्चाका १ नं. प्रदेश संयोजक नगेन्द्र राईले सम्बोधन गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन गौरव राईले गर्नुभएको थियो । त्यसैगरी मोरङको देवकोटा चोकमा पनि जुलुससहित कोणसभा सम्पन्न भएको छ । र, दीप प्रज्वलन पनि गरिएको समाचार प्राप्त भएको छ । झापाको सुरुङ्गामा चियापानसहित जनयुद्ध दिवस मनाइएको छ । प्राप्त समाचार अनुसार ५ फाल्गुनमा झापाको सुरुङ्गामा नै जिल्ला स्तरीय प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । उक्त प्रशिक्षण कार्यक्रमलाई क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले सम्बोधन गर्नुभएको थियो । त्यसैगरी तेह्रथुममा क्रान्तिकारी माओवादी र नेकपाका बीच संयुक्त कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रमलाई क्रान्तिकारी माओवादीका केस केवी फुदोङ, तारक, नेकपाका कमला र शशीले सम्बोधन गर्नुभएको थियो । सुभासले अध्यक्षता गरेको कार्यक्रमको संचालन सन्देशले गर्नुभएको थियो ।

**कार्यक्रमसँगै संगठन विस्तार**

त्यसैगरी २ नं. प्रदेशमा क्रान्तिकारी माओवादी र नेकपाले सप्तरीको कदमाहामा संयुक्त रूपमा जुलुससहित कोणसभा सम्पन्न गरेका छन् । महोत्तरीमा पनि कोणसभा सम्पन्न भएको छ । प्राप्त समाचार अनुसार रौतहटमा ५ सदस्यीय देजमो र मुस्लिमको कमिटि गठन गरिएको छ । त्यसैगरी बारामा पनि मुस्लिम र विध्यार्थीका संगठनहरू निर्माण गरिएका छन् ।

**कोणसभादेखि दीप प्रज्वलनसम्म**

३ नं. प्रदेशको रामेछापमा क्रान्तिकारी माओवादी र नेकपाले संयुक्त कोणसभा सम्पन्न गरेका छन् । उक्त कोणसभालाई क्रान्तिकारी माओवादीका केस गगनले सम्बोधन गर्नुभएको थियो । दोलखामा जनघेटघाट कार्यक्रम गरिएको छ । चितवनमा चियापानसहितको कोणसभा र दीपप्रज्वलन सम्पन्न गरिएको छ । जिल्लाको क्यान्सर अस्पताल चोकमा गरिएको कोणसभालाई पार्टी केस अम्बिका मुड्भरी, देजमो केस अशोक शर्मा लगायतका नेताहरूले सम्बोधन गर्नुभएको थियो भने साँझ टर्मिनल बसपार्कमा दीप प्रज्वलन गरिएको थियो । त्यसैगरी मकवानपुर हेटौडाको बुद्धचोकमा कोणसभासहित दीप प्रज्वलन गरिएको थियो । उक्त कोणसभालाई क्रान्तिकारी माओवादीका केस बसन्त बोगटीले सम्बोधन गर्नुभएको थियो । सिन्धुलीको कमलमाई नगरपालिकामा अन्तर्क्रिया कार्यक्रमसहित जनयुद्ध दिवस मनाइएको छ । उक्त कार्यक्रमलाई पार्टी केस फुर्वाले सम्बोधन गर्नुभएको थियो भने कार्यक्रको संचालन नवीनले गर्नुभएको थियो । त्यसैगरी काभ्रेको कटुन्जेमा दीप प्रज्वलनसहित कोणसभा सम्पन्न गरियो । उक्त सभालाई पार्टी केस कान्छाराम तामाङ र सोमान तामाङ, टेकबहादुर विकलगायतका नेताहरूले सम्बोधन गर्नुभएको थियो । सिन्धुपाल्चोकमा चियापान तथा भेटघाट कार्यक्रम गरिएको थियो । त्यसैगरी धादिङमा पनि चियापान कार्यक्रम सम्पन्न गरियो । जनयुद्ध दिवसकै सन्दर्भ पारेर काठमाडौं जिल्लाको ६ नं. इलाकाले जनघेटघाट तथा वनभोज कार्यक्रमको आयोजना गऱ्यो । शनिबार गरिएको उक्त कार्यक्रमलाई पार्टीका महासचिव मोहन वैद्य'किरण'ले सम्बोधन गर्नुभएको थियो । उक्त कार्यक्रममा पार्टी स्थायी समिति सदस्य रामसिंह श्रीस, पोलिटव्यूरो सदस्य दिनेश शर्मा, पार्टी केस सुरेश श्रेष्ठ, ईश्वरचन्द्र ज्ञवाली, सारदा महतलगायतका नेताहरूको उपस्थिति रहेको थियो । काठमाडौं जिल्ला पार्टी र अखिल (क्रान्तिकारी) को संयुक्त आयोजनामा काठमाडौंको भृकुटीमण्डपमा जनयुद्ध दिवसमा दीप प्रज्वलन गरियो ।

**कम्ब्याट ड्रेससहित युवा मार्चपास**

५ नं. प्रदेशको बाँके र बर्दियामा जनयुद्ध दिवसको अवसरमा कम्ब्याट ड्रेससहितको युवा मार्चपास गरियो र कोणसभाको आयोजना गरियो । उक्त मार्चपास सहितको कोणसभालाई पार्टीका केन्द्रीय सदस्यद्वय शिशिर र भुपेन्द्रले सम्बोधन गर्नुभएको थियो । त्यसैगरी ५ नं. प्रदेशको प्युठानमा क्रान्तिकारी माओवादी र नेकपाले संयुक्त जुलुससहित कोणसभाको आयोजना गरे । कोणसभालाई क्रान्तिकारी माओवादीका पोलिटव्यरो सदस्य तथा देजमोका ५ नं. प्रदेश संयोजक केवी गुरुङले सम्बोधन गर्नुभएको थियो । रूपन्देहीको बुटवलमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको छ । पश्चिम नवलपरासीमा कोणसभा सम्पन्न गरियो भने कपिलवस्तुमा जुलुससहित कोणसभाको आयोजना गरियो । कोणसभालाई पार्टी केसद्वय समिर र ठूल्दाईले सम्बोधन गर्नुभएको थियो । यता गुल्मीमा मोटरसाइकल ऱ्यालीसहित कोणसभा सम्पन्न गरियो भने पाल्पामा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरियो । यो प्रदेशका अन्य जिल्लाहरूमा पनि विभिन्न कार्यक्रम गरी जनयुद्ध दिवस मनाइएको खबर छ ।

**अन्तर्क्रियादेखि मसाल जुलुससम्म**

६ नं. प्रदेशको सुर्खेतमा अन्तर्क्रिया कार्यक्रम गरेर जनयुद्ध दिवस मनाइयो । अन्तर्क्रियालाई पार्टीका केस तथा प्रदेशका का.बा. सचिव चक्रपाणी शर्माले सम्बोधन गर्नुभएको थियो भने कार्यक्रमको अध्यक्षता भक्तबहादुर सुनुवारले गर्नुभएको थियो । प्राप्त समाचार अनुसार १ फाल्गुनमा नै सुर्खेत जिल्लामा भएको मजदुरहरूको भेलाले रत्न विकको संयोजकत्वमा ११ सदस्यीय अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघको जिल्ला समिति गठन गरेको छ । नवगठित समितिलाई केस तथा कावा सचिव शर्माले बधाई तथा शुभकामना दिनुभएको थियो । त्यसैगरी दैलेखमा संयुक्त अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रमलाई क्रान्तिकारी माओवादीका केस तथा जिल्ला इन्चार्ज दिपक शाहीले सम्बोधन गर्नुभएको थियो । उक्त कार्यक्रममा नेकपा, एमाले, माकेलगायतका पार्टीका नेताहरूको समेत उपस्थिति रहेको थियो । साँझ मसाल जुलुसहित कोणसभा सम्पन्न गरियो । उक्त कोणसभालाई नेता शाहीले नै सम्बोधन गर्नुभएको थियो । त्यसैगरी प्राप्त समाचार अनुसार अखिल (क्रान्तिकारी)को जिल्ला भेला सम्पन्न भएको छ । भेलाले हिमालको संयोजकत्वमा २१ सदस्यीय कमिटि निर्माण गरेको छ । नवगठित कमिटिलाई विध्यार्थी केस कमल कार्की र पार्टी केस शाहीले बधाई तथा शुभकामना दिनुभएको थियो ।

**जुलुससहित कोणसभादेखि माके परित्याग गरी क्रान्तिकारी माओवादीमा प्रवेशसम्म**

७ नं. प्रदेशको कैलाली र कंचनपुरमा जुलुससहित कोणसभा सम्पन्न गरिए । कंचनपुरमा आयोजित कोणसभालाई पार्टी पोलिटब्यूरो सदस्य तथा ७ नं. प्रदेश सचिव अटलले सम्बोधन गर्नुभएको थियो भने कैलालीको अत्तरियामा आयोजित कोणसभालाई पार्टीका स्थायी समिति सदस्य हरिभक्त कँडेल, पार्टी केस रामबहादुर केसीसहितले सम्बोधन गर्नुभएको थियो । प्राप्त समाचार अनुसार ४ फाल्गुनमा भएको एक कार्यक्रममा माओवादी केन्द्रका केन्द्रीय सदस्य लालकिरणले पार्टी परित्याग गरी क्रान्तिकारी माओवादीमा प्रवेश गरे । उनलाई पार्टी स्थायी समिति सदस्य प्रतीकले अबिर, माला लगाएर पार्टी प्रवेश गराउनु भएको थियो ।

## २३औं...

साम्यवादमा जाने उद्देश्यमा आधारित थियो । दश वर्षसम्म सञ्चालित जनयुद्ध नेपालको राष्ट्रिय राजनीतिका सबै क्षेत्रमा उथलपुथल पैदागर्दै तथा विश्वमा पनि आफ्नो प्रभाव फैलाउँदै एउटा उत्कर्षमा पुग्दै थियो । परन्तु, पार्टीको मूल नेतृत्वबाटै गम्भीर धोका दिइनुको कारण त्यसप्रकारको जनयुद्धले गम्भीर धक्का खान पुग्यो ।

महान् जनयुद्धको प्रक्रियामा हजारौं वीर योद्धाहरूले सहादत प्राप्त गरे । कैयौं राज्यद्वारा बेपत्ता पारिए । कैयौं घाइते तथा अपाङ्ग बनाइए । तेइसौं जनयुद्ध दिवसको यस ऐतिहासिक अवसरमा हामी जनयुद्धका महान् अमर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । बेपत्ता योद्धाहरूको स-सम्मान संस्मरण गर्दछौं । साथै, जनयुद्धमा घाइते अपाङ्ग बनेका सम्पूर्ण योद्धाहरूप्रति पनि हामी सम्मान जाहेर गर्दछौं । साथै, हामी वीर सहिद तथा बेपत्ता योद्धाहरूका परिवारजनहरूप्रति पनि सम्मान प्रकट गर्दछौं । यसैगरी हामी पार्टीका सम्पूर्ण कमरेडहरू, क्रान्तिका शुभचिन्तक, परिवर्तनकामी जनसमुदाय र अन्तर्राष्ट्रिय क्षेत्रका मित्र, भाइचारा पार्टी तथा विश्वसर्वहारावर्गप्रति पनि हार्दिक शुभकामना तथा अभिवादन व्यक्त गर्दछौं ।

दशवर्षको जनयुद्धका बिचबाट जन्मिएको संविधानसभाद्वारा पश्चगामी राज्यसत्ता र संसदीय व्यवस्थाकै पुनर्वहाली गरी संविधान बनाइयो । देश र जनताका मुक्ति र स्वतन्त्रताका सपना साकार हुन सकेनन् । यस वर्ष स्थानीय, प्रादेशिक र केन्द्रीय तहका चुनावी नौटङ्की पूरा गरी संसदवादी संविधान कार्यान्वयनको झ्याली पिटिदै छ । वाम गठबन्धनका नाममा दक्षिणपन्थी संशोधनवादको हैकम तिव्र बन्दै गएको छ । यस जटिल स्थितिमा हामी मार्क्सवाद-लेनिनवाद-माओवादको पथप्रदर्शनमा पार्टीलाई बलियो बनाउँदै तथा सच्चा क्रान्तिकारी कम्युनिस्टहरूलाई एकताबद्ध तुल्याउने काममा विशेष जोड दिँदै नयाँ जनवादी क्रान्तिको तयारीको दिशामा अघि बढिरहेका छौं । यसै उद्देश्य प्राप्तिका लागि दृढतापूर्वक अगाडि बढ्नु नै तेइसौं जनयुद्ध दिवस मनाउनुको वास्तविक अर्थ र औचित्य हो । फेरि पनि हार्दिक शुभकामना ! क्रान्तिकारी अभिवादन !! लाल सलाम !!!'

## क्रान्तिकारी...

लालकिरणले एक प्रेस वक्तव्य जारी गर्दै राष्ट्रिय स्वाधिनता, जनतन्त्र र जनजिविकाका प्रश्नहरू अत्यन्तै जटिल बन्दै गएको र संसदवादी पार्टीहरूको दलालीकरण र आत्मसमर्पण हावी हुँदै गइरहेकोले अवस्थामा नयाँ जनवादी क्रान्ति अपरिहार्य रहेको ठहरका साथ क्रान्तिकारी माओवादीमा ध्रुवीकृत भएको जनाउनु भएको छ । उहाँले माओवादी केन्द्रको नेतृत्वको वर्गीय तथा राष्ट्रिय आत्मसमर्पणवाद तथा विसर्जनवादका विरुद्ध विद्राह गर्दै क्रान्तिकारी धारमा ध्रुवीकृत हुन माओवादी केन्द्रभित्रका इमान्दार क्रान्तिकारीहरूलाई आव्हान गर्नुभएको छ ।



फागुन २ देखि फागुन ७ गते सम्मको दुर्वाच्य

रामचन्द्र हुमागाई



# वाम (ए), कता ! भ्यागुताको धार्नी !

**फागुन २ गते ।** त्रिशुली नदीले अर्को सचिव खायो । सिँचाई सचिव रामानन्द यादव स्वयंले चलाएको जिप राती ३ वजे त्रिशुली नदीमा खसेको र उनकी भान्जी उन्नती गुप्ता समेतको मृत्यु भएको प्रहरीले जनाएको छ । उनका छोरा भने वेपत्ता छन् । उनी रातारात किन काठमाडौं आए भन्ने कुराको खोजि गर्दा कपिलबस्तुमा छोरी डा. रञ्जनाको विवाहको कुरा छिनेर भोलिपल्ट कार्यालयको काम सम्हान्न आफैं गाडी चलाएर काठमाडौं आउँदै थिए । राती निद्राले सताएको र गाडिको रफ्तार पनि निकै भएकोले नियन्त्रणभन्दा बाहिर गएर गाडि त्रिशुलीमा खसेको हुनसक्ने प्रहरीले जनाएको छ । यो भन्दा अगाडि पनि गृह सचिव देखि खिलराज रेग्मीको सरकारमा गृहमन्त्री बनिसकेका माधव घिमिरेको पनि यसै गरि त्रिशुलीमा गाडि खसेको र उनी अहिलेसम्म वेपत्ता रहेको कुरा प्रहरीको फायलमा दर्ज गरिएको छ ।

**फागुन ३ गते ।** निकै समय देखि रस्साकस्सी रूपमा वाम एकताको वहस चलिरहेता पनि आजसम्म एकता होइन 'ए, कता' भैरहेको छ । यो ए, कतालाई नजिकबाट नियालेर हेर्नेहरूका अनुसार, 'यो एकता हुनै सक्तैन, भैहाल्यो भने पनि लामो समयसम्म टिक्नै सक्तैन' भनिरहेका छन् । यसो हुनाका कारण अरु थुप्रै भएता पनि एमाले अमेरिकी मोडालिटिमा बनेको र चलेको पार्टी हो भने माओवादी केन्द्र १७ हज्जार मानिसको रगतमा चिप्लेटी खेल्दै त्यहाँसम्म पुगेको पार्टी हो । त्यसैले यि दुबैलाई मिल्न नदिने भूमिगत तत्व यिनै दुईपार्टी भित्र छ र मिले पनि पार्टी फुटाएर अलग्गै गुट बनाउँने योजनामा रहेको बुझिएको छ ।

**फागुन ४ गते ।** मन्त्रीहरूको रबैया देख्ता यिनीहरू नेता हुन कि सरकारी डाँका हुन भन्नैपर्ने भएको छ । औषधि उपचारको नाममा करोडौं खर्च गर्न यिनीहरू कहिल्यै पछि पर्दैनन् । 'यस्तो खर्च गर्न पाँइदैन' भन्दै यो भन्दा अगाडिका स्वास्थ्य मन्त्री गगन थापाले नियम वनाउँदा पनि कार्यान्वयन गर्नुको साटो उल्टो फजुल खर्च गरेर प्रधानमन्त्री शेरबहादुर देउवाले सरकारी ढुकुटीलाई 'उल्फाको धन फुपुको श्राद्धमा' भने झैं खर्च गरेर यो भन्दा अगाडिको रेकर्डनै तोडिरहेका बेला पूर्वजनसँख्या तथा वातावरण मन्त्री विश्वेन्द्र पासवानले करोडको नजिक नजिक पुग्ने गरि खर्चको विल पेश गरेको जानकारीमा आएको छ । यसरी गरिने खर्च रोकेर भूकम्पपीडिलाई त्यो रकम उपलव्ध गराउँनु पर्ने आवाज उड्न थालेको छ ।

**फागुन ५ गते ।** केन्द्रीय राजधानी काठमाडौं समेतलाई समेटेर बनाइएको प्रदेश नं. ३ को मूख्य मन्त्रीमा मकवानपुर कै नेता डोरमणि पौडेल मनोनित छन् । एमाले भित्रको गुठबन्दीका कारण पौडेलले यो अबसर पाएका हुन् । यो भन्दा अगाडि राजेन्द्र पाण्डे (धादिङ) र अष्टलक्ष्मी शाक्य (काठमाडौं) को नाम निकै चार्चामा थियो । पौडेल मूख्यमन्त्री भएपछि अष्टलक्ष्मी शाक्यले त मुखै फोरेर भनिसकिन्, 'म गुटबन्दीको शिकार भएँ' भनेर तर राजेन्द्र पाण्डेले भने मुख फोरेका छैनन् । सायद कतै व्यापारको शिलशिलामा औषधी र अस्पतालको कारोवारमा व्यस्त रहेर होला ।

**फागुन ६ गते ।** शेरबहादुर देउवाले निर्वाचन हारेको दुइमहिनापछि बल्ल कुर्सी छाडेर एमालेका अध्यक्ष के. पीं ओली प्रधानमन्त्री भएका छन् । एकै दिन राजिनामा र एकैदिन नयाँ प्रधानमन्त्री बनेको सायद यो पहिलो नै होला तर बहुमतको सरकारको प्रधानमन्त्री बनेको भने यो तेश्रो पटक हो । यो भन्दा अगाडि २०१५ सालमा नेपाली काँग्रेसका नेता वी.पी. कोइराला बहुमतीय सरकारको प्रधानमन्त्री बनेका थिए । त्यसपछि २०४८ सालमा उनैका भाइ गिरिजाप्रसाद कोइराला बहुमतीय सँसदको प्रधानमन्त्री भएता पनि 'भाइफुटे गवार लुटे' भने झैं आफ्नै पार्टीको झगडाले गर्दा सँसद विघटन गरिएको थियो । के.पी. ओलीलाई यो अवस्था नआओस भन्नेहरू थुप्रै छन् ।

**फागुन ७ गते ।** के.पीं ओली प्रधनामन्त्री भएपछि दक्षिण र उत्तर दुवैतिरका छिमेकीहरू हसकार्य गर्न झुम्मिएका छन् । हाम्रो जस्तो सानो देशमा उनीहरूको झुम्याइ रहश्यमय छ । यो रहश्यलाई बुझेर देशको हीतमा लगाउँन सकियो भने त्यसको अर्थ रहन्छ, होइन यो भन्दा अगाडिका प्रधानमन्त्रीहरूले झैं बाँकी रहेका नदीनाला पनि बिक्री गर्दै जाने को भने के. पींको पनि त्यही हालत हुन्छ, जुन एम. पीं, वी.पी. र जि.पीं को भएको छ ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रौतहट
बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस

गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
गाईघाट सम्पर्क नम्बर
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति
रिजर्भ गाडिका लागि सम्पर्क
टाटासुमो बोलेरो
सानोभाई फलफूल एण्ड जुस भण्डार
यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चावहिलसम्मको टिकट पाइन्छ ।

## आलोपालो

# महान् जनयुद्ध– जिन्दावाद !



● लक्ष्मी मुड्भरी

यसपटको २३औं जनयुद्ध दिवस क्रान्तिकारी माओवादीले दशैंभर भव्य रूपमा मनायो । कतिपय ठाउँमा नेकपासँग संयुक्त रूपमा पनि मनायो । फाल्गुन १ नेपाली सर्वहारा वर्ग र आम उत्पीडित जनसमुदायको एक ऐतिहासिक दिन हो । सदिऔंदेखि नेपाली सर्वहारा वर्गको राजनीतिक पार्टीद्वारा योजनाबद्ध र सचेत रूपमा शासकहरूको नामोनिशान मेटाइदिने हाँक दिइएको दिन । यसर्थ यो दिन नेपाली श्रमजीवी आम उत्पीडित वर्गका लागि इतिहासमा बारम्बार स्मरणीय एवं उल्लासभाव पैदा गरिरहने गौरवपूर्ण दिन हो ।




सदियौंदेखि नेपाली समाजलाई आन्तरिक रूपमा सामन्तवादी आर्थिक, सामाजिक र सांस्कृतिक उत्पीडनले गाँजिरहेको थियो भने बाह्य रूपमा भारतीय विस्तारवादी हैकमले उठ्न नसक्ने गरी थिचिरहेको थियो । सामन्तवादी र विस्तारवादी दुई ठूला पहाडले थिलथिलो अवस्थामा पुगेको नेपाली समाज अशिक्षा र गरिबीको भूमरीमा फसिरहेको थियो । सामन्तवादी उत्पीडनले जरो गाडेकोले देशमा आर्थिक रूपले धनी र गरिब बीच सामाजिक रूपले, भूगोलका दृष्टिले विकसित र अविकसित क्षेत्रहरूका बीच निकै ठूलो विभेद बढिरहेको थियो । समाजमा आर्थिक, समाजिक, सांस्कृतिक र भाषिक रूपले निकै ठूलो असुरक्षाको वातावरण व्याप्त थियो । ०४६ सालको राजनीतिक परिवर्तनले पनि श्रमिक जनसमुदायको जीवनमा बदलाव ल्याउनुको साटो शोषणको नयाँ रूपद्वारा जनतामाथि लुटपाट र विभेद जारी रह्यो । समाजमा जारी सामन्ती उत्पीडनको सबभन्दा चर्को मार समाजका आर्थिक रूपले सबभन्दा विपन्न वर्गले खेपिरहेको थियो । खासगरी दलित, महिला, मधेसी, मुस्लिम र जनजातिहरू राज्यसत्ताबाट उपेक्षित थिए तर त्यसमा पनि आर्थिक रूपले सम्पूर्ण अधिकार खोसिएका महिलाहरूको अवस्था सबभन्दा बढी दयनीय थियो । सभ्य समाजमा सामाजिक कानुनी मान्यता पाएको शैक्षिक अधिकार जस्तो नैसर्गिक अधिकारबाट महिलाहरू बन्चित थिए । दशवर्षे जनयुद्धका बाबजुद आर्थिक रूपले आजसम्म पनि परनिर्भरताको अवस्था कायम छ ।

महिलाहरूको सम्पूर्ण स्वत्व पुरुषको काबुमा थियो । उपेक्षित जाति जनजातिहरू मधेसी, मुस्लीम, दलित, महिलाहरूको आफ्नो स्वतन्त्र पहिचान गुमेको अवस्था विद्यमान रहेको अवस्थामा तत्कालिन नेकपा (माओवादी) ले ०५२ साल फागुन १ गतेबाट उद्घोष गरेको जनयुद्धको सम्पूर्ण श्रमजीवी, उत्पीडित वर्ग र समुदायमा अधिकार र स्वत्वको चेताना फैलायो । जीवनमा दुःखी हुनुको दोष भाग्य नभएर नीति निर्माणको तहमा बसेर देश चलाउनेहरू हुन् भन्ने कुरा स्थापित गरेर जनतालाई आफ्ना शत्रुहरूको पहिचान खुलाइदियो । जसको परिणाम दिन दुगुणा रात चौगुणा जनताको बीचमा माओवादी पार्टी लोकप्रिय बन्दै गयो । हजारौं हजार मान्छेहरू सामन्ती साङ्लाहरू तोडेर आफ्नो स्वतन्त्र पहिचान र मुक्तिका लागि जनयुद्धमा सामेल भए । आफ्नो वर्ग र पहिचान र मुक्तिका लागि जनयुद्धमा सामेल भए । आफ्नो वर्ग र समुदायको मुक्तिको सवाललाई हजारौं मान्छेहरूले आफ्नो जीवनभन्दा प्यारो बनाए । सामन्तवाद र विस्तारवादको जन्जीरबाट मुक्तिका लागि सिंगो देश एकढिक्का भयो । जसको फलस्वरूप सामन्ती राज्यसत्ता आफ्ना हज्जारौं दुस्साहशिन हतकण्डाका बावजुद जनताको तागतका अगाडि टिक्न सकेन र अन्ततः पराजित भयो ।

इतिहासको विडम्बना हजारौंहजार सपूतहरूको उदात्त भावनासहितको बलिदानले जन्माएको लोकतान्त्रिक गणतन्त्र फेरि पनि उही दलाल नोकरशाहहरू, सामन्त र जमिन्दारहरूकै कब्जामा परेको छ । महान् जनयुद्धको मूल नेतृत्वले दलाल, सामन्तहरूको हातबाट सत्ता पूर्णरूपले छिनेर लिने साहस गर्नुको साटो तिनका सामु खुट्टा कमाउँदा महान् जनयुद्धले सेटब्याक खानु परेको छ । सत्तामा प्रतिक्रान्तिकारीहरू हावी छन् । श्रमिक जनसमुदायको चेतनामा बाहेक जीवनमा आधारभूत परिवर्तन आउन सकिरहेको छैन । देशमा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा (विचौलिया) दलाल प्रवृत्ति हावी भएको छ । बेरोजगारी व्याप्त छ । यसको व्याख्या यहाँ गरिरहन सायद आवश्यक पर्दैन । जनतामा देशको स्थिति छर्लङ्ग छ । क्रान्ति पराजित भएको यो बेलामा महान् जनयुद्धको महत्वलाई न्यूनीकरण गर्न र यसको महत्वलाई सिध्याउनका लागि यसका एकाध नकारात्मक पक्षहरूलाई उचालेर यसको महानतामाथि प्रहार गर्ने कोशिस भईरहेको छ । खबरदार ! जनयुद्धका महान पक्षधरहरूलाई ओभेलमा पार्ने तिम्रा सबै हथकाण्डहरू निष्फल सावित हुनेछन् । जनयुद्धको हारबाट आत्मरति लिने तिम्रा सपनाहरू तुहिनेछन् । यो आत्मरति क्षणिक हुनेछ र अन्ततः जनयुद्धको विजय हुनेछ । सम्पूर्ण क्रान्तिकारीहरू एकढिक्का भई फेरि क्रान्तिको मसाल बाल्नेछन् र दशवर्षे महान जनयुद्ध, ती महान वीर वीरङ्गनाहरूका सपना साकार भइछाड्ने छन् । महान् जनयुद्धको उद्घोष भएको २३औं वार्षिकोत्सवको ऐतिहासिक घडीमा क्रान्तिप्रतिको संकल्पका साथ क्रान्तिकारीहरूले दृढविश्वासका साथ उद्घोष गरौं- महान् जनयुद्ध जिन्दावाद-जिन्दावाद-जिन्दावाद !!!

पेट्रोलियम पदार्थमा शुद्धता !
हाम्रो प्रतिबद्धता !!
नेपाल आयल निगम
केन्द्रीय कार्यालय बबरमहल, काठमाडौं

### मिलेराँवाद...

गरेको मन्त्रिमण्डलीय संसदवादी समाजवाद नेपालमा स्थापना गर्ने हल्ला मच्चाइरहेका छन् र यो बाहेक नेपालमा वैज्ञानिक समाजवादका बारेमा जान्ने कोही पनि छैनन् भन्ने जस्तो गरी छाती फुल्याएर कुर्लिरहेका छन् । वास्तविकता त्यस्तो यहाँ त महान् नेपाली नयाँ जनवादी क्रान्ति बाँकी कार्यभार पूरा गरेर जनताको जनवादी अधिनायकत्व हुँदै वैज्ञानिक समाजमा पुगेर मात्र वैज्ञानिक साम्यवादमा पुग्ने बाटो तय गर्नुपर्ने छ र क्रान्तिकारी माओवादी कम्युनिष्टहरू त्यो कठिन र गहन कार्यमार काँधमा राखेर अगाडि बढिरहेका छन् ।

दक्षिणपन्थी संशोधनवाद, नवसंशोधनवाद नेपाली क्रान्तिको बाधक बन्दै आएको छ । संसदवाद, मन्त्रिमण्डलवाद नेपाली क्रान्तिको बाधक बन्दै आएको छ । र आज दक्षिणपन्थी संशोधनवाद तथा नवसंशोधनवाद नेपालमा हावी बन्दै आएको छ । अझै अगाडि बढेर हेर्दाखेरि मिलेरावादीहरू र ए.खूश्चोभपन्थीको हैकम चलिरहेको छ । यस तत्वहरूलाई परास्त गरेर नै महान् नेपाली क्रान्ति विजयको शिखरसम्म पुऱ्याउन सकिने छ ।

यहाँनेर मनन गर्नुपर्ने कुरा के छ भने अलेक्साँन्द्रासतउयन मिलरा पनि कम्युनिष्ट नै थिए । कलंकाउत्स्की पनि पहिलो कम्युनिष्ट नै थिए । निकिता ख्रश्चोभ पनि पहिलो कम्युनिष्ट नै थिए । पनि प्रतिक्रान्तिकारी बनेर विश्व कम्युनिष्ट आन्दोलनमा गरी क्षति पुऱ्याउन पुगे ।

नेपालका केपी शर्मा ओलीहरू पनि पहिलो कम्युनिष्ट नै थिए र झापा विद्रोहमा सरिक भएका थिए । पुष्पकमल दाहाल प्रचण्ड पनि पहिले कम्युनिष्ट नै थिए । दशवर्षे जनयुद्धको नेतृत्वसमेत गरेका थिए । अहिले उनीहरू संसदवादी संशोधनवादी भएर मिलरावाद र खुश्चोभवादको जामा पहिरिएर नेपाली आँगनमा छमछमी नाचेर नेपाली जनतालाई झुक्याउँदै छन् सबैले बेलैमा विचार पुऱ्याउन र तिनीहरूलाई चिन्न जरुरी छ ।

### नयाँ ढंगले...

बोक्न तयार हुनुपर्छ ।"

एकातिर नवउदारवादी अर्थनीति र संसदवादीहरू बीचको सत्ताको खिचातानी र अर्कोतिर राष्ट्रियता, जनतन्त्र र जनजीविकाकाको बढ्दो समस्याका कारण क्रान्ति अपरिहार्य हुन गएको भन्दै सर्वहारावर्गीय क्रान्तिले मात्रै विद्यमान समस्याहरूको वास्तविक समाधन गर्ने विचार व्यक्त गर्नुभयो ।

नयाँ, सिर्जनशिल र मौलिक शब्दबाट सचेत रहनुपर्ने भन्दै महासचिव किरणले नयाँ भन्नेहरूले मालेमावादको विचार सिद्धान्त परित्याग गरेर कम्युनिष्ट आन्दोलनबाटै विचलित हुन पुगेको बताउनु भयो । सिर्जनशिलता, मौलिकताको नाममा प्रचण्ड र बाबुरामले आत्मसमर्पणवाद र विसर्जनवाद हुँदै प्रतिक्रियावादतिरको यात्रा गर्न पुगेको भन्दै महासचिव किरणले यसबाट क्रान्तिकारीहरूले गम्भीर शिक्षा लिएर अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रमलाई सम्बोधन गर्दै नेकपाका स्थायी समिति सदस्य सुदर्शन ओलीले सशस्त्र क्रान्ति विना परिवर्तन सम्भव नरहेको विचार व्यक्त गर्नुभयो । क्रान्तिका निम्ति क्रान्तिकारीहरूबीचको एकता तथा ध्रुवीकरण अपरिहार्य रहेको बताउँदै नेता सुदर्शनले क्रान्तिकारीहरूलाई एकताबद्ध बनाउने गरी कार्यदिशामाथि बहस गर्न आफ्नो पार्टी तयार रहेको कुरा बताउनु भयो ।

माओवादी केन्द्र परित्याग गरेका नेता लोकेन्द्र विष्टले प्रचण्डमा खाराको कारबाहीदेखि नै विचलन देखापरेको दावी गर्दै प्रचण्डले माओवादी केन्द्रलाई एमालेमा विलय गराउने अन्तिम तयारी गरिरहेको बताउनु भयो । प्रचण्डको ओलीकरण भएपछि क्रान्तिकारीहरूका लागि मैदान खाली रहेको भन्दै विष्टले छरिएर रहेका सबै क्रान्तिकारीहरू एकजुट भएर क्रान्तिको प्रक्रियालाई अगाडि बढाउनु पर्ने र त्यसको लागि कमरेड किरणले पहलकदमी लिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

माओवादी केन्द्रको एमालेकरणका विरुद्ध विद्रोह गरिरहेका नेता गोपाल किरातीले जनताको गणतन्त्रका लागि फेरि क्रान्ति आवश्यक रहेको कुरा बताउनु भयो । अर्का नेता विश्वभक्त दुलाल आहुतीले माओवादी केन्द्र वैचारिक रूपमा विघटित र विसर्जित अवस्थामा पुगेको भन्दै भुमण्डलीकृत साम्राज्यवादका विरुद्ध सर्वहारावर्गीय क्रान्तिलाई अगाडि बढाउन कार्यदिशामाथि पर्याप्त बहस गरेर क्रान्तिकारीहरू एकताबद्ध भएर क्रान्तिको प्रक्रियालाई अगाडि बढाउनुपर्ने धारणा राख्नुभयो ।

क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य रामसिंह श्रीसले अध्यक्षता गरेको उक्त समारोहको संचालन नेकपाकी पोलिटब्यूरो सदस्य उमा भूजेलले गर्नुभएको थियो । सम्बोधनको बीच बीचमा सामना साँस्कृतिक परिवारका कलाकारहरूले क्रान्तिकारी गीत तथा नृत्य प्रस्तुत गरेका थिए ।

### जनयुद्धका...

हतियार कब्जा गरेको थियो । बोलाएर आक्रमण गर्ने तरिकाअनुसार नै मङ्सिर १ र २ गते बाँकेको खैरीखोलामा जनमुक्ति सेनाको एउटा टुकडीले लगातार पुरानो सत्ताको सेना र सशस्त्र प्रहरीसँग भिडन्त गऱ्यो । उक्त भिडन्तमा आफ्नोतर्फ बिनामानवीय क्षति जनमुक्ति सेनाले सशस्त्र प्रहरीका ८ थान एसएलआर र एक थान ५१ एमएम मोर्टार कब्जा गर्न सफल भयो । जनसेनालाई लखेट्न भनेर अप्रेसनको व्यापक सरजामसहित गएको यो टुकडीलाई 'एन्टी अप्रेसन प्लान' मा जनसेनाले आक्रमण गरेको थियो । भिडन्तमा शाहीसेनातर्फ ९ जना र जनमुक्ति सेनातर्फ ११ जनाको क्षति भयो । यसक्रममा शाहीसेनाले भीषण हवाई हमलासमेत गरेको थियो । तर शाहीसेनाको केही जोर चलेन । उनीहरू पछाडि हटे । कारबाहीबाट जनमुक्ति सेनाले उनीहरूको साथमा रहेका अत्याधुनिक हतियारहरू १ थान एम १६ कोल्ट कमान्डो, १ थान ४० मिमी लन्चर सेट एम १६ तथा ४ थान एम १६ ए टु गरी कुल ६ थान एम १६ कब्जा गरेको थियो ।

मङ्सिर ३० गते अर्घाखाँचीको सिद्धधारा दोबाटोमा योजनाबद्ध फायर एम्बुसद्वारा गस्तीमा निस्केको शाहीसेनाको पैदल फोर्समाथि जनमुक्ति सेनाले अर्को हमला गऱ्यो । पूर्व-पश्चिम राजमार्गमा गरिएको यो आक्रमणबाट जनसेनाले शाहीसेनाको साथमा रहेका १ थान एलएसडब्लू र ८ थान इन्सास राइफल कब्जा गऱ्यो । यो हमलामा जनमुक्ति सेनातर्फ कुनै पनि मानवीय क्षति भएन । शाहीसेनातर्फ १९ जनाको घटनास्थलमै क्षति भयो ।

पुस १७ गते धनकुटाको लेउतीखोलामा जनमुक्ति सेनाले शाहीसेनाको एउटा टुकडीमाथि अर्को एउटा हमला गऱ्यो । फायर एम्बुसको तरिकाले गरिएको यो हमला सडकलाई अवरुद्ध बनाएर बोलाएर गरिएको थियो । शाहीसेनाको टुकडीलाई नजिकभन्दा नजिक आउन दिएर गरिएको यो आक्रमणमा दुवै पक्षबीच गुत्थमगुत्थाको लडाइँसमेत भएको थियो । शाहीसेनाले घटनास्थल आउनुपूर्व निकै ठूलो बमबार्ड गरी एरिया क्लियरको कारबाही गरेको थियो । त्यसका बाबजुद पनि जनसेनाले आफूलाई उद्देश्यमा अविचलित राखेर आक्रमणका लागि कुरेर बसेको थियोस जसको परिणाम नै लडाइँमा जनसेना शानदार विजयी भयो । यो लडाइँमा जनसेना शाहीसेनाका दर्जनौं अत्याधुनिक हतियार खोस्न सफल भयो । शाहीसेना र प्रहरीतर्फ भने दर्जनौंको क्षति भयो ।

**भारतीय प्रविधिविरुद्धको हमला पिली, कालीकोट**

२०६२ साउन २३ गते पिलीमा रहेको शाहीसेनाको ब्यारेकमाथिको भीषण आक्रमण गरी अत्यन्त शानदार सफलता हासिल गरिएको थियो । पिली कारबाही एकातिर जनयुद्धको आन्तरिक जीवनका उपर्युक्त प्रश्नहरूको जबाफ थियो भने अर्कोतिर जनयुद्धको इतिहासमै सबैभन्दा धेरै स्वचालित हतियार कब्जाको कारबाही बन्न पुग्यो । जनसेनाद्वारा 'दिउँसै जीपीएमजी र ८१ मिमी मोर्टारबाट आक्रमणको सुरुआत गरिएको थियो । त्यसपछि एसल्ट ग्रुपहरू क्याम्पको तीनतिरबाट घेराबन्दी गर्दै (एक साइडमा भीर भएकाले) अघि बढेका थिए । लडाइँमा जनमुक्ति सेनातर्फ दुई दर्जनभन्दा बढी र शाहीसेनातर्फ १५९ जनाको मानवीय क्षति भयो । ६४ जना शाहीसेनालाई जनसेनाद्वारा बन्दी बनाइयो । उनीहरूलाई केही समयपछि ससम्मान छोडिएको थियो । कारबाहीबाट १ थान ८१ मिमी मोर्टार, १ थान जीपीएमजी, टुइन्च मोर्टार २ थान, एसएमजी २ थान, ब्राउनिङ २ थान, एसएलआर ८० थान, इन्सास ७० थान र एलएमजी २० थान कब्जा भएका थिए ।

**शाही निरक्तुशताविरुद्ध प्रतिरोधको सन्देश तानसेन आक्रमण, पाल्पा**

चुनबाङ बैठकले ढाडमा टेकेर टाउकोमा हान्ने नीति पारित गऱ्यो । मध्यक्षेत्रले मुख्यतः राजधानी आसपास, पूर्व र पश्चिमले पूर्व-पश्चिम राजमार्गलाई युद्धक्षेत्र निर्धारण गरी सैन्य कारबाहीका स्थानहरूसमेत छनोट गरिए । यो परिभाषामा सिङ्गो योजनाको केन्द्रीय टाउको राजधानी थियो भने कमान्ड, क्षेत्र र जिल्लाका टाउकाहरू पनि सापेक्षित रूपमा निर्धारण गरिएका थिए । सामान्यतः सहर, सदरमुकाम र सडक टाउकाको परिभाषामा राखिएका थिए । त्यसअन्तर्गत पश्चिम कमान्डको गण्डककेन्द्रित जनमुक्ति सेनाले पाल्पाको सदरमुकाम आक्रमण गरेको थियो । यो आक्रमणपूर्व गण्डक केन्द्रित जनमुक्ति सेनालाई शाहीसेनाले निकै ठूलो घेराबन्दी गरिरहेको थियो । पैदल र हवाई हमलाहरू दिनहुँजसो भइरहेका थिए । त्यही आक्रमण र घेराबन्दीकै बीचबाट गरिएको यो आक्रमण भएको थियो । यो अवधिमा देशभरि अरू सयौं सानाठूला कारबाहीहरू भएका थिए । राजधानीको थानकोट र दधिकोटमा तथा सर्लाही जिल्ला सदरमुकाम मलङ्गवामा गरिएका हमलाहरू पनि निकै उच्चस्तरका थिए । तर ती सबैको नेतृत्व तहमा भने पाल्पा आक्रमण नै रहन गएको थियो ।

*(उदयबहादुर चलाउने 'दीपक' को 'जनयुद्ध र जनमुक्ति सेना : संक्षिप्त सिंहावलोकन' पुस्तकबाट)*

### २३औं...

शहीद कामी बुढा, झापा आन्दोलनका रामनाथ दाहाल लगायतका महान शहीदहरू, दश वर्षको जनयुद्धका क्रममा फागुन १४ गते शहादत प्राप्त गर्न हुने दिलबहादुर रम्तेल लगायत बाऱ्ह हजारभन्दा बढी महान् शहीद, बेपत्ता बनाइनु भएका तत्कालिन केन्द्रीय सदस्य दण्डपाणी न्यौपाने लगायत हज्जारौं बेपत्ता योद्धा तथा घाइते योद्धाहरूको त्याग, वीरता र बलिदानको जगमा खडा भएको यो आंशिक परिवर्तनलाई पूर्णतामा पुऱ्याउन हामी बाँचेकाहरूले त्यसमा पनि क्रान्तिकारीहरूले उहाँका योगदानहरूका उच्च तवरबाट सम्मान गर्न आवश्यक छ ।

संसदवादी, सुधारवादी हावाहुरीका कारण यताकतै लागेका शहीद, बेपत्ता योद्धा परिवारजन तथा घाइते योद्धाहरूलाई मेहनतपूर्वक भेटघाट गर्नु आवश्यक छ । वहाँहरूसँग छलफल गर्न आवश्यक छ । र भन्न पनि आवश्यक छ किनकि शहीद, बेपत्ता योद्धाहरूको योगदानबाट प्राप्त अधिकार मात्र होइन रगत पसिनासमेत प्रचण्ड र बाबुरामहरूले बेचेर खाइसके किनकि वहाँहरूले रगत बगाएको बुर्जुवा गणतन्त्रको लागि होइन । यो त जनगणतन्त्रको लागि हो । वैज्ञानिक समाजवाद हुँदै साम्यवाद स्थापना गर्नका लागि हो । यो कुरा भेटघाट, छलफल र अन्तर्क्रियाका क्रममा सम्प्रेषण गरौं । शहीद, बेपत्ता योद्धा र घाइते योद्धा भनेको क्रान्तिका गहना हुन । सुधारवाद र संसवादको पछी लागेर वहाँहरूको सम्मान होइन अपमान हुन पुग्दछ भन्ने कुरा हामी क्रान्तिकारीहरूले बुझाउन सक्नु पर्दछ । यही नै यतिबेलाको आवश्यकता हो ।

हार्दिक बधाई



यस समितिका अध्यक्ष एवं जुझारु युवा यातायात व्यवसायी **श्री भुवन भुसाल** यही २०७४ माघ १७, १८ र १९ गते चितवनमा सम्पन्न नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघको पाँचौं महाधिवेशनबाट गरिमामय केन्द्रीय सदस्य पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं । साथै उहाँको कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

शिवबहादुर बुढाथोकी (कोषाध्यक्ष) बसन्त खड्का (सदस्य)
बसन्त भुसाल (सदस्य) छविराज शर्मा (सदस्य)
द्रोणबहादुर वली (स्वास्थ्य सल्लाहकार) मदनकुमार श्रेष्ठ (कार्यालय प्रमुख)
चेतमान सेजवाल (चेकिएर) विकास थापा (चेकिएर)
पूर्णबहादुर थापा (स्वयमसेवक)

एवं राप्ती अञ्चल साना मालवाहक यातायात व्यवसायी समिति परिवार तुलसीपुर, दाङ

साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड द्वारा प्रवर्द्धित STC ग्याँस



तौल पूर्ण, सुरक्षा सम्पूर्ण

- ISI स्टाण्डर्डको भित्र बाहिर रबर कोट र बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुन: प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्युटर प्रविधिबाट चल्ने प्लान्ट, तौलमा सोहै आना ढुक्क हुनुहोस्

मेट्रो काठमाडौं ग्यास इण्डस्ट्रिज लिमिटेड
जुंगे खोला, धादिङ
सम्पर्क कार्यालय कालिमाटी, काठमाडौं
फोन: ४२८६९१६, सनराईज बैंक रहेको भवनको माथिल्लो तल्ला
ईमेल: metro@stcnepal.com



साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरु

**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।